# सिरहा जिल्लाको
# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
# २०७९




Projection System: MUTM Spheroid: Everest 1830
LLRC 2016

## जिल्ला विपद् व्यवस्थापन समिति सिरहा

**प्राविधिक सहयोग : नेपाल रेडक्रस सोसाइटी सिरहा जिल्ला शाखा, सिरहा**

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा

☎ ५२००३२
फ्याक्स ५२००९९

प.सं. :- ०७९/०८०
च.नं.

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा

मितिः २०७९/०४/३०

## मन्तव्य

" **जे परिआउँछ त्यही समय गरौंला** " भन्ने लोकोक्तिले विपद्को समयमा काम गर्दैन । तसर्थ, सिरहा जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९ अद्यावधिक गरी कार्यान्वयनमा आएको छ । सिरहा जिल्ला पनि नेपालका अन्य जिल्ला जस्तै विपद्को जोखिममा रहेको देखिन्छ । हावाहुरी, आगलागी, बाढी, चट्याङ्ग जस्ता विपदबाट विगतका वर्षमा धनजनको निकै क्षति भएको उदाहरणहरु छन् । त्यसैले विपद् व्यवस्थापनमा प्रभावकारीता ल्याई आवश्यक पूर्व तयारी गर्ने, विपद्का घटनालाई प्रतिकार्य गर्ने जिम्मेवार निकायहरुका वीच समन्वय कायम गरी उद्धार, राहत तथा पुन: स्थापना/पुन: निर्माणमा काम गर्न यस योजनाको निर्माण भएको हो ।

योजनाले एकातर्फ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, शीतलहर तथा जाडो आपत्कालीन कार्य योजना र आगलागी नियन्त्रण योजनाका लागि मार्गदर्शन (Guidline) प्रदान गरेको छ भने अर्कोतर्फ स्थानीय सरकार तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहयोगका पक्षलाई उचित स्थान (Space) समेत दिएको छ । मानवीय वा प्राकृतिक दुवै प्रकारको विपदले धनजनको ठूलो क्षति पु-याउँदछ । क्षतिमा कमी ल्याई मानवीय जीवनमा सहजता प्रदान गर्ने उद्देश्यमा योजना कार्यान्वयनले सफलता प्राप्त गर्ने विश्वास लिएको छ ।

..................................
लालबाबु कवारी
प्रमुख जिल्ला अधिकारी
एवं
अध्यक्ष
जिल्ला विपद् व्यवस्थापन समिति
सिरहा

# संक्षिप्त रुपहरु (Abbreviations)

| छोटो रुप | पूर्णरुप |
|---|---|
| प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाइटी |
| न.पा. | नगरपालिका |
| गा.पा. | गाउँपालिका |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| गै.स.स. | गैर सरकारी संस्था |
| कि.मि. | किलो मीटर |
| प्रा.स्वा.के. | प्राथमिक स्वास्थ्य केन्द्र |
| DDMC | District Disaster Management Committee |
| LDMC | Local Disaster Management Committee |
| NRCS | Nepal Red Cross Society |
| ICRC | International Committee of the Red Cross |
| OCHA | Office for the Coordination of Humanitarian Affairs |
| UNICEF | United Nation Children's Fund |
| SAR | Search & Rescue |
| MIRA | Multiple Initial Rapid Assessment |
| CCCM | Camp Coordination & Camp Management |
| MOU | Memorandum of Understanding |
| SAM | Severe Acute Malnutrition |
| IED | Improvised Explosive Device |
| UXO | Unexploded Ordinance |
| GBV | Gender-Based Violence |
| RCAT | Red Cross Action Team |
| DDRT | District Disaster Response Team |
| NDRT | National Disaster Response Team |
| ACT | Assessment coordination Team |
| CADRE | Community Action for Disaster Response |
| DLSA | District Lead Support Agency |
| SIP | School Improvement Plan |
| UNFPA | United Nations Population Fund |
| WHO | World Health Organization |
| UNHCR | United Nations High Commissioner for Refugees |
| WFP | World Food Programme |
| FAO | Food and Agriculture Organization |
| IOM | International Search and Rescue Advisory Group |

# विषय-सूची


| विषय | | | पृष्ठ |
|---|---|---|---|
| १ | पृष्ठभूमि | | |
| | १.१ | जिल्लाको संक्षिप्त परिचय | १ |
| | १.२ | योजनाको पृष्ठभूमि (विपद्को संक्षिप्त स्थिति, योजनाको आवश्यकता, औचित्य) | ५ |
| २ | विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको उद्देश्यहरु, रणनीतिहरु र प्राप्त हुने अपेक्षित उपलब्धिहरु | | |
| | २.१ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्नका उद्देश्यहरु | ७ |
| | २.२ | योजना तयार गर्न अपनाइएका रणनीतिहरु | ८ |
| | २.३ | योजना तयार भएपछि प्राप्त हुने अपेक्षित उपलब्धीहरु | ८ |
| ३ | विपद् जोखिमको अवस्थाहरु | | |
| | ३.१ | विगतका विपद्हरुको विश्लेषण | ९ |
| | ३.२ | कानुनी,नीतिगत तथा संस्थागत व्यवस्था | १२ |
| | ३.३ | प्रमुख प्रकोपहरु र प्राथमिकतामा रहेका प्रकोपहरु | १३ |
| | ३.४ | बाढीको आंकलन तथा सम्भावित प्रभावक्षेत्रको प्रभाव | १५ |
| | ३.५ | प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विश्लेषण | १७ |
| | ३.६ | सरोकारवाला संस्थाहरु | २० |
| | ३.७ | विषयगत क्षेत्रहरु | २३ |
| ४ | सामान्य पूर्वतयारी योजना | | |
| | ४.१ | समन्वय, खोजी, उद्धार, राहत तथा सूचना व्यवस्थापन | २९ |
| | ४.२ | आपत्कालीन आवास तथा गैह्र खाद्यय सामाग्री | ३० |
| | ४.३ | स्वास्थ्य तथा पोषण | ३२ |
| | ४.४ | खानेपानी, सरसफाइ तथा स्वच्छता | ३४ |
| | ४.५ | बन्दोवस्ती | ३६ |
| | ४.६ | शिक्षा | ३८ |
| | ४.७ | संरक्षण | ४० |
| | ४.८ | खाद्य सुरक्षा | ४३ |
| ५ | आपत्कालीन प्रतिकार्य योजना | | |
| | ५.१ | मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना | ४४ |
| | ५.२ | शीतलहर/जाडो पूर्वतयारी तथा प्रतिकार्य योजना | ७७ |
| | ५.३ | आगलागी पूर्वतयारी तथा प्रतिकार्य योजना | ८० |
| ६ | आवश्यकताको लेखाजोखा (विषयगत क्षेत्र अनुसार) | | |
| | ६.१ | समन्वय, खोजी, उद्धार, राहत तथा सूचना व्यवस्थापन | ८५ |
| | ६.२ | आपत्कालीन आवास तथा गैह्र खाद्यय सामाग्री | ८९ |
| | ६.३ | स्वास्थ्य तथा पोषण | ९० |
| | ६.४ | खानेपानी, सरसफाइ तथा स्वच्छता | ९२ |
| | ६.५ | शिक्षा | ९२ |
| | ६.६ | संरक्षण | ९३ |


प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| | ६.७ | खाद्य सुरक्षा | ९४ |
| ७ | अन्य निकायहरुसंग समन्वय र सहकार्य | | ९४ |
| ८ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | | ९४ |
| ९ | क्षमता विकास | | ९४ |
| १० | लक्ष्य र सूचकहरु | | ९४ |
| ११ | समन्वय तथा व्यवस्थापन | | ९५ |
| १२ | अनुगमन, मुल्याकंन तथा सिकाइ | | ९६ |
| १३. | अनुसूचीहरु | | |
| | अनुसूची–१ | जिल्ला विपद् व्यवस्थापन समितिको कार्य शर्त | ९७ |
| | अनुसूची–२ | जिल्लाको क्षेत्रगत अगुवा संस्थाहरुका कार्य शर्त | ९८ |
| | अनुसूची–३ | स्थानीय विपद् व्यवस्थापन समितिको कार्य शर्त | १०० |
| | अनुसूची–४ | विपद् प्रारम्भिक द्रुत लेखाजोखा फारम | १०२ |
| | अनुसूची–५ | विस्तृत सर्वेक्षण (घरधुरी सर्वेक्षण) फारम | ११० |
| | अनुसूची–६ | सम्भावित प्रकोप र प्रकोप व्यवस्थापन सम्बन्धी अपनाउनु पर्ने विवरण /जानकारी पात्रो | ११५ |
| | अनुसूची–७ | कमला नदीको जलसतह र वर्षा थ्रेसहोल्ड | ११९ |
| | अनुसूची–८ | आपतकालिन प्रतिकार्य र उद्धार कार्यविधि | ११९ |
| १४. | सन्दर्भ सामग्रीहरु | | १२५ |


प्रमुख जिल्ला अधिकारी

## १. पृष्ठभूमि :

### १.१ जिल्लाको संक्षिप्त परिचय :

नेपालको सात प्रदेशहरु मध्ये मधेश प्रदेश अन्तर्गत रहेका आठ जिल्लाहरु मध्ये सिरहा जिल्ला पूर्ववाट दोश्रो जिल्लाको रुपमा पूर्व दक्षिण भुभागमा अवस्थित तराईको एक जिल्ला हो । यसको पूर्वमा सप्तरी, पश्चिममा धनुषा, उत्तरमा उदयपुर र दक्षिणमा भारतको विहार राज्यको मधुवनि जिल्ला पर्दछ । यस जिल्लाको सामान्य परिचय निम्नानुसार रहेको छ ।

| क्र. सं. | विषययवस्तु | परिचयात्मक विवरण |
|---|---|---|
| १ | अवस्थिति | • ८६°०६' पूर्वी देशान्तरदेखि ८६°२६' पूर्वी देशान्तर र २६°३३' उत्तरी अक्षांश देखि २६°५५' उत्तरी अक्षांश भित्र |
| २ | सीमा | • **पूर्व** : सप्तरी जिल्ला,<br>• **पश्चिम** : धनुषा जिल्ला,<br>• **उत्तर** : उदयपुर जिल्ला,<br>• **दक्षिण** : भारतको विहार राज्यको मधुवनी जिल्ला । |
| ३ | उचाइ | • समुद्र सतहदेखि ७६ मिटर (२४९.२८ फिट) देखि ८८५ मिटर (२९०३ फिट) सम्म |
| ४ | क्षेत्रफल | • १२२८ वर्ग किलोमिटर (नेपालको कूल क्षेत्रफलको ०.८३४ प्रतिशत) |
| ५ | भौगोलिक विभाजन | • चुरे क्षेत्र (नगन्य)<br>• भावर प्रदेश<br>• तराई ९० प्रतिशतभन्दा बढी |
| ६ | राजनीतिक विभाजन | • प्रदेश : मधेश प्रदेश<br>• संघिय निर्वाचन क्षेत्र : ४ वटा<br>• प्रादेशिक निर्वाचन क्षेत्र : ८<br>• नगरपालिका : ८<br>• गाँउ पालिका : ९ |
| ७ | प्रमुख नदीनाला | • **नदी :** कमला, घुर्मी, वलान, मैनावती, खुट्टी, गागन, सहजा, बतहा, जिवा, भेडवा, डिम्मा |
| ८ | भू–उपयोग (हेक्टरमा) | • खेतीयोग्य जमिन : ७१०११, (खेत- ६५८१०, बारी- ३६२४ र पाखो- १५७७) वनजङ्गल २७७०७.९५, ४७, चरन क्षेत्र १३१४ २, अवादी नभएको क्षेत्र : ७५८९, घडेरी तथा पोखरी-इनार : ६४३१.९५, नदीनाला तथा अन्य : ८७४२.८ |
| ९ | हावापानी सम्बन्धी विवरण | • उष्ण प्रदेशीय हावापानी<br>• गृष्मकालीन तापक्रम : ३२ देखि ४५ डिग्री सेल्सियस<br>• शीतकालीन तापक्रम : ८ देखि २० डिग्री सेल्सियस<br>• वर्षा : औसत १४६७ देखि १५५९ मिलिलिटरसम्म (८० प्रतिशत मनसुनी वर्षा गृष्म ऋतुमा) |
| १० | जनसङ्ख्या र | क) जनसङ्ख्या : ७,४८,४१६ (पुरुष ३,६९,०४९, महिला ३,७९,३६७- राष्ट्रिय जनगणना २०७८) |



प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| | जातजाति | ख) औसत आयु : ५६.१<br>ग) प्रतिव्यक्ति सरदर आय : ९,२५७ रुपैयाँ<br>घ) जातजाति :<br>● यादव ११.८१ प्रतिशत,<br>● कोइरी ७.७६ प्रतिशत,<br>● मुश्लिम ६.५८ प्रतिशत,<br>● तेली ५.०६%,<br>● ब्राह्मण ४.७० प्रतिशत<br>● क्षेत्री ४.३६ प्रतिशत,<br>● तामाङ ३.८४ प्रतिशत,<br>● नेवार ३.८३ प्रतिशत,<br>● चमार ३.२१ प्रतिशत,<br>● थारु ३.१८ प्रतिशत,<br>● पाशवान ३.०८ प्रतिशत, र<br>● कलवार २.६१ प्रतिशतको बसोबास रहेको छ। |
| ११ | शैक्षिक विवरण | ● सामुदायिक विद्ययालय : ४२३<br>● संस्थागत विद्यालय : २८६<br>● मदरसा : ७०<br>● बाल विकास केन्द्र : ५८३<br>● सामुदायिक अध्ययन केन्द्र : ४४<br>● साक्षरता : ५१.१५ प्रतिशत<br>● शिक्षक (सामुदायिक विद्यालय) : २२६४ |
| १२ | ऊर्जा | क) नगरपालिका तथा गाँउ पालिका तर्फ<br>● पूर्ण विद्युतीकरण नभएका नगरपालिका तथा गाँउपालिका : ५<br>ख) पारिवारिक अवस्था<br>● जलविद्युत् खपत् : ८१९९ परिवार<br>● मट्टीतेल : ७३९९३ परिवार<br>● गोबरग्यास प्लान्ट : २७ परिवार<br>● सोलार र अन्य स्रोत : १४५५ परिवार |
| १३ | खानेपानी तथा सरसफाइ | ● ओभर ट्याङ्क : ८२० परिवार<br>● इनार : १७९४० परिवार<br>● ट्युबवेल : २४४९१ परिवार<br>● पाइप वितरण : ३९२७४ परिवार |
| १४ | स्वास्थ्य स्थिति | क) स्वास्थ्य संस्था<br>● अस्पताल : २ वटा<br>● प्राथमिक स्वास्थ्य केन्द्र : ४ वटा<br>● स्वास्थ्य चौकी : १०४ वटा<br>● सहरी स्वास्थ्य केन्द्र : ४ वटा<br>● आयुर्वेद स्वास्थ्य केन्द्र : १ वटा<br>● आयुर्वेद औषधालय : ४ वटा |

प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| | | ● आयुर्वेद गाउँघर क्लिनिक : १० वटा<br>● प्राइभेट हस्पिटल र पोलि क्लिनिक : ८२ वटा<br>ख) स्वास्थ्यसम्बन्धी विवरण<br>● शिशु मृत्युदर . ७४.७ प्रतिहजार<br>● बाल मृत्युदर : ११८ प्रतिहजार<br>● मातृ मृत्युदर : ४७.५ प्रतिहजार<br>● कूल प्रजनन दर : ४.६४ प्रतिशत<br>● औषत मृत्युदर : ११.५ प्रतिहजार<br>● कोरा जन्मदर : ३७ प्रतिहजार |
| स्रोत : जिल्ला विकास योजना सिरहा २०६९/७० र सम्बन्धित कार्यालयहरुबाट प्राप्त पछिलो विवरण अनुसार । | | |

**सडक यातायात विवरण :**

| | | |
|---|---|---|
| पूर्व पश्चिम राजमार्ग | : | ४० कि.मी. |
| चौहर्वा सिरहा माडर | : | २३ कि.मी. (सिरहा बजारसम्म कालोपत्रो) |
| सिरहा कल्याणपुर मिर्चैया | : | २३ कि.मी.( ग्राभेल ) |
| कमला वलान हुलाकी सडक | : | २९ कि.मी. (ग्राभेल र पुल वनाउनुपर्ने ) |
| जिरोमाइल वरियारपटी सडक | : | १८ कि.मी. ( ग्राभेल ) |
| लहान भगवाणपुर सडक | : | १८ कि.मी. (पिच र ग्राभेल ) |
| गोलवजार र लगडीगदियानी | : | २६ कि.मी. (कच्ची) |
| धनगढी महेशपुर पत्तारी | : | १८ कि.मी. (ग्राभेल) |
| **जम्मा** | **:** | **१९५ कि.मि.** |

**आर्थिक स्थिति :**

उद्योग संख्या : १०९० कृषिमा आश्रित जनसंख्या : ८०.६५

- ❖ कृषि प्रधान जिल्ला
- ❖ उद्योग धन्दा सामान्य
- ❖ प्रमुख आम्दानी कृषि र वैदेशिक रोजगार
- ❖ प्रमुख व्यापारिक केन्द्रहरु :

| | | | |
|---|---|---|---|
| * | मिर्चैया | * | ठाडी |
| * | गोलवजार | * | बरियारपट्टी |
| * | लाहान | * | सुखीपुर |
| * | सिराहा | * | कल्याणपुर |
| * | भगवानपुर | * | कर्जन्हा |
| * | धनगढीमाई | | |

प्रमुख जिल्ला अधिकारी

समग्रमा आर्थिक स्थिति सन्तोषजनक छ तापनि वर्षाको समयमा डुवान वढी हुने क्षेत्रहरुको वाहुल्यता रहेकाले प्रकोपले वढी क्षति गराउने ठूला खालका उधोग धन्दाहरुका संख्या ज्यादै न्यून रहेको छ ।

**धार्मिक विश्लेषण :**

परम्परावादी समाज तथा धार्मिक अवधारणा अनुसार हरेक परिवारको कूलदेवता र गाँउ एवंम टोल पिच्छे नगरदेवता रहेका छन् । कूल देवतामा आ आफ्नो परम्परा अनुसार धर्मराज, काली, कारीक महराज, बन्दी, गोरईया, गहिर एवंम जलपैत रहेका छन् भने मुसहर जातीको दिनाभद्री रहेको छ । आ- आफ्नो धार्मिक परम्परा अनुसार सम्प्रदायले आ-आफ्नो प्रकारले पूजाआजा गर्ने गरेको पाईन्छ । यी परम्पराहरुलाई आधुनीकिकरण शैलीमा रुपान्तरण गर्दा विपद् अझ पर्दछ भन्ने धारणा रहेकोले पनि वर्षाको समयमा डुवान क्षेत्रहरु खाली गराउन नसकिने अवस्था रहेको छ । यस्तो रुढीवादी परम्पराले समेत विपद् व्यवस्थापनमा थप चुनौतीको सामना गर्ने संभावना रहेको पाइन्छ ।

**पर्वहरु :**

आ-आफ्नो रीति अनुसार दशैं (दशहरा), दिपावली, छठ, गणेश चतुर्थी, रामनवमी, कृष्णा अष्ठमी, तीज, होली, ईद उद जोहा, मोहरम पर्वहरु प्रमुख हुन् । यी वाहेकका प्रत्येक गाँउ र वडामा जातीय रितिरिवाजका आ-आफ्नै पर्वहरु मनाउने चलन छ ।

**पर्यटकीय स्थलहरु :**

| स्थलहरु | | स्थान |
|---|---|---|
| सलहेश फुलवारी | : | सिसवनी पडरिया, लाहान न.पा.-२२ |
| हनुमानढोका पत्तारी पोखरी | : | महेशपुर पत्तारी, लक्ष्मीपुर पतारी गा.पा. |
| मनिकदह | : | मल्हनिया गोविन्दपुर, लाहान न.पा.-२४ |
| सहलेश गहवर (महिसोथा धाम) | : | सिरहा न.पा.-७ |
| सारश्वरनाथ महादेव मन्दिर | : | सारश्वर, सिरहा न.पा.-१२ |
| हरिहरनगर पताल पोखरी | : | लक्ष्मीपुर पत्तारी गा.पा. |
| पारसनाथ महादेव स्थान | : | ईटारी प्रसाही, कल्याणपुर न.पा.–३ |
| कमलानदीको उत्तरवाहिनी | : | वडहारामाल, कर्जन्हा न.पा. |
| वावाताल | : | वन्दीपुर, कर्जन्हा न.पा. |
| वालासुन्दरी भगवती स्थान | : | भगवानपुर गा.पा.-१ |

प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| कमलदह | : | फुलवरीया, मिरचया न.पा. |
| नन्दवावा मन्दिर | : | बडहरामाल, कर्जन्हा न.पा. |
| पकडियागढ | : | भदैया, लाहान न.पा.-१८ |
| बुढानगढ | : | ब्रहमानगोर्छाडी, लाहान न.पा.-२० |
| आकाशगंगा | : | मुक्सार, लाहान न.पा. |
| धमियाईनथान | : | असनपुर, गोलवजार न.पा.-१ |
| पुलिसपटा | . | चन्द्रोदयपुर, गोलवजार न.पा. |
| दिनाभद्री | : | पिप्रा प्र.ध., लक्ष्मीपुर पतारी गा.पा.-१ |
| काभ्रे महादेव स्थान | : | तरेगना गोविन्दपुर, लाहान न.पा. |

**पर्यटकिय क्षेत्र धेरै भएतापनि लक्ष्य अनुरुपको विकास हुन नसकेको ।**

## १.२. योजनाको पृष्ठभूमि (विपद्को संक्षिप्त स्थिति, योजनाको आवश्यकता, औचित्य) :

तराईमा अवस्थित रहेको यो जिल्लामा उष्ण मौसमी हावापानी पाइन्छ । गृष्म ऋतुमा तापक्रम अधिकत्तम ४५ सेन्टीग्रेड भन्दा वढी र जाडो याममा न्यूनतम ८ सेन्टीग्रेड सम्म रहने गर्दछ । यसले गर्दा यस याममा हावा हुरी तथा आगलागीका प्रकोप धेरै हुन्छन् । यहा गर्मी महिनामा अति गर्मी र जाडोमा अति जाडो हुने गर्दछ । यहाको औषत वर्षा १,४६७ मीलीमीटर भए तापनि वर्षायामको समयमा अत्यधिक वर्षा हुने भएकोले यस जिल्लाका प्रमुख नदीहरु कमला, घुर्मी, वलान, मैनावती, खुट्टी, गागन, सहजा, वतहा, आदि जस्ता नदीहरुमा आउने वाढीले जनधनको निकै क्षति गर्दछ । यसरी वाढी कटान, वाढीको प्रकोप र चुरेक्षेत्रमा हुने भूक्षय यस जिल्लामा प्राकृतिक र वातावरणीय विपद्लाई निम्त्याउने गर्दछ ।

यो जिल्ला प्रतिवर्ष वाढी-पहिरो, हुरी-वतास र आगलागीवाट एवं कहिले काही भूकम्प, खडेरी, असिना र पहिरोवाट पनि प्रभावित हुने गर्दछ । घना वस्ती, परालको छाना भएका घर तथा जनचेतनाको कमीले गर्दा प्राय गर्मी याममा हुने आगलागीका घटनाहरुले समुदायका व्यक्तिहरु प्रभावित हुने गर्दछ । भूकम्प जस्ता प्रकोपहरु केही वर्षको अन्तरालमा आउने गरेका देखिन्छन् । आगलागीका घटनाहरु वाहेक २०४४, २०४८, २०५९, २०६१, २०६४, २०७१, २०७४ र २०७६ सालमा आएका भिषण वाढीवाट जनधनको क्षतिहरु भएको छ । वि.सं. १९९० र २०४५ सालको भूकम्पवाट सिरहा जिल्ला अति प्रभावित भए पनि २०७२को भुकम्पवाट त्यस्तो कुनै ठूला क्षतिहरु भएको छैन ।

तसर्थ यस्ता समस्याहरुलाई सामाधान गर्न जिल्ला विपद् व्यवस्थापन समितिको आयोजना र ने.रे.सो.जिल्ला शाखा सिरहाको समन्वयमा विभिन्न वैठकहरु आयोजना गरि वैठकहरुको सुझाव एवं सल्लाहहरुलाई समेत मध्यनजर गरि मिति २०७९।०४।३० गते जिल्ला विपद व्यवस्थापन समितिको

प्रमुख जिल्ला अधिकारी

बैठकबाट विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७, पहिलो संशोधन २०७६ बमोजिम यस सिरहा जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७९ स्वीकृत गरिएको छ ।

**क) विपद् :**

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले गरेका परिभाषाहरु**

१. **विपद् :** विपद् भन्नाले कुनै स्थानमा आपत्कालिन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्रार्कतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्दछ ।

२. **प्राकृतिक विपद :** प्राकृतिक विपद् भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, वाढी, पहिरो, तथा भू-स्खलन, डुवान, खडेरी, आँधी, हुरी वतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्वाट उत्पन्न जुन सुकै विपद् सम्झनु पर्छ ।

३. **गैर प्राकृतिक विपद् :** गैर प्राकृतिक विपद् भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औधोगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाध सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद्वाट उत्पन्न विपद् सम्झनु पर्छ ।

४. **विपद् व्यवस्थापन :** विपद् व्यवस्थापन भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्वन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

५. **विपद् जोखिम न्यूनीकरण :** विपद् जोखिम न्यूनीकरण भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्वाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्वन्धी कार्य सम्झनु पर्छ ।

६. **विपद् प्रतिकार्य :** विपद् प्रतिकार्य भन्नाले विपद्को घट्ना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

७. **विपद् पुनर्लाभ :** विपद् पुनर्लाभ भन्नाले विपद्को घट्नापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्वन्धित कार्य सम्झनु पर्छ ।

**ख) विपद् र मानव :**

विपद्को इतिहास मानव जातीको इतिहास जतिकै पुरानो छ । विपद् देशकालको सिमामा वाँधिन सकिदैन । जुनसुकै ठाउँ र जुनसुकै समयमा पनि विपद् हुन सकिन्छ । प्रकोपको प्रकार, यसको कारण र क्षतिको मात्रामा अन्तर हुनु भनेको छुट्टै कुरा हो । त्यस कारण विपद्लाई रोकथाम गर्नु, प्रकोपवाट हुने जनधनको क्षतिको मात्रालाई कम गर्न पूर्व तयारी

प्रमुख जिल्ला अधिकारी

कार्यक्रम संचालन गर्नु र प्रकोप परि सकेपछि उद्धार कार्य संचालन गर्नु मानव जीवनको एक अभिन्न अङ्गको रुपमा छ ।

जनसंख्या वृद्धि, वन विनास, वातावरणमा आएको असन्तुलन र शहरीकरणको प्रकृयावाट एकै स्थानमा जनसंख्याको वढदो चाप आदि अनेकौं कारणले गर्दा भविष्यमा प्रकोपको संख्या र प्रकोपवाट हुने जनधनको क्षति मात्रमा हरेक वर्ष वृद्धि हुदै जाने देखिन्छ । यस्तो प्रतिकूल परिस्थितिको सामना मानव जातीको सचेत प्रयास र योजनावद्ध तरिकावाट मात्रै गर्न सकिन्छ । यसको लागी तलको विपद् व्यवस्थापन चक्रको पाइलाहरुलाई हामीले गम्भीरताका साथ कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।




ग) **विपद् र विकास :**

विकास र विपद् आपसमा घनिष्ठ रुपमा सम्वन्धित छन् । विपद् वाट देशको विकासमा प्रतिकूल प्रभाव पर्छ । कुनै पनि देशमा ठुलो विपद् पर्न गएमा देशविकासमा गरिने लगानी विपद् उद्धार कार्यमा लगाउनु पर्ने हुन्छ । यसरी देशको विकास कार्यमा नै अवरोध उत्पन्न हुन्छ । विपद्वाट विकसित मुलुकहरु भन्दा अल्प विकसित र विकाशोन्मुख मुलुकहरु वढी प्रभावित हुन्छन् । अल्प विकसित र विकाशोन्मुख मुलुकहरुमा पर्ने प्रकोप संख्या धेरै छ । उस्तै प्रकृतिको प्रकोपवाट विकसित मुलुकहरुमा भन्दा यस्ता मुलुकहरुमा जनधनको क्षति वढी हुन्छ र यिनै अल्प विकसित र विकाशोन्मुख मुलुकहरुमा साधन र श्रोतको अपर्याप्तता पनि हुन्छ । त्यस कारण राष्ट्रको विकास योजनामा मेल खानेगरि जिल्लाको विकास योजनामा विपद्लाई एक अभिन्न अङ्गको रुपमा समावेश गरी विपद् उत्थानशील विकास र भू-उपयोग नीतिको अवलम्वन गर्दै लानु पर्ने आवश्यकता छ ।

## २. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्यहरु, रणनीतिहरु र प्राप्त हुने अपेक्षित उपलब्धीहरु :

### २.१ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्नुका उद्देश्यहरु :

- प्रकोप पूर्व, प्रकोप भई रहेको समयमा र प्रकोप पछि गर्नु पर्ने कार्यहरुको पूर्व तयारी गर्नु ।



प्रमुख जिल्ला अधिकारी

- प्रकोप पीडितहरुलाई तत्काल उद्धार तथा राहत सेवा पुऱ्याउन सरल वनाउनु ।
- विभिन्न सरकारी, गैरसरकारी तथा अन्य निकायसंग समन्वय गरि कार्यक्रमलाई एकीकृत रुपमा अगाडी वढाउनु ।
- कार्ययोजना वनाई कार्ययोजनामा उल्लेखित विषयहरुमा जिम्मेवार निकायहरुलाई सवलीकरण तथा दायित्व प्रभावकारी रुपमा निर्वाह गर्ने भूमिका तयार गर्नु ।
- कार्ययोजना अनुसारको गतिविधिहरु कार्यान्वयन गर्नु ।

**२.२ योजना तयार गर्न अपनाइएका रणनीतिहरु :**

- योजनाको तर्जुमा जिल्लाको सम्पूर्ण सरोकारवालाहरुको संलग्नतामा तयार गरिएको ।
- सिरहा जिल्लामा घटेका र घटन सक्ने घटनाहरुको प्रभावहरुको विश्लेषणमा आधारित रही तयार गरिएको ।
- जिल्लामा क्रियाशील विभिन्न निकायहरुको क्षमताको विश्लेषणको आधारमा पूर्वतयारी तथा सहयोग कार्यक्रमको लागि भूमिका तथा जिम्मेवारी निर्धारण गरिएको ।
- जिल्लामा विगतमा भएका क्षतिहरु, क्षति गर्ने नदीहरु, क्षतिभएका भौतिक पूर्वाधारहरु, मानवीय क्षतिको तथ्याङ्कहरु पुनरावलोकन गरिएको ।
- वाढीवाट अति जोखिम, मध्य जोखिम र कम जोखिममा रहेका न.पा.तथा गा.पा.हरुको पहिचान गरिएको ।
- जिल्ला विपद् व्यवस्थापन समितिको वैठक वसी वाढी पहिरो सम्वन्धी समीक्षालाई आधार मानेको ।
- योजना तयार गर्नको लागि विभिन्न वैठकहरुको आयोजना गरेको ।
- यस भन्दा आगाडीका योजनाहरुको पूनरावलोकनवाट आएका सुझावहरु समेत समावेश गरेको ।

**२.३ योजना तयार भएपछि प्राप्त हुने अपेक्षित उपलव्धीहरु (Outcomes):**

- जोखिमको आंकलन भई पूर्वतयारी गर्न सजिलो हुनेछ ।
- प्रभावित क्षेत्र र समुदायको आंकलन भई तत्काल उद्धार तथा राहत कार्य गर्न सकिने छ ।
- उपलव्ध हुन सक्ने श्रोत र साधनको आंकलन आंकलन भएको हुनेछ ।
- जोखिमपूर्ण रुपमा रहन सक्ने समुदायको पहिचान भई त्यस्ता समुदायहरुलाई सर्तक तथा पूर्व तयारीको लागि तयार रहनको निमित्त श्रोत साधन र क्षमताको अभिवृद्धि भएको हुनेछ ।
- अग्रिम सावधानी र सतर्कताद्वारा क्षति न्यूनीकरण गर्न सकिने छ ।
- आश्रय स्थलको पहिचान भई प्रभावित परिवारहरुलाई अश्रय स्थलमा व्यवस्थित तरिकावाट आश्रय दिन सकिने छ ।
- आकस्मिक संचार र समन्वयमा प्रभावकारिता आई मानवीय सहयोगको आपूर्ति व्यवस्थापन प्रभावकारी हुनेछ ।

प्रमुख जिल्ला अधिकारी

- प्रत्येक निकायको आ-आफ्नो पूर्व तयारी तथा प्रतिकार्य योजना तयार भई सोही अनुसारको गतिविधिहरु संचालन भएको हुनेछ ।

## ३. विपद् जोखिमको अवस्थाहरु :

### ३.१ विगदका विपद्हरुको विश्लेषण :

#### ३.१.१. बाढी/ पहिरो (Flood & Landslide) :

मनसुन सक्रिय भएपछि असार, श्रावण र भदौ महिनामा अत्याधिक वर्षाको कारण नदी र नालाहरुमा सावीकको भन्दा वढी (प्रशस्त) मात्रामा पानी र सो को वहाव तीव्र रुपमा आउनुको साथै नदी उकास, भारत तर्फ सीमामा बाँधरुपी सडक, पानीको निकास नभई प्राकृतिक वहावमा रुकावट जस्ता कारणले हुने डुवान, कटान, खेत वगर वन्ने तथा खेतमा वालुवा पिटान हुने भई प्रत्येक वर्ष जिल्लाको कुनै न कुनै भेगमा निकै नै जनधनको क्षति गरिरहेको अवस्था छ । यस जिल्लाको उत्तर तर्फको भुभाग भावर र चुरे पर्वत श्रृंखलामा पर्ने भएको कारणले दक्षिण तर्फको समथर भूमिभन्दा फरक अथवा भिरालो छ । भिरालो भएको कारणले वर्षायाममा खहरे खोलाले एकातिर यस क्षेत्रको माटोलाई बगाएर लैजान्छ भने अर्कातिर चुरे पहाडवाट वगाइ ल्याएको वालुवा गिटी समथर क्षेत्रको भूमिमा थुपारी दिने गर्दछ जसले गर्दा उव्जाउ भूमिहरु दिन प्रतिदिन मरुभूमिमा परिणत हुँदै गइरहेको छ ।

#### ३.१.२. आगलागी(Fire) :

यस जिल्लाका प्राय: घरहरु आपसमा जोडी वनाउनु, खर वा फुसको घर छाना हुनु, घना वस्ती हुनु, आगलागीको दृष्टिकोणले घर सुरक्षित नहुनु, आन्तरिक सुरक्षा सामाग्रीको व्यवस्थापन नहुनु, घटना स्थलसम्म पुग्न फराकिलो बाटोहरु नहुनु, जनचेतनाको कमि हुनु आदि कारणले खास गरि चैत्र वैशाखमा वढी र अन्य महिनामा फाटफुट रुपमा आगलागीका घटनाहरु हुने भएको हुँदा हरेक वर्ष आगलागीको चपेटमा परेर जनधनको क्षति हुनु र जीवन अस्त व्यस्त हुनुको साथै मानवीय क्षति पनि हुने गरेको अवस्था छ ।

#### ३.१.३. भूकम्प(Earthquake) :

पृथ्वीभित्र भइरहने हलचलले गर्दा पृथ्वीवाहिर कुनै भागमा जमीनको सतह चर्किदा अनुभव गरिने धक्का भूकम्प पनि यस जिल्लामा पटक पटक आएको इतिहास अन्तर्गत वि.सं १९९०, २०४५ सालको भूकम्पमा यस जिल्लामा निकै नै जनधनको क्षति भएको पाइन्छ । वि.सं. २०७२ सालको भूकम्पले यस जिल्लामा त्यति क्षति पुर्‍याएन । यस जिल्लामा व्यवस्थितरुपमा शहरको बसाई भूकम्पीय निरोधक मापदण्ड अनुसार घरहरुको निर्माण, भूकम्पवाट सुरक्षित रहने ज्ञानमा कमि जस्ता कारणले यो जिल्ला भूकम्पको जोखिममा रहेको छ ।

#### ३.१.४. माहामारी(Epidemic) :

समाजको कुनै एक क्षेत्रमा देखा परेको रोग छोटो समयमै फैलिएर अनपेक्षित रुपमा धेरै मानिस सङ्क्रमित हुने र मर्ने अवस्था श्रृजना भई हुने माहामारी अन्तर्गत झाडापखाला, हैजा, म्यादे ज्वरो, औलो, इन्सेफ्लाइटिस कालाजार, कमलपित्त, दादुरा, इन्फ्लुएन्जा, डेंगु र अन्य भाइरल जस्ता रोगहरु खास गरि वर्षायाममा वाढी पछि प्रर्दुषणमा हुने बृद्धिका कारण हुने गर्दछ । यस्ता रोगहरुको उचित व्यवस्थापन र जनचेतनाको कमीले थप माहामारी हुने गरेको अवस्था छ ।



प्रमुख जिल्ला अधिकारी

### ३.१.५. यातायात दुर्घटना(Road Accident ) :

वढ्दो शहरीकरण तथा यातायातका साधनहरुको वृद्धि र अनियन्त्रित सवारी साधनको कारणले यस जिल्लामा स-साना यातायात दुर्घटनाहरुबाट कहिलेकाही धेरै जनाको ज्यान जाने र घाइते हुने घटनाहरु यस जिल्लामा वर्षेनी हुदै आइरहेको अवस्था छ । खास गरी सवारी अनुमति पत्र विना गाडी चलाउनु, सडक नजिक बसोवास, सडकपेटीमा पसल थाप्ने, विचै सडकमा पैदल यात्रा गर्ने, सडकहरुको जिर्न अवस्था (खाल्टाखुल्टी), सडकको तुलनामा सवारी साधनहरुको चापमा बद्धि, ट्रफिक नियमको उलंधन, चालकले आफु भन्दा जान्ने कोही छैन भन्ने मानसिकता, नसालु पदार्थ खाएर वा सेवन गरेर गाडी चलाउने घमण्ड जस्ता व्यवहारहरुका कारण यातायात दुर्घटनामा वृद्धि भइरहेको अवस्था छ ।

### ३.१.६. खडेरी र अनिकाल(Drought & Famine) :

विश्वव्यापी तापक्रम वृद्धिले कतै अतिवृष्टि, कतै अनावृष्टि र कै लामो समयसम्म चल्ने सुखापनले खाद्यान्न उत्पादनको याम र यसको वृद्धिस्तरमा प्रतिकूल प्रभाव पार्दछ । लामो समयसम्मको सुख्खा मौसम र अनिश्चित वर्षाले समुदायलाई थप जोखिममा पार्दछ । अनावृष्टिको कारण पटक पटक यस जिल्लाले खडेरीको समस्या सामना गनु परेको साथै कहिले काही अनिकालको पनि सामना गनु परेको इतिहास यस जल्लाको रहेको छ ।

खडेरीको जोखिम न्यूनीकरणका लागि समुदायको सामना क्षमता अभिबृद्धि गर्न खडेरीको सम्भावित असर, प्राभावित हुने समुदायमा आई पर्ने संकट र तिनीहरुको वर्तमान समयको क्रियाकलापको जानकारी लिई खडेरीको प्रकृति र यसको प्रभावको विश्लेषण गरी सम्वोधन गर्नु पर्ने आवश्यकता रहेको छ ।

### ३.१.७. तातो हावा(Loo) :

खास गरि चैत्रदेखि जेष्ठ महिनाको बीचमा अत्यधिक गर्मीको कारणले तातो हावा (LOO) चलि मान्छेहरु वेहोश र मृत्यु समेत भएको पाइन्छ । गर्मि मौसम प्रारम्भ भएपछि पृथ्वीको वाह्य सतहमा रहेको पानीको वाष्पीकरण प्रक्रिया तीव्र हुँदै जाने हुनाले चारैतिरको चिस्यान कम हुँदै पानीको मूल सुक्ने, नदी, तलाउ, पोखरी, कुवामा पानीको मात्र घटने, भूमिगत पानीको सतहत ल भर्ने आदि अवस्था सिर्जना हुन्छ । यसको लागि गर्मियाममा अपनाउनु पर्ने दैनिक जीवनसँग सरोकारका विषयहरुमा जनचेतना एवं आत्मबोध गर्ने खालका गतिविधिहरु संचालन गर्नु पर्ने अवस्था रहेको छ ।

### ३.१.८. आँधीवेहरी/हुरीबतास :

यस जिल्लामा खास गरी चैत्र देखि श्रावण सम्म आँधीवेहरीवाट निकै मानिसहरु घर विहिन, मृत्यू र समाजिक संस्थाहरुमा क्षति हुने गरेको पाइन्छ । या समयमा हुरीबतासका कारण मौसमी फलफूल उत्पादनमा प्रतिकूल असर पर्नुको साथै ग्रामिण क्षेत्रका कमजोर घर, गोठ र विकासका संरचना भत्काउने, विजुली वा टेलिफोनका कमजोर खम्वा भत्काउने, रुखहरु लडाउने जस्ता कारणले यातायात अवरुद्ध हुने एवं घरपालुवा जनावर र मानिसको समेत मृत्यु हुने गर्दछ । यसवाट वचाउन बलियो घरहरुको निर्माणको साथसाथै जनचेतना मूलक गतिविधिहरु निरन्तर संचालन गर्नु पर्ने अवस्था छ ।

प्रमुख जिल्ला अधिकारी

३.१.९. **शीतलहर :**

जाडोको याममा बाक्लो कुहिरोले दिनभरी ढाकिरहने र कहिलेकाहीँ एक दुई दिन हटने तर फेरी लामो समयसम्म लाग्ने हुँदा दिनभरी घाम लाग्दैन यो समय हुस्सु लागेसम्म कायम रहन्छ । हुस्सुसँगै चिसो हाँवा कारण यहाँको तापक्रम सामान्य भन्दा निकै कम हुन गई शीतलहरको रुप लिन्छ । जसको कारण धेरै जाडो बढ्ने भई मानिसको दैनिक जीवन कष्टकर हुन जान्छ । यसरी चिसोको कारण रोगमा अत्याधिक बृद्धि, दैनिक रोजगारीमा प्रभाव, खाद्यान्न सामाग्रीको अभाव, जाडो याममा उत्पादन हुने कृषिजन्य फसलमा क्षति, यातायात दुर्घटना जस्ता कारणले मानिस र पशु चौपायाको मृत्यु हुने गरेको पाइन्छ । यसको निमित शीतलहरहरुबाट बच्ने उपायहरुको अवलम्बन र जनचेतना अभिबृद्धिका गतिविधिहरु संचालन गर्नु पर्ने आवश्यकता रहेको छ ।

३.१.१०. **चट्याङ :**

हुरीबतासको मौसम वा वर्षायाममा वायुमण्डलमा विपरीत दिशाबाट हुइँकिएको वायु एकआपसमा प्रचण्ड वेगले ठोकि उत्पन्न हुने अत्यन्त बढी भोल्टको विद्युतीय लहर खास पथ बनाएर पृथ्वीको सतहतर्फ आएमा त्यसले मानिस, जनावर, बोटविरुवा मर्ने तथा घरगोठ, सुखेका रुख, परालको माच आदिमा आगलागी हुने गर्दछु । खास गरी चुच्चो गरेर ठडिएका घर र अन्य वस्तुमा चट्याङको विद्युत ठोक्किने गर्दछ । यसवाट घरमा प्रयोग भईरहेका इलेक्ट्रोनिक सामान तथा उपकरण पनि विग्रने गर्दछ । यस जिल्लामा चट्याङवाट निकै जनधनको क्षति भइरहेको र हुने गरेको पाइन्छ ।

यसबाट बच्नको लागि आकाश गडयाङगुडुङ गर्न थालेपछि सुरक्षित स्थानमा वस्नु, घरमा प्रयोग हुने इलेक्ट्रोनिक सामानहरु बन्द गर्नु, घरवनाउदा उपयूक्त तवरले अरथिङ गर्नु उपयुक्त हुन्छ । चट्याङ न्यूनीकरण गर्नको लागि आ-आफ्नो घर संरचनामा अरथिङ गर्न गराउन जनचेतना तथा प्रचार प्रसार गर्नु पर्ने आवश्यकता रहेको छ ।

३.१.११. **सर्पदंश :**

गर्मी याममा अत्यधिक गर्मीका कारण र वर्षातको समयमा शर्पहरु जमिनवाट निस्की मानिसहरुलाई टोकि मृत्यु समेत हुने गरेको पाइन्छ । यसको लागि सरसफाइमा ध्यानदिनु पर्ने तथा घरमा रहेका प्वालहरु बन्द, सुत्नेबेला झुलको प्रयोग एवं बच्चाहरुलाई सर्तकताका साथ हेरचाह गर्नु पर्ने हुन्छ ।

३.१.१२. **COVID-19 :**

नोवेल कोरोना भाइरस (COVID-19) वर्तमान इतिहासकै अभूतपूर्व माहामारी हो र यो तीव्र रुपमा फैलिरहेको छ । यो केवल जनस्वास्थ्यको विश्वव्यापी संकट मात्र नभई यो त्यस्तो मानवीय संकट हो जसले मानिसहरुको जीवन, स्वास्थ्य तथा जीविकोपार्जनमा प्रभाव पारेको छ ।

संक्रमितको थुकको छिटा, आँखा, नाक र मुख भित्र पस्दा यो भाइरस फैलिन्छ । जव संक्रमित व्यक्तिलाई खोकी वा हाँछिउ लाग्छ तव नाक, मुखका छिटाहरु स्वस्थ्य व्यक्तिको आँखा, नाक वा मुखमा पुग्न सक्छ । यी थुक्कको छिटाहरु मास्कको वाहिरी भागमा र अन्य चिजहरुकामा पनि लाग्न सक्छ । जसबाट भाइरस फैलिने सम्भावना बढेर जान्छ ।

प्रमुख जिल्ला अधिकारी

यसको रोकथाम, नियन्त्रण, उपचारमा सहजिकरण तथा शव व्यवस्थापन लगायतका कार्यहरुमा समुदाय सचेतीकरण र समुदाय परिचालनवाट माहामारीलाई नियन्त्रण गरी व्यक्ति समुदाय र जिल्लावासीलाई वचाउन सबैले आ-आफ्नो ठाउँवाट प्रभावकारी भूमिका खेल्नु पर्ने अवस्था रहेको छ ।

३.१.१३. **अन्य** :

वर्तमान अवस्थामा वातावरणीय प्रदुषणका कारणले विभिन्न किसिमका घटना तथा रोगहरुवाट मानिसहरु पीडित भई मानवीय क्षतिहरुको सामना गरि राख्नु परेको छ ।

## ३.२ कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थाः

विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि कानूनी तथा नीतिगत व्यवस्थापनका क्षेत्रमा नेपाल सरकारले समयानुकूल परिमार्जन गर्दै विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना राष्ट्रिय, प्रदेश र स्थानीय तहमा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य बनाएको छ । यस्ता कानूनी व्यवस्थाहरुमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७५ लगायतका कानूनी तथा नीतिगत व्यवस्थाहरु छन् । अन्तर्राष्ट्रियस्तरमा विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा (सन् २०१५-२०३०), दिगो विकासका लक्ष्यहरु, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता, आवधिक योजना, नीति तथा कार्यक्रम लगायतका सन्धि सम्झौतालाई समेत आत्मासात् गर्दै संघ, प्रदेश र स्थानीय तहहरुमा विपद् पूर्व तयारी, प्रतिकार्य योजना तथा समग्र विपद् व्यवस्थापन कार्य योजना बनाई विपद्बाट हुने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न जिल्ला तथा स्थानीय तहबाट योगदान पुऱ्याउनु आवश्यक छ ।

विपद् जोखिम न्यूनीकरण व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५ सहित), प्रदेश तथा स्थानीय तहको ऐन एवं नीतिगत व्यवस्था अनुरुप जिल्लामा गठित जिल्ला विपद् व्यवस्थापन समितिले जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागु गर्ने गराउने व्यवस्था भए अनुसार जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरेको छ ।

## ३.३ प्रमुख प्रकोपहरु र प्राथमिकतामा रहेका प्रकोपहरु:

**सिरहा जिल्लामा हुने प्रकोपको सूची तथा स्तरीकरण निम्नानुसार रहेको छ ।**

| प्रकोप | पहिरो | बाढी | आगलागी | हुरीबतास | महामारी | भूकम्प | खडेरी | शीतलहर | चट्याङ | सडक दुर्घटना | असिना | सर्पदंष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | बाढी | आगलागी | हुरीबतास | महामारी | भूकम्प | खडेरी | शीतलहर | चट्या ङ | सडक दुर्घटना | असिना | सर्पदंष |
| बाढी | | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| आगलागी | | | | आगलागी | आगलागी | आगलागी | आगलागी | अगालागी | अगालागी | अगालागी | आगलागी | आगलागी |
| हुरीबतास | | | | | हुरीबतास | भूकम्प | खडेरी | हुरीबतास | हुरीबतास | हुरीबतास | हुरीबतास | हुरीबतास |
| महामारी घरपालुवा पशुसमेत | | | | | | भूकम्प | खडेरी | महामारी | महामारी | महामारी | महामारी | महामारी |
| भूकम्प | | | | | | | खडेरी | शीतलहर | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प |
| खडेरी | | | | | | | | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी |
| शीतलहर | | | | | | | | | शीतलहर | शीतलहर | शीतलहर | शीतलहर |
| चट्याङ | | | | | | | | | | सदु | असिना | सर्पदंष |
| सडक दुर्घटना | | | | | | | | | | | असिना | सदु |
| असिना | | | | | | | | | | | | असिना |
| सर्पदंष | | | | | | | | | | | | |
| जम्मा अङ्क | १ | १२ | ११ | ८ | ७ | ८ | ७ | १० | २ | ४ | ५ | ३ |
| स्तर | १२ | १ | २ | ५ | ६ | ४ | ७ | ३ | ११ | ९ | ८ | १० |
| | | बाढी | आगलागी | हुरीबतास | | भूकम्प | खडेरी | शीतलहर | | | | |

नोट : COVID-19 को प्रकोपबाट समेत जिल्ला प्रभावित रहेको ।



प्रमुख जिल्ला अधिकारी

सिरहा जिल्लामा हुने प्रकोपको समय तालिका निम्नानुसार रहेको छ ।

| प्रकोप | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| हुरीबतास | | | | | | | | | | | | |
| महामारी घरपालुवा पशुसमेत | | | | | | | | | | | | |
| भुकम्प | | | | | | | | | | | | |
| खडेरी | | | | | | | | | | | | |
| शीतलहर | | | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | | | |
| सडक दुर्घटना | | | | | | | | | | | | |
| असिना | | | | | | | | | | | | |
| सर्पदष | | | | | | | | | | | | |
| जम्माअंक | ५ | ७ | ७ | ८ | ८ | ६ | ४ | २ | ३ | ४ | ५ | ५ |

**द्रष्टव्य** :असार, साउन र भदौमा बाढी र खडेरीमध्ये एक प्रकोपको प्रभाव रहने हुंदाकुनै एक प्रकोपको घटना हुंदैन ।

प्रमुख जिल्ला अधिकारी

**३.४. बाढीको आंकलन तथा सम्भावित प्रभाव क्षेत्रको प्रभाव : (वि.सं.०५९ देखि २०७६ सम्मको वाढीको तुलनात्मक अध्ययन) :**

सिरहा जिल्लामा वाढीवाट वढी प्रभावित हुने भएकोले वाढीलाई प्रमुख प्राथमिकता दिई विगतमा ठुलो रुपमा आएको वाढीपहिरोको तथ्याङ्कलाई आधार मानी योजना तर्जुमाको पूर्वानुमानको लागि तपसील अनुसारको तथ्याङ्क प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | २०५९ | २०६१ | २०६४ | २०७१ | २०७४ | २०७६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रकोप भएको समय | २०५९ श्रावण ५ देखी ७ सम्मको अविरल वर्षाको पानी र वाढीवाट | २०६१ आषाढ २२ देखी २८ सम्मको अविरल वर्षाको पानी र वाढीवाट | २०६४ श्रावण १ देखी १६ सम्मको अविरल वर्षाको पानी र वाढीवाट | २०७१ श्रावण २८ र २९ गतेको अविरल वर्षा र वाढीवाट | २०७४ श्रावण २७ देखि ३० गते सम्मको अविरल वर्षा र वाढीवाट | २०७६ आषाढ २५ देखि २९ गते सम्मको अविरल वर्षा र वाढीवाट |
| २ | प्रभावित गा.पा./न.पा. | ३४ गा.वि.स.र २ न.पा. | ७० गा.वि.स.र २ न.पा. | ८१ गा.वि.स.र २ न.पा. | १ न.पा. र ८ गा.वि.स. | ९ गा.पा. र ८ न.पा. | ७ गा.पा. र ७ न.पा. |
| ३ | मृत्यु | १ जना | ११ जना | ४ जना | २ जना | | ६ जना |
| ४ | घाइते | ५ जना | ३३ जना | १५ जना | ७ जना | | ३२ जना |
| ५ | पूर्ण रुपमा प्रभावित घर परिवार | १,०९५ परिवार | २,७११ परिवार | ४,२८६ परिवार | ६७ परिवार | १६२९ परिवार | ४५२८ परिवार |
| ६ | आंशिक रुपमा प्रभावित घर परिवार | २,२२० परिवार | ७,२८२ परिवार | ५,७१८ परिवार | १३२ परिवार | ३८५३ परिवार | ७९९७ परिवार |
| ७ | कूल प्रभावित घर परिवार | ३,३१५ परिवार | ९,९९३ परिवार | १०,००४ परिवार | १९९ परिवार | ५४८२ परिवार | १२५२५ परिवार |
| ८ | प्रभावित जनसंख्या | १८,७२९ जना | ५७,२८९ जना | ५७,०३७ जना | ११९५ जना | ५८००० जना | ६२२४९ जना |
| ९ | जग्गाको अन्दाजी क्षति | ३० हजार विगहा | ५० हजार विगहा | ५० हजार विगहा | २० हजार विगहा | ५० हजार विगहा | ५० हजार विगहा |
| १० | क्षतिको कूल अनुमानित रकम | रु. ७ करोड | रु. १० करोड | रु. १० करोड | १ करोड ४७ लाख | ५० करोड | ५० करोड |

उल्लेखित विवरण वाहेक सडक, विद्यालय, सामाजिक संरचनाहरु, स्वास्थ्य संस्थाहरु, कुलोकुलेसो, पुलपुलेसो, तटवन्ध, व्यक्तिगत घरहरु, खानेपानीका साधनहरु, सरकारी तथा गैर



प्रमुख जिल्ला अधिकारी

सरकारी संस्थाका घरहरुको क्षति हुनुको साथै विभिन्न किसिमका पानी जन्य तथा सरुवा रोगहरु समेत देखा परेको थियो ।

विभिन्न समयमा गएको बाढीले पुऱ्याएको जनधनको क्षतिको आधारमा अति प्रभावित, मध्य प्रभावित र कम प्रभावित न.पा. तथा गा.पा.हरुको वर्गिकरण निम्नानुसारको छ ।

## प्रभावितस्तर अनुसारको विवरण

| क्र. सं | न.पा.तथा गा.पा.को नाम | जम्मा वडा संख्या | अति प्रभावित | मध्यम प्रभावित | कम प्रभावित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लहान न.पा. | २४ | वडा नं. ३,४,५, ९,१० र २३ | वडा नं.१ र १९ | वडा नं.२,६,७, ८,११,१२,१३,१४, १५,१६,१७,१८, २०, २१,२२ र२४ | बलान र खुट्टी खोला |
| २ | सिरहा न.पा | २२ | वडा नं. हरु ५, ६, १२, १३ र १७ | वडा नं. हरु १४, १५, २० र २१ | वडा नं. १, २, ३, ४, ७, ८, ९, १०, ११, १६, १८, १९ र २२ | कमला ,गागन र मैनावति नदी वाट |
| ३ | गोलवजार न.पा . | १३ | | वडा नं. १ | वडा नं.२ देखी १३ सम्म | जग्गा कटान प्रमुख समस्या |
| ४ | धनगढिमाई न.पा | १४ | | वडा नं.१०, १२, १३ र १४ | वडा नं. १ देखी ९ सम्म र ११ | बाबुराम खोला, खुट्टी खोला, सरे |
| ५ | मिर्चैया न.पा | १२ | वडा नं.३, ४, ५, ६ र १२ | वडा नं. १, १० र ११ | वडा नं.२,७,८,९ | कमला, घुर्मी, बलान, जिवा, जरुवा, तैतरीया र कमला नहर |
| ६ | सुखीपुर न.पा. | १० | वडा नं. ८ र १० | वडा नं. १ देखी ७ सम्म र ९ | | गागन, कर्टानिया र बाबुराम खोला |
| ७ | कल्याणपुर न.पा. | १२ | वडा नं.२,३,४, ५,६,७ र ८ | वडा नं.९, १०,११र १२ | वडा नं.१ | कमला र बतहा |
| ८ | कर्जन्हा न.पा. | ११ | वडा नं. ८ | वडा नं.३, ६ र ७ | वडा १, २, ४, ५, ९, १० र ११ | डिमा खोला, भालु खोला, सुखलाहा खोला, कमला, भेरबा खोला |
| ९ | सखुवानन्कारकट्टि गा.पा | ५ | वडा नं. ३ ,४ र ५ | वडा नं. १ | वडा नं. २ | वलान |
| १० | भगवानपुर गा.पा | ५ | वडा नं. १ र ४ | वडा नं. ५ | वडा नं.२ र ३ | बलान |
| ११ | नवराजपुर गा.पा | ५ | | | वडा नं. १ देखी ५ सम्म | बचही खोला, कल्याणदेह, कटनीया |
| १२ | लक्ष्मीपुर पतारी गा.पा | ६ | | वडा नं.१, २ र ६ | वडा नं.३, ४ र ५ | सल्हेश फुलबारी र |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कल्याणदेय |
| १३ | बरियारपट्टि गा.पा | ५ | वडा नं.१ र ५ | वडा नं.२, ३ र ४ | | कटनिया, मनहरा, त्रिशुला, कल्याणदेय र डोरा |
| १४ | औरही गा.पा | ५ | वडा नं.१ देखी ५सम्म | | | गागन, सहजा र गल्थो |
| १५ | अर्नमा गा.पा | ५ | वडा नं. २ र ३ | वडा नं. ४र ५ | वडा नं. १ | मैनावती, सतपतरे |
| १६ | विष्णुपुर गा.पा | ५ | | | वडा नं. १ देखी ५ सम्म | |
| १७ | नरहा गा.पा . | ५ | | | वडा नं. १ देखी ५ सम्म | |
| | जम्मा | १६४ | ४० | ३९ | ८५ | |

**नोट** : यसरी वाढीको दृष्टिकोणवाट न.पा. तथा गा.पा.का ४० वटा वडाहरु अति प्रभावित, ३९ वटा वडाहरु मध्यम प्रभावित र ८५ वटा वडाहरु कम प्रभावित रहेको देखिन्छ ।

**३.५ प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विश्लेषण : सिरहा जिल्ला आउने बाढीबाट बढी कमला नदी तटिएक्षेत्रमा बसोवास गरिरहेका व्यक्तिहरुलाई बढी प्रभावित पार्ने भएकोले कमला नदीमा बाढीको पूर्वसूचना प्रणालीको स्थापना गरी क्रमिकरुपमा विकास गर्दै लगिनेछ भने सिरहाका जिल्लाको अन्य नदीहरु बलान र गागनमा पनि पूर्वसूचना प्रणालीको विकास गर्नु पर्ने आवश्यकता रहेको छ ।**

➢ पूर्व सूचना प्रणाली अन्तर्गत :

- ❖ कमला नदीबाट प्रभावित हुने समुदायहरुलाई बचाउन नेपाल सरकार जल तथा मौसम विज्ञान विभागको समन्वयमा कमला नदी जलाधारमा मौसम तथा बर्षा मापन केन्द्रहरुको स्थापना र स्तर उन्नती, जलमापन केन्द्रको स्थापना, बर्षा र बाढीको सूचनाहरु सबैले देख्ने गरी जिल्ला आपतकालिन कार्य संचालन केन्द्र (DEOC) मा Display बोर्ड जडान भई सूचनाहरु आदान प्रदान ।
- ❖ कमला नदी वाढी पूर्वसूचना संचार संरचना तयार गरि बाढीको समयमा प्रभावकारी सूचना संचारको व्यवस्था मिलाइएको ।
- ❖ कमला नदीको रानीवास (सिन्धुली) र त्रित्रिया (धनुषा) स्थित जल सतह मापन केन्द्रमा बाढीको जल सतह चेतवनी तथा खतरातह पार गरे पछी कमला नदीको जोखिममा रहेका समुदायका व्यक्तिहरुको मोवाइलमा NTC र NCELL मार्फत सचेत रहन र सुरक्षित



प्रमुख जिल्ला अधिकारी

स्थानमा जान **Mass SMS** मार्फत सूचना आउने बाढी पूर्व सूचना प्रणालीको विकास ।

- ❖ कमला नदी जलाधारको बर्षा तथा बाढीको सूचनाहरु आदान प्रदान गर्न सूचना संचार संरचना (Communication Channel) तयारी गरी कार्यान्वयनमा ल्याइएको ।
- ❖ बर्षाको समयमा असार देखि असोज सम्म कमला नदीको बाढीको अवस्था थाहा पाउन जल तथा मौसम विज्ञान विभागको Toll Free नम्वर ११५५ मा फोन गरेर जानकारी लिन सकिने गरी संदेशहरु प्रभाह गर्ने प्रणालीको विकास गरिएको ।
- ❖ स्थानिय एफ.एम.हरुबाट आगलागी तथा बाढीबाट बच्न सन्देशहरु प्रसारण गर्ने गरिएको ।

**जिल्लाको सूचना संयन्त्र :**




प्रमुख जिल्ला अधिकारी

## कमला नदी वाढी पूर्व सूचना सञ्चार संरचना, सिरहा :




प्रमुख जिल्ला अधिकारी

## ३.६. सरोकारवाला संस्थाहरू :

| क्र.सं. | सरोकारवाला संस्थाको नाम | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय, सिरहा | प्र.जि.अ. | ०३३-५२०१२१<br>९८५२८३७७७७ |
| २ | नेपाली सेना (शेर गण चोहर्वा) | प्रमुख सेनानी | ०३३-४०१०५०<br>९८६३०२८८६५ |
| ३ | नेपाल प्रहरी (जिल्ला प्रहरी कार्यालय) | प्रहरी उपरीक्षक | ०३३-५२०००५, १००<br>९८५२८६५५५५ |
| ४ | सशस्त्र प्रहरी बल (नेपाल नं.७ गण हे.क्वा.) | प्रहरी उपरीक्षक | ०३३-५२०८९७<br>९८५१२७२१०५ |
| ५ | राष्ट्रिय अनुसंन्धान कार्यालय | उपनिर्देशक | ०३३-५२००३१<br>९८५२८२४६६६ |
| ६ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ०३३-५२००९५<br>०३३-५२०७१९<br>९८५२८३००२३ |
| ७ | जिल्ला समन्वय समिति | प्रमुख | ९८५२८३२०९४ |
| ८ | सिरहा नगरपालिका | नगर प्रमुख | ९८४२८२५३८७ |
| ९ | लहान नगरपालिका | नगर प्रमुख | ९८५२८३१२३८ |
| १० | मिर्चैया नगरपालिका | नगर प्रमुख | ९८५२८३७५०० |
| ११ | गोलवजार नगरपालिका | नगर प्रमुख | ९८५२८२५८०५ |
| १२ | धनगढीमाई नगरपालिका | नगर प्रमुख | ९८४५८८४१०६ |
| १३ | सुखिपुर नगरपालिका | नगर प्रमुख | ९८६१८५१८०० |
| १४ | कल्याणपुर नगरपालिका | नगर प्रमुख | ९८५२८३४३६६ |
| १५ | कर्जन्हा नगरपालिका | नगर प्रमुख | ९८५२८३०५५७ |
| १६ | औरही गाउँपालिका | अध्यक्ष | ९८६००५४०८० |
| १७ | अर्नमा गाउँपालिका | अध्यक्ष | ९८५२८३४१०१ |
| १८ | वरियारपट्टी गाउँपालिका | अध्यक्ष | ९८४२८२५१४२ |
| १९ | नवराजपुर गाउँपालिका | अध्यक्ष | ९८११९७५८३५ |
| २० | भगवानपुर गाउँपालिका | अध्यक्ष | ९८५२८५५२९१ |
| २१ | सखुवानन्कारकट्टी गाउँपालिका | अध्यक्ष | ९८५२८३२६६३ |
| २२ | लक्ष्मीपुरपत्तारी गाउँपालिका | अध्यक्ष | ९८६९०१११५५ |
| २३ | विष्णुपुर गाउँपालिका | अध्यक्ष | ९८४२८९३५३१ |
| २४ | नरहा गाउँपालिका | अध्यक्ष | ९८११७००३११ |
| २५ | जिल्ला स्थित संचारकर्मीहरु | प्रतिनिधि | ९८५२८३०८६७ |
| २६ | उद्योग बाणिज्य संघ | प्रतिनिधि | ९८५२८३४८२५ |
| २७ | गैह्र सरकारी महासंघ | प्रतिनिधि | ९८४२८२५९४६ |
| २८ | राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दल | प्रतिनिधि | |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| २९ | जिल्लामा कार्यरत UN एजेन्सीहरु | प्रतिनिधि | |
| ३० | विपद् व्यवस्थापनका क्षेत्रमा जिल्लामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संघसंस्थाहरु | प्रतिनिधि | |
| ३१ | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | प्रमुख | ९८५२८३२८५८ |
| ३२ | शिक्षा विकास तथा समन्वय इकाइ | प्रमुख | ०३३-५२०००४<br>९८५२८३१५१५ |
| ३३ | स्वास्थ्य कार्यालय | प्रमुख | ९८५२८८०५१२ |
| ३४ | पूर्वाधार विकास कार्यालय | प्रमुख | ९८५२८४६१९६ |
| ३५ | सडक डिभिजन कार्यालय | प्रमुख | ९८५२८८६००१ |
| ३६ | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय | प्रमुख | ०३३-५६२२३८ |
| ३७ | भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन | प्रमुख | ९८५४०३०८७४ |
| ३८ | डिभिजन वन कार्यालय | प्रमुख | ९८५२८३००८२ |
| ३९ | सिरहा अस्पताल सिरहा | प्रमुख | ९८४४२७४५०१ |
| ४० | नेपाल विद्युत प्राधिकरण | प्रमुख | ०३३-५२०११५<br>९८५२८२२२०३ |
| ४१ | जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र | प्रमुख | ९८५२८२००३५<br>०३३-५२००३५ |
| ४२ | पशु सेवा विज्ञान केन्द्र | प्रमुख | ९८५२८३४८०१ |
| ४३ | वाली संरक्षण प्रयोगशाला | प्रमुख | ०३३-५२००५०<br>९८६४२२५९४० |
| ४४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | प्रमुख | ९८५२८२३६३६ |
| ४५ | नेपाल टेलिकम | प्रमुख | ०३३-५२०४४४<br>९८५२८३२१११ |
| ४६ | घरेलु तथा साना उद्योग कार्यालय | प्रमुख | ०३३-५६०१२८<br>९८५२८६०१२८ |
| ४७ | पूर्वाञ्चल डिभिजन सडक कार्यालय | प्रमुख | ०३३-५६००८६ |
| ४८ | भू. संरक्षण कार्यालय | प्रमुख | ०३३-५६०३३७<br>९८५२८३३१३४ |
| ४९ | खाद्य व्यवस्थापन तथा व्यापार कम्पनि लिमिटेड | प्रमुख | ९८४११७९१६२ |
| ५० | साल्ट ट्रेडिंग कर्पोरेशन | प्रमुख | ०३३-५६०९७६<br>९८५२८३१५३३ |



प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ५१ | नेशनल ट्रेडिंग कर्पोरेशन | प्रमुख | ०३३-५६०१२८<br>९८६०६०९२३८ |
| ५२ | सगरमाथा चौधरी आँखा अस्पताल | प्रमुख | ०३३-५६०२८७<br>९८५२८३०६९१ |
| ५३ | लहान अस्पताल, लहान | प्रमुख | ९८५२८६११३६ |
| ५४ | कृषि ज्ञान केन्द्र | प्रमुख | ९८५२८२०७६५ |
| ५५ | सघन शहरी तथा भवन निर्माण आयोजना | प्रमुख | ९८५२८३२५२७ |
| ५६ | शहरी विकास तथा भवन विभाग डिभिजन कार्यालय | प्रमुख | ०३३-५२००८४<br>९८५२८२२६६६ |
| ५७ | कमला नदी नियन्त्रण आयोजना | प्रमुख | ९८५२०७५१९९ |
| ५८ | कमला सिंचाई डिभिजन | प्रमुख | ९८४१४९१३४५ |
| ५९ | कमला सिंचाई आयोजना | प्रमुख | ९८५२०२४५०१ |

### ३.७ विषयगत क्षेत्रहरु :

| क्र.सं. | क्षेत्र (Cluster) | नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads) | जिम्मेवार व्यक्ति | सहयोगी निकाय | गर्नुपर्ने कार्यहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | समन्वय, खोजी उद्धार, राहत तथा सूचना व्यवस्थापन | ▪ जिल्ला विपद् व्यवस्थापन समिति<br>▪ स्थानीय तहको हकमा स्थानीय विपद् व्यवस्थापन समिति | प्रमुख जिल्ला अधिकारी | ● नेपाली सेना<br>● प्रहरी उपरीक्षक<br>● सशस्त्र प्रहरी वल नेपाल<br>● स्थानीय तहहरु<br>● स्थानीय वासिन्दा<br>● नेपाल रेडक्रस सोसाइटी<br>● सक्रिय राजनैतिक दलहरु<br>● स्थानीय तथा राष्ट्रिय स्तरका संचार माध्यमका प्रतिनिधिहरु<br>● उद्योग बाणिज्य संघ<br>● अन्य संघसंस्थाहरु | ● साधन श्रोत (Capacity) आकलन तथा तयारी ।<br>● खोज तथा उद्धार कार्यको लागि जनशक्ति तयार गर्ने ।<br>● पीडितहरुको उद्धार गरि सुरक्षित स्थानमा पुरयाउने ।<br>● क्लसटरको दैनिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्नु पर्ने ।<br>● उपकरण सहितको खोजी तथा उद्धार टोली खटाउने ।<br>● समन्वय, वैठक र प्रतिवेदनको वारेमा जानकारी गराउने ।<br>● सूचना तथा सामाचारहरु उपलब्ध गराउने ।<br>● खाद्य तथा गैर खाद्य सामाग्रीहरुको भण्डारण र वितरणको व्यवस्था मिलाउने ।<br>● उपकरणहरु तथा संचार साधनको व्यवस्था मिलाउने ।<br>● प्रभावितहरुको तथ्यांक संकलन, विश्लेषण र प्रतिवेदनको व्यवस्था | आपतकालिन उद्धारको थप आवश्यकता महसुस भएमा तुरुन्त प्रमुख जिल्ला अधिकारीलाई सूचना दिनु पर्ने । |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | मिलाउने ।<br>● जोखिम उक्त स्थान र परिवारीक सूची तयार गर्न लगाउने ।<br>● Hazard Mapping गराउने । | |
| २ | आपत्कालीन आवास तथा गैर खाध सामाग्री | नेपाल रेडक्रस सोसाइटी | सभापति (ने.रे.सो.जिल्ला शाखा सिरहा) | ● ने.रे.सो. केन्द्र<br>● जि.स.स.<br>● स्थानीय तहहरु<br>● सेभ द चिल्ड्रेन<br>● युनिसेफ<br>● IOM<br>● शहरी विकास तथा भवन निर्माण<br>● शिक्षा विकास तथा समन्वय इकाई<br>● अन्य गैर सरकारी संघ संस्थाहरु | ● विपद्वाट प्रभावित क्षेत्रहरुको यथार्थ सूचना तथा तथ्यांक व्यवस्थित गर्ने ।<br>● स्थानीय स्वयंसेवकहरु परिचालन गर्ने ।<br>● स्थानीय श्रोत तथा साधनहरुको अधिकतम परिचालनको लागि विभिन्न निकायहरुसंग समन्वय गर्ने ।<br>● शिविरमा रहेका परिवारहरुको सेवाहरु सुनिश्चितताको लागि अन्य क्लस्टरहरुसंग सम्पर्क गर्ने ।<br>● आवश्यकता अनुसार क्लस्टरको प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने ।<br>● जलवायुका प्रतिकुल असरवाट संरक्षण प्रदान गर्ने व्यवस्था मिलाउने ।<br>● लुगाफाटा, भाडावर्तन, त्रिपाल, कम्वल आदीको व्यवस्था गर्ने ।<br>● शिविर व्यवस्थापन गर्ने ।<br>● सुरक्षित स्थानको खोजी र व्यवस्थापन गर्ने । | आवश्यकता अनुसार शहरी विकास तथा भवन निर्माण कार्यालयले आवास व्यवस्था मिलाउने |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | • थप सहयोगको लागि आफ्नो तथा अन्य निकायहरुमा अनुरोध गर्ने | |
| ३) | स्वास्थ्य तथा पोषण | स्वास्थ्य कार्यालय | स्वास्थ्य प्रमुख | • स्थानीय तहहरु<br>• विश्व स्वास्थ्य संगठन<br>• युनिसेफ<br>• सेभ द चिल्ड्रेन<br>• नेपाल रेडक्रस सोसाइटी<br>• सगरमाथा चौधरी आँखा अस्पताल<br>• आसमान नेपाल<br>• वागमती सेवा समाज<br>• स्पर्स नेपाल<br>• सुनौलो परिवार नेपाल<br>• अन्य संघसंस्थाहरु | • आपतकालिन स्वास्थ्य सेवाको लागि तयार रहेका टिमलाई तुरुन्त परिचालन गर्ने ।<br>• विपद् पश्चात पनि स्वास्थ्य समस्या देखिएका ठाँउहरुमा कार्ययोजना वनाई स्वास्थ्य सेवा प्रदान गर्ने ।<br>• आवश्यकता अनुसारको प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने<br>• झाडा पखाला, हैजा, औलो तथा अन्य तथा पानी जन्य एवं कीट जन्य रोगहरुको प्रयाप्त रोकथाम तथा उपचारको क्षमता सुनिश्चित र सेवा उपलब्ध गराउने ।<br>• स्वास्थ्य तथा पोषणको द्रुत सर्वेक्षणलाई सुदृढ पार्ने ।<br>• आपत्कालीन आपुर्ति र मानव श्रोत लगायतका विषयहरुमा सहयोग गर्ने । | |
| ४ | खानेपानी, सरसफाइ तथा स्वच्छता | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | कार्यालय प्रमुख | • जिल्ला समन्वय समिति<br>• स्थानीय तहहरु<br>• युनिसेफ<br>• नेपाल रेडक्रस सोसाइटी | • वाढीको समयमा स्वच्छ पिउने पानीको लागि टयूवेलहरु व्यवस्थित गर्ने ।<br>• पीडितहरुका लागि सुरक्षित खानेपानीको आपुर्ति गर्ने । | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • एस.एन.भी. नेपाल<br>• यू.एन.ह्याविट्याट<br>• पत्रकार महासंघ<br>• गै.स.स.<br>• Water Aid<br>• आसमान नेपाल<br>• सवल नेपाल<br>• ECARDS<br>• दलित जनकल्याण यूवा कल्व<br>• श्रृजना सामुदायिक विकास केन्द्र | • उपयुक्त सरसफाई तथा स्वास्थ्य प्रवर्धन सम्वन्धी गतिविधिहरु संचालन गर्ने ।<br>• खानेपानीलाई सुदृढीकरण गर्न सामाग्रीहरुको उपलव्धता तथा जानकारीहरु प्रदान गर्ने ।<br>• खानेपानी तथा सरसफाई सम्वन्धी जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्ने । | |
| ५ | वन्दोवस्ति ( Logistics ) | ▪ जिल्ला विपद् व्यवस्थापन समिति<br>▪ स्थानीय तहको हकमा स्थानीय विपद् व्यवस्थापन समिति | प्र.जि.अ.<br>प्रमुख जिल्ला अधिकारी | • नेपाली सेना<br>• नेपाल प्रहरी<br>• सशस्त्र प्रहरी<br>• सडक डिभिजन कार्यालय<br>• विधुत प्राधीकरण<br>• नेपाल टेलिकम<br>• जल उत्पन प्रकोप नियन्त्रण कार्यालय<br>• डिभिजन वन कार्यालय<br>• भु संरक्षण कार्यालय<br>• कमला सिंचाइ डिभिजन | • राहत वितरणको लागि आवश्यक यातायातका साधनहरुको परिचालन गर्ने ।<br>• अस्थाई वसोवास तथा राहत शिविरहरुमा आवश्यक विजुली तथा टेलिफोनको प्रवन्ध मिलाउने ।<br>• भत्किएको सडकको पुन निर्माण गर्ने<br>• अस्थाई पुलहरुको व्यवस्था गर्ने ।<br>• नदीहरुको नियन्त्रण तथा तटवन्ध निर्माण गर्ने ।<br>• सडकहरु मर्मत सम्भार गरि यातायात सुचारु गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • कमला नदी नियन्त्रण आयोजना | | |
| ६ | शिक्षा | शिक्षा विकास तथा समन्वय इकाई | इकाई प्रमुख | • जि.स स.सिरहा<br>• स्थानीय तहहरु<br>• युनिसेफ<br>• सेभ द चिल्ड्रेन<br>• नेपाल रेडक्रस सोसाइटी<br>• गै.स.स.महासंघ सिरहा<br>• आसमान नेपाल | • शिक्षा सम्वन्धी द्रुत लेखा जोखा संचालन गर्ने ।<br>• विद्यार्थीहरुलाई शैक्षिक सामाग्री तथा गुणात्मक शिक्षामा निरन्तरता दिने ।<br>• वैकल्पिक कक्षाहरु संचालन गर्ने<br>• विद्यालयहरुमा शैक्षिक वातावरण कायम राख्न सहयोग उपलव्ध गराउने ।<br>• विद्यालयहरुको मर्मत सम्भार गर्न गराउने व्यवस्था मिलाउने । | |
| ७ | संरक्षण | जिल्ला प्रशासन कार्यालय सिरहा | सहायक प्रमुख जिल्ला अधिकारी | • स्थानीय तहहरु<br>• नेपाल प्रहरी<br>• सशस्त्र प्रहरी<br>• युनिसेफ<br>• UNFPA<br>• UNHCR<br>• VSO<br>• सेभ द चिल्ड्रेन<br>• नेपाल रेडक्रस सोसाइटी<br>• ओरेक नेपाल | • प्रभावित समुदायको अधिकारको कुनै पनि उलंघन, दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने ।<br>• मानवीय सहयोग तथा आधारभुत सेवा सुविधामा सामान पहुँच समयमा पाएको नपाएको अनुगमन गर्ने ।<br>• शिविर तथा पुनर्वासका क्षेत्रहरुमा पर्याप्त सुरक्षा गर्न महिला, वालवालिकाहरुलाई विषेश हेरचाह, संरक्षण र | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • महिला मानव अधिकार संजाल<br>• दलित जनकल्याण यूवा क्लव<br>• समग्र जन उत्थान केन्द्र<br>• समग्र विकास सेवा केन्द्र<br>• मुक्ति नेपाल<br>• सहयोगी हातहरु<br>• अन्य संघसंस्थाहरु | व्यवस्थापन गर्ने ।<br>• वृद्ध, अपाङ्ग तथा दीर्घरोगवाट पीडित व्यक्तिहरुको हेरचाह तथा संरक्षण प्रदान गर्ने ।<br>• सूचनाको प्रवाह सुनिश्चित गर्ने । | |
| ८ | खाद्य सुरक्षा | • कृषि ज्ञान केन्द्र<br>• पशु सेवा विज्ञान केन्द्र | कार्यालय प्रमुख | • भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन<br>• नेपाल पाराभेट एण्ड लाइभ स्टक एसोसिएशन सिरहा<br>• WFP<br>• FAO<br>• केयर नेपाल<br>• कृषक महासंघ | • कृषकहरुको जीवनलाई सामान्य वनाउन विभिन्न जातका विउविजन तथा विरुवाहरु वितरण गर्ने ।<br>• वाली तथा पशुजन्य रोगहरुको नियन्त्रण गर्ने ।<br>• पशुरोग विरुद्ध भ्याकसीनेसन कार्यक्रमहरु संचालन गर्ने ।<br>• पशुपंक्षीको उद्धार तथा आहार व्यवस्थापन कार्य गर्ने । | |

**नोट :** क्षेत्रगत अगुवाहरुसंगको समन्वय नेपाल रेडक्रसबाट जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वमा गर्ने ।

प्रमुख जिल्ला अधिकारी

## ४. सामान्य पूर्वतयारी योजना :

### ४.१ क्षेत्र (Cluster): समन्वय, खोजी, उद्धार, राहत तथा सूचना व्यवस्थापन

नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads): प्रमुख जिल्ला अधिकारी, सिरहा

क्षेत्रगत सदस्यहरू (Cluster members)को सूची :

| क्र. सं | जिल्लाका क्षेत्रगत साझेदारहरूको नाम | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर, ई-मेल ठेगाना |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय, सिरहा | प्र.जि.अ. | ०३३-५२०१२१, ९८५२८३७७७७ |
| २ | जिल्ला समन्वय समिति | प्रमुख | ९८५२८३२०९४ |
| ३ | स्थानीय तह | प्रतिनिधि | |
| ४ | नेपाली सेना | प्रमुख सेनानी | ०३३-४०१०५०, ९८५१०९२९०७ |
| ५ | नेपाल प्रहरी | प्रहरी उपरीक्षक | ०३३-५२०००५, ९८५२८६५५५५, १०० |
| ६ | सशस्त्र प्रहरी बल | प्रहरी उपरीक्षक | ०३३-५२०८९७, ९८६३०२८८६५ |
| ७ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ०३३-५२००९५, ५२०७१९, ९८५२८३००२३ |
| ८ | जिल्ला स्थित संचारकर्मीहरु | प्रतिनिधि | ९८५२८३०८६७ |
| ९. | गेह्न सरकारी संस्था महासंघ | प्रतिनिधि | ९८४२८२५९४६ |
| १० | उद्योग बाणिज्य संघ | प्रतिनिधि | ९८५२८३४८२५ |

**विपद् सम्बन्धी परिस्थिति : प्रकोपको सम्भावित मानवीय असर**

- सार्वजनिक पूर्वाधारहरू (सडक, पुल, विद्युत, आपुर्ति, सञ्चार) मा क्षति
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बाल-वालिका, महिला, वृद्ध-वृद्धा तथा फरक क्षमता भएका (अपाङ्ग) मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन
- विद्यालयमा कक्षा कोठा, प्रहरीचौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक सस्थाहरूमाथि परेको चाप
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्यसम्वन्धी प्रचलनहरूमा देखिएका चुनौती
- आवाससम्बन्धी सहयोग आवश्यक हुने गरी विस्थापित परिवारको सङ्ख्या

प्रमुख जिल्ला अधिकारी

**समष्टिगत उद्देश्य :**

- तयारी अवस्थाको अनुगमन गर्नका लागि अनुगमनसम्वन्धी बैठक -खोजी तथा उद्धारसम्वन्धी टोलीको गठन, खाद्य सामग्री तथा गैर खाद्य सामग्रीको पहिले नै भण्डारण अन्य क्षेत्रहरूको तयारी – हरेक १५ दिनमा
- तीनओटा क (कसले, के, कहिले) ढाँचको विकास र जिल्ला विपद् व्यवस्थापन समितिमा सूचनाको व्यवस्थापनका लागि कार्यालयको निर्धारण ।

**मानवीय सहयोगका मापदण्ड**

- प्रकोपको लगत्तै उपकरणसहित खोजी तथा उद्धार (SAR)टोली खटाउने
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने
- सबै सुविधावाट एकदमै वञ्चित समूह/ जोखिममा रहेका व्यक्तिहरूलगायत) सबैलाई न्यायोचित रूपमा गरिएको उद्धार सामग्रीको वितरण तथा सहयोगसम्बन्धी गतिविधिको अनुगमन
- अवस्था हेरी -आवश्यकतामा आधारित रहेर–मिरा (MIRA)टीम खटाउने
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदन पेस गर्ने र त्यसपछि हरेक दुई हप्तापछि
- शिविर समन्वय तथा शिविर व्यवस्थापन (CCCM)को अनुगमन गर्ने तथा प्रतिवेदन गर्ने

  (फारम सहितको) संयन्त्र
- तुरुन्त २४ घण्टाभित्र संचार माध्यमका लागि समाचार पठाउने र पहिलो हप्तामा हरेक दिन समाचार संप्रेषण गर्ने
- आ-आफ्ना मातहतका निकायहरुलाई सक्रिय पार्ने (अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन)

### ४.२ क्षेत्र (Cluster): आपत्कालीन आवास तथा गैर-खाद्य सामग्री

नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads): नेपाल रेडक्रस सोसाइटी, सिरहा

क्षेत्रगत सदस्यहरू (Cluster members)को सूची :

| क्र.सं | जिल्लाका क्षेत्रगत साझेदारहरूको नाम | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर, ई-मेल ठेगाना |
|---|---|---|---|
| १ | नेपाल रेडक्रस सोसाइटी सिरहा | सभापति | ०३३-५२००९५, ५२०७१९, ९८५२८३००२३ |
| २ | जिल्ला प्रशासन कार्यालय | प्रतिनिधि | ०३३-५२०१२१, ९८५२८३७७७ |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ३ | जि.स.स. | जि.स.अधिकारी | ०३३५२०११६<br>९८५२८४४२२२ |
| ४ | स्थानीय तहहरु | प्रतिनिधि | |
| ५ | सेभ द चिल्ड्रेन | प्रतिनिधि | ९८४१८३२७८६ |
| ६ | युनिसेफ | प्रतिनिधि | ९८५५०११८३८ |
| ७ | शहरी विकास तथा भवन निर्माण | प्रतिनिधि | ०३१-५२००८४ |
| ८ | शिक्षा विकास तथा समन्वय इकाई | जि.शि.अ. | ०३३-५२०००४<br>९८५२८३१५१५ |
| ९ | IOM | प्रतिनिधि | |
| १० | उद्योग वाणिज्य संघ सिरहा | अध्यक्ष | ९८५२८३४८२५ |
| ११ | डिभिजन वन कार्यालय | प्रतिनिधि | ०३३-५६००८३<br>९८५२८३००८२ |
| १२ | अन्य गैर सरकारी संघ संस्थाहरु | प्रतिनिधि | |

**विपद् सम्बन्धी परिस्थिति : प्रकोपका सम्भावित मानवीय असर**

- सार्वजनिक पूर्वाधारको क्षति (सडक, पुल, विद्युत् आपूर्ति, सञ्चार)
- आवासको क्षति तथा मुख्य रूपमा केटाकेटी, महिला, वृद्ध-वृद्धा र विभिन्न किसिमले सक्षम मानिस (अपाङ्ग) हरूको विस्थापन सहित व्यक्तिगत सामानहरूको क्षति
- विद्यालयका कक्षा कोठा, पुलिस चौकी तथा स्वास्थ्य केन्द्रहरूजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि दबावको सिर्जना
- सामुदायिक संस्थागत स्थानहरूमा अस्थायी आवासको उपयोग गर्दा सामुदायिक स्वास्थ्य सम्बन्धी व्यवहारमा देखिने चुनौतीहरू
- मानवीय सहयोगका लागि लक्षित जनसंख्या ।

**समष्टिगत उद्देश्य :**

- आवास : सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं प्राथमिक सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्ने । यथासम्भव यस प्रक्रियामा बढीभन्दा बढी आत्म-निर्भरता तथा आफैं व्यवस्थापन (self-management) लाई समावेश गरिनेछ ।
- शिविर समन्वय तथा शिविर व्यवस्थापन (CCCM): प्राकृतिक विपद्का कारणले घरवारविहीन वनेका मानिसहहरूका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकारको उपभोग गर्न सक्षम पार्नका निमित्त जीवन स्तर उठाई शिविरहरूमा जीवन स्तरमा सुधार ल्याउने ।

प्रमुख जिल्ला अधिकारी

**विशिष्ट उद्देश्य :**

- जल-वायुका प्रतिकूल असरहरूबाट संरक्षण प्रदान गर्नका लागि मानिसहरूसँग छाना भएका पर्याप्त ठाउँ हुनेछ ।
- जल-वायुबाट संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चित गर्नका लागि प्रभावित व्यक्तिहरूसँग पर्याप्त कम्वल एवं लुगा हुनेछ ।
- घरायसी भाँडा-कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि दैनिक उपभोग सामानहरु ( जस्तै : सावुन, तेल, नेलकटर, काँयो आदी) एवं तिनको मर्यादा तथा कल्याणका लागि औजारहरूमा परिवारहरूको पहुँच हुनेछ ।

**मानवीय सहयोगसम्बन्धी मापदण्ड :**

१. औसतमा एक व्यक्तिका लागि ३.५-४.५ वर्ग मिटरको छाना भएको क्षेत्र उपलब्ध हुने छ, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४X५ मिटरको डोरीसहितको प्लास्टिक सिट र सहायतता सामग्री

२. कम्वलमा मानिसहरूको पर्याप्त पहुँच हुनेछ ।

३ दुई वर्षसम्मका केटाकेटीहरूका लागि कम्तीमा पनि पूरा एकसेट कपडा हुनेछ ।

४. महिला, पुरूष तथा केटाकेटीहरूको लागि कम्तीमा पनि एक पूरा सेट कपडा हुनेछ । यसका अतिरिक्त, महिला तथा केटीहरूका लागि नियमित सरसफाइसम्बन्धी सामग्रीको आपूर्ति भएको हुनेछ ।

५. मानिसहरूसँग उपयुक्त घरायसी सामग्री हुनेछ । (एक सेट भाँडा)

६. शिविर बन्द गर्ने र वहिर्गमन रणनीति ।

७. शिविर खडा गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान गर्नुपर्दछ जुन जमिन सुरक्षित तथा SPHERE को मापदण्डअनुसार हुनेछ ।

८. विद्यालय तथा सार्वजनिक स्थलहरूसँग अग्रिम रूपमा नै समझदारी पत्र (MoU) मा दस्तखत भएको हुनेछ ।

९. शिविरका लागि योजना तर्जुमा गर्दा नै सांस्कृतिक तथा सामाजिक मूल्यहरू एवं परिस्थितिलाई ध्यानमा राखि गरेको हुनेछ ।

१०. शिविर खडा गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरूको रेकर्ड ।

११. नागरिक समाज, सरकार तथा सान्दर्भिक समूहसँगको परामर्शमा शिविरको स्थापना ।

### ४.३ क्षेत्र (Cluster): स्वास्थ्य तथा पोषण

**नेतृत्व प्रदान गर्ने निकाय**(Cluster Leads) :**स्वास्थ्य कार्यालय, सिरहा**

**क्षेत्रगत सदस्यहरू**(Cluster members)**को सूची** :

| क्र. सं | जिल्लाका क्षेत्रगत साझेदार (Cluster Partners)को नाम | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर र ई-मेल ठेगाना |
|---|---|---|---|
| १ | स्वास्थ्य कार्यालय, सिरहा | स्वास्थ्य प्रमुख | ०३३-५२०२८१<br>९८५२८८०५१२ |
| २ | स्थानीय तहहरु | प्रतिनिधि | |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ३ | विश्व स्वास्थ्य संगठन | प्रतिनिधि | ९८५२८३०१३८ |
| ४ | युनिसेफ | प्रतिनिधि | ९८५५०११८३८ |
| ५ | सेभ द चिल्ड्रेन | प्रतिनिधि | ९८४१८३२७८६ |
| ६ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ०३३-५२००९५, ५२०७१९, ९८५२८३००२३ |
| ७ | सगरमाथा चौधरी आँखा अस्पताल | प्रतिनिधि | ९८५२८३०६९१ |
| ८ | आसमान नेपाल | प्रतिनिधि | ९८४२८३५८५८ |
| ९ | वागमती सेवा समाज | प्रतिनिधि | |
| १० | सुनौलो परिवार नेपाल | प्रतिनिधि | |
| ११ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संघसंस्थाहरु | प्रतिनिधि | |

**विपद् सम्बन्धी परिस्थिति : प्रकोपको सम्भावित मानवीय असर (स्वास्थ्य र पोषण)**

- चोटपटक, घाइतेहरू, हैजा, औलो, आउँ र दादुरा एवं पखालासम्वन्धी रोग, गम्भीर श्वास -प्रश्वाससम्वन्धी सङ्क्रमण, ज्वरो, आँखा अथवा छालाका रोग, आँखा रातो हुने रोग (conjunctivitis) जस्ता सङ्क्रामक रोगहरूमा वृद्धि, सर्प दशंमा बृद्धि
- एचआईभीएड्स तथा क्षयरोग फैलने क्रममा वृद्धि
- स्वास्थ्य क्लिनिकहरू नष्ट हुनु र/अथवा पहुँच नहुनु
- औषधी उपचारका उपकरण तथा औषधीको हानि-नोक्सानी
- खाद्य सामग्रीको तीव्र अभावको कारणले गर्दा गम्भीर कुपोषणमा वृद्धि, स्वास्थ्य एवं सामाजिक सेवाहरूमा घट्दो पहुँच,
- विपद्को कारणले बढ्दो मानसिक स्वास्थ्य समस्या ।
- COVID-19 को संक्रमणले गर्दा मृत्यु एवं दैनिक जीवनमा नकारात्मक असरहरु वृद्धि ।

**समष्टिगत उद्देश्य** :

- जस्तोसुकै आपत्कालीन अवस्था परे तापनि मानव जीवन सुरक्षा तथा कल्याण (human survival and well-being), खास गरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषणसम्बन्धी आवश्यकताहरू पूरा भएका छ कि छैन भनी सुनिश्चित गर्ने ।

**विशिष्ट उद्देश्य (स्वास्थ्य)** :

- COVID-19, झाडापखाला, हैजा, औलो तथा अन्य पानीजन्य एवं कीटजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्नका निमित्त स्वास्थ्य कार्यालयले सहयोग गर्ने

प्रमुख जिल्ला अधिकारी

- अरू द्रुत लेखाजोखा (Rapid Assesment) सँग एकीकृत गरि स्वास्थ्य तथा पोषण (अवस्था तथा सेवाहरू) को द्रुत सर्वेक्षण क्षमतालाई सुदृढ पार्ने ।
- रोग फैलन गएका खण्डमा सहयोग तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने ।
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न, स्वास्थ्य शिविरको सञ्चालन गर्न र अर्को निकायमा पठाउने संयन्त्र (Referral Mechanism) को विकास गर्न स्वास्थ्य कार्यालयले स्थानीय तहलाई सहयोग पुऱ्याउने ।

**विशिष्ट उद्देश्य (पोषण) :**

- COVID-19 को संक्रमण न्यूनीकरण गर्न स्वास्थ्य तथा सुरक्षा सम्वन्धि मापदण्ड/प्रोटोकलको पालना गर्ने गराउने ।
- विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme - SFP) मा पहुँचको माध्यमबाट गर्भवती तथा दूध खुवाउने महिला एवं पाँच वर्षमुनिका केटाकेटीहरूमा गम्भीर कुपोषणको वृद्धिलाई रोकथाम गर्न स्वास्थ्य कार्यालयले स्थानीय तहलाई सहयोग गर्ने ।
- गम्भीर कुपोषण (Severe Acute Malnutrition - SAM) को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न स्वास्थ्य कार्यालयले स्थानीय तहलाई सहयोग गर्ने ।
- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन स्वास्थ्य कार्यालयले मद्दत गर्ने ।
- भिटामिन ए को वितरण/जूका मार्ने औषधी तथा प्रभावित केटाकेटीहरूका लागि खोपसम्वन्धी गतिविधिहरू सुनिश्चित गर्नका निमित्त स्वास्थ्य कार्यालयले सहयोग गर्ने ।

**मानवीय सहयोगसम्बन्धी न्यूनतम मापदण्ड :**

- प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्यसम्बन्धी निगरानी (Healt surveillance) शुरु हुन्छ ।
- समुदायको तहमा रोग तथा चोट-पटकको उपचार विद्यमान प्राथमिक स्वास्थ्य केन्द्र प्रणालीको माध्यमबाट, स्वास्थ्य संस्थाहरूमा केही उपचार एवं थोरै संख्यामा गम्भीर बिमारीहरूलाई सिफारिश गरी अन्य केन्द्रहरू (referral centres) मा पठाई आपत्कालीन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिनेछ । ।
- सिफारिश गरी पठाइने अन्य केन्द्रहरू (referral centres) मा पुग्नका निमित्त बिरामीहरुका लागि उपयुक्त यातायातको प्रवन्ध गरिनेछ ।

**४.४ क्षेत्र (Cluster): खानेपानी, सरसफाइ तथा स्वच्छता**

**नेतृत्व प्रदान गर्ने निकाय**(Cluster Leads): **खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय**

**क्षेत्रगत सदस्यहरू**(Cluster members) **को सूची :**

| क्र सं | जिल्लाका क्षेत्रगत साझेदारहरू (Cluster Partners)नाम | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर र ई-मेल ठेगाना |
|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | कार्यालय प्रमुख | ०३३५६०१३६, ५६०५१९ ९८५२८३२८५८ |
| २ | जिल्ला समन्वय समिति | जि. स. अधिकारी | ०३३५२०११६ |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ३ | स्थानीय तहहरु | प्रतिनिधि | |
| ४ | युनिसेफ | प्रतिनिधि | ९८५५०११८३८ |
| ५ | सेभ द चिल्ड्रेन | प्रतिनिधि | ९८४१८३२७८६ |
| ६ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ०३३५२००९५, ५२०७१९, ९८५२८३००२३ |
| ७ | Water Aid | प्रतिनिधि | ९८४७२७९७३२ |
| ८ | गैह सरकारी संस्था महासंघ | प्रतिनिधि | ९८४२८२५९४६ |
| ९ | पत्रकार महासंघ | प्रतिनिधि | ९८५२८३०८६७ |
| १० | आसमान नेपाल | प्रतिनिधि | ९८४२८३५८५८ |
| ११ | सवल नेपाल | प्रतिनिधि | ९८०१५५००३८ |
| १२ | दलित जनकल्याण यूवा कल्व | प्रतिनिधि | ९८४२८५११६० |
| १३ | श्रृजना सामुदायिक विकास केन्द्र | प्रतिनिधि | ९८५२८३०३८४ |
| १४ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संघसंस्थाहरु | प्रतिनिधि | |

**विपद् सम्बन्धी परिस्थिति : प्रकोपको सम्भावित मानवीय असर**

- बाढीको कारणबाट होचो स्थानमा रहेका क्षेत्रहरूमा सुरक्षित खाने पानीको मुहान् अवरुद्ध हुने गरी इनार/ट्यूववेलहरू दूषित हुनेछन् र सम्भवत : बाढीमा डुब्नेछन् ।
- वातावरण दूषित हुने गरी शौचालयहरू भरिन सक्दछन् ।
- सुरक्षित पानीको अभाव तथा ढलबाट दूषित वातावरणले गर्दा झाडा तथा हैजा फैलने जोखिम बढ्नेछ ।
- स्वच्छ खानेपानी तथा सरसफाइका सुविधाहरूमा पहुँच आवश्यक हुने विस्थापित परिवारहरूको कुल सङ्ख्या बढ्नेछ ।

**समष्टिगत उद्देश्य :**

- खानेपानी तथा सर-सफाइसँग सम्बन्धित रोगहरू फैलन नदिन तिनको रोकथाम गर्ने ।

**विशिष्ट उद्देश्य :**

- विस्थापित समुदायका लागि, खास गरी शिविरमा बस्ने मानिसहरूका लागि सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवं नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- प्रभावित मानिसहरूलाई आधारभूत स्वास्थ्यसम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वच्छतासँग सम्बन्धित व्यावहारिक प्रचलनहरूका बारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सुग्घर-सफा (Cleanliness)कायम गर्न तिनको सशक्तीकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

प्रमुख जिल्ला अधिकारी

**खानेपानी तथा सरसफाइका क्षेत्रमा मानवीय सहयोगका न्यूनतम मापदण्ड :**

१. विपद्पछि पहिलो हप्तासम्म पाइपद्वारा अथवा जिल्ला सदरमुकामको खानेपानी योजनासँग सम्वन्ध कायम गरी खाने पानी भण्डारण गरिने ट्याङ्कीद्वारा र प्रतिदिन प्रतिव्यक्ति न्यूनतम ५ लीटर पानी उपलब्ध गराउने र पहिलो ४ हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लीटर पुऱ्याउने ।

२. शिविरमा वस्ने विस्थापित मानिसहरू तथा घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएका व्यक्तिहरूका लागि पानी सङ्कलन गर्नका लागि बाल्टीन र पानी शुद्ध गर्नका लागि ३० दिनसम्म खानेपानी शुद्ध गर्ने ट्याब्लेट (Tablets)अथवा वाटर गार्ड (Water guard) उपलब्ध गराउने ।

३. शिविरमा बसोबास गर्ने विस्थापित मानिसहरूका लागि उपयुक्त सरसफाइ एवं महिलाहरूका लागि नुहाउने सुविधाका निमित्त अस्थायी चर्पी (हरेक २० व्यक्तिका लागि एक चर्पी र पहिलो हप्ताभित्र हरेक १० व्यक्तिका लागि एक चर्पीका दरले सोलाई बढाउने गरी) को निर्माण गर्ने ।

४. प्रभावित मानिसहरूलाई स्वच्छता सम्वन्धी किट (kits) वितरण गर्ने र स्वास्थ्य प्रवर्धनसम्वन्धी गतिविधिहरू (पानी शुद्ध पार्ने उचित तरिका र साबुनद्वारा हात धुने) सञ्चलन गर्ने ।

५. एकरूपताका लागि जिल्ला आकस्मिक योजनालाई राष्ट्रिय आकस्मिक योजनासँग मेल खाने गरी तयार पार्ने ।

## ४.५ क्षेत्र (Cluster): वन्दोवस्ति

**नेतृत्व प्रदान गर्ने निकाय**(Cluster Leads): **जिल्ला प्रशासन कार्यालय**

**क्षेत्रगत सदस्यहरू**(Cluster members)**को सूची :**

| क्र सं | जिल्लाका क्षेत्रगत साझेदारहरू (Cluster Partners)नाम | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर र ई-मेल ठेगाना |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय, सिरहा | प्र.जि.अ. | ०३३-५२०१२१, ९८५२८३७७७७ |
| २ | नेपाली सेना | प्रमुख सेनानी | ०३३-४०१०५०, ९८६३०२८८६५ |
| ३ | नेपाल प्रहरी | प्रहरी उपरीक्षक | ०३३-५२०००५, ९८५२८६५५५५,१०० |
| ४ | सशस्त्र प्रहरी बल | प्रहरी उपरीक्षक | ०३३-५२०८९७, ९८५१२७२१०५ |
| ५ | सडक डिभिजन कार्यालय | प्रतिनिधि | ९८५२८८६००१ |
| ६ | नेपाल विद्युत प्राधिकरण | प्रतिनिधि | ०३३-५२०११५, ९८५२८२२२०३ |
| ७ | नेपाल टेलिकम | प्रतिनिधि | ०३३-५२०४४४ ९८५२८३२१११ |
| ८ | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय | प्रतिनिधि | ०३३-५६२२३८ |

३६

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ९ | डिभिजन वन कार्यालय | प्रतिनिधि | ९८५२८३००८२ |
| १० | भू.संरक्षण कार्यालय | प्रतिनिधि | ०३३-५६०३३७<br>९८५२८३३१३४ |
| ११ | कमला सिंचाइ डिभिजन | प्रतिनिधि | ९८४१४९१३४५ |
| १२ | कमला नदी नियन्त्रण आयोजना | प्रतिनिधि | ९८५२०७५१९९ |

**विपद् सम्बन्धी परिस्थिति : प्रकोपको सम्भावित मानवीय असर**

- सार्वजनिक पूर्वाधारहरू (सडक, पुल, बिद्युत, आपुर्ति, सञ्चार) मा क्षति
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बाल-वालिका, महिला, वृद्ध-वृद्धा तथा फरक क्षमता भएका (अपाङ्ग) मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन
- विद्यालयमा कक्षा कोठा, प्रहरीचौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि चाप
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा वसेको समयमा सामुदायिक स्वास्थ्यसम्बन्धी प्रचलनहरूमा देखिएका चुनौती
- आवाससम्बन्धी सहयोग आवश्यक हुने गरी विस्थापित परिवारको सङ्ख्या

**समष्टिगत उद्देश्य** :

- प्रभावित व्यक्तिको जीवन तथा सम्पती, स्वास्थ्य, जोविकोपार्जन तथा उत्पानका साधनहरु, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्ने

**विशिष्ट उद्देश्य** :

- राहत वितरणको लागि आवश्यक यातायातका साधनहरुको परिचालनको सुनिश्चितता गर्ने ।
- अस्थाई वसोवास तथा राहत शिविरहरुमा आवश्यक विजुली तथा टेलिफोनको प्रवन्ध मिलाउने ।
- भत्किएको सडकको पुन निर्माणको सुनिश्चितता गर्ने ।
- अस्थाई पुलहरुको व्यवस्था गर्ने ।
- नदीहरुको नियन्त्रण तथा तटवन्ध निर्माणको सुनिश्चितता गर्ने ।
- सडकहरु मर्मत सम्भार गरि यातायात सुचारु गर्ने प्रवन्ध मिलाउने ।

प्रमुख जिल्ला अधिकारी

## ४.६ क्षेत्र (Cluster): शिक्षा

**नेतृत्व प्रदान गर्ने निकाय**(Cluster Leads): **शिक्षा विकास तथा समन्वय इकाई, सिरहा**

**क्षेत्रगत सदस्यहरू**(Cluster members)**को सूची :**

| क्र सं | जिल्लाका क्षेत्रगत साझेदारहरू (Cluster Partners)नाम | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर र ई-मेल ठेगाना |
|---|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाई | इकाई प्रमुख | ०३३-५२०००४<br>९८५२८३१५१५ |
| २ | जिल्ला समन्वय समिति | प्रमुख | ०३३५२०११६ |
| ३ | स्थानीय तह | प्रतिनिधि | |
| ४ | युनिसेफ | प्रतिनिधि | ९८५५०११८३८ |
| ५ | सेभ द चिल्ड्रेन | प्रतिनिधि | ९८४१८३२७८६ |
| ६ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ०३३५२००९५,<br>५२०७१९, ९८५२८३००२३ |
| ७ | गैह्र सरकारी संस्था महासंघ | प्रतिनिधि | ९८४२८२५९४६ |
| ८ | आसमान नेपाल | प्रतिनिधि | ९८४२८३५८५८ |
| ९ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संघसंस्थाहरु | प्रतिनिधि | |

**विपद्सम्बन्धी परिस्थिति : प्रकोपको सम्भावित मानवीय असर (शिक्षा) :**

- विद्यालय भवनहरू र शिक्षण/सिकाइका सामग्रीहरूको नष्ट
- शिक्षक/विद्यार्थीहरू हताहत /जनको क्षति
- विद्यालयहरूसम्म पहुँच नहुनु
- विद्यालयमा क्षति हुनाले शिक्षामा अवरोध
- आन्तरिक रूपमा विस्थापितहरूका लागि प्रभावित नभएका विद्यालयहरू आवासको रूपमा परिणत हुन्छन् । आतिथ्य प्रदान गर्ने विद्यालय (Host schools) को पढाइमा अवरोध
- केटाकेटी तथा शिक्षकहरूमा विपद्को मनोवैज्ञानिक असरले गुणस्तरीय सिकाइ एवं सिक्ने प्रक्रियामाथि प्रभाव पार्छ ।

**समष्टिगत उद्देश्य :**

- विकास गर्न, संरक्षण प्राप्त गर्न र सामान्य अवस्था एवं स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्ण केटाकेटीहरूको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने ।
- सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर विपद्बाट परेको मनोवैज्ञानिक असरको सामना गर्ने कार्यमा केटाकेटीहरू र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुऱ्याउने ।

प्रमुख जिल्ला अधिकारी

**विशिष्ट उद्देश्य :**

- प्राकृतिक विपद्‌बाट प्रभावित विद्यालय जाने उमेरका केटाकेटी तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूलाई सहयोग उपलब्ध गराउने ।
- प्रभावकारी आपत्‌कालीन पूर्वतयारी तथा सहयोगलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समूहका सदस्यहरू (Cluster members)का बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान- प्रदान सुनिश्चित गर्ने
- आपत्‌कालीन परिस्थितिमा पहिलो सहयोग उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने
- द्रुत तथा चालू (Rapid and on-going) शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने र आपत्‌कालीन परिस्थितिमा रहेका केटाकेटीहरूको शिक्षाका निमित्त युनिसेफका प्रमुख प्रतिवद्धताहरू (UNICEF's Core Commitments to Children in Emergencies for Education) का न्यूनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- आपत्‌कालीन परिस्थितिमा सहयोग उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरू (Clusters) सँग सम्बन्धको स्थापना तथा त्यसलाई सुदृढ पार्ने ।

**शिक्षामा मानवीय सहयोगसम्बन्धी न्यूनतम मापदण्ड :**

- विपद्‌ परेको पहिलो हप्ताभित्र शिक्षासम्बन्धी सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment)सञ्चालन गर्ने,
- जिल्ला शिक्षा कार्यालय र स्थानीय क्षेत्रगत सदस्यहरू (Cluster Members)सँगको समन्वयमा तथा प्रभावित समुदायहरूसँगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बाल-बालिकाहरूको शिक्षालाई जारी राख्नका निमित्त तिनका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने
- सम्भव भएसम्म यथाशक्य चाँडो अर्थात्‌ सिद्धान्तत : पहिलो दुई हप्ताभित्र, न्यूनतम मापदण्डबमोजिम ६ देखि ८ हप्ताभित्र न्यूनतम पूर्वाधारसहित विद्यालय जाने बाल-बालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ तथा स-साना बाल-बालिकाहरूका लागि सुरक्षित ठाउँ खडा गर्ने
- विद्यालयहरू पुनः खुला गराएर र शिक्षण-सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध-संरचनागत (Semi-structured)मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरूको पुनः एकीकरण प्रारम्भ गर्ने

प्रमुख जिल्ला अधिकारी

- विद्यालयबाहिर रहेका बाल-बालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्ना गरिएका छन् अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने
- पीडित बाल-बालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा क्रमश : तिनलाई सम्वन्धित पार्दै लैजाने

**वर्तमान अवस्था**

- विपद् व्यवस्थापन सम्वन्धी क्रियाकलापहरु विद्यालय स्तरमा न्यून मात्रामा हुनु ।
- विद्यार्थी तथा शिक्षकहरुलाई प्रकोपको समयमा वढी भन्दा वढी परिचालन गर्न नसक्नु ।
- विद्यालयका भवनहरु प्रकोपको दृष्टीकोणवाट जोखीम रहित नहुनु ।
- परेको वेलामा तुरुन्त प्रकोप व्यवस्थापन सम्वन्धी कार्यमा परिचालन हुने दक्ष जनशक्तिको अभाव ।
- जिल्लामा शिक्षा योजना भित्र प्रकोप व्यवस्थापनलाई प्राथमिकता नदिनु ।

**प्रभावकारी अणुक्रिया (Effective Response) को लागि गर्नु पर्ने पूर्वतयारी**

- प्रत्येक विद्यालयहरुमा प्रकोप व्यवस्थापन सम्वन्धी सवालहरुलाई विद्यालयको SIPमा सम्वोधन गर्नु पर्ने ।
- विद्यालय स्तरमा प्रकोप व्यवस्थापन सम्वन्धी दक्ष जनशक्तिहरु तयार गर्नु पर्ने ।
- भवन निर्माण सम्वन्धी आचार संहिता (Bulding Code) लाई पूर्ण रुपमा परिचालन गर्नु पर्ने ।
- प्रत्येक विद्यालयहरुमा प्रकोप व्यवस्थापन औजार (Disaster Kit) र प्राथमिक उपचार वाकस (First Aid Kit) को व्यवस्था गर्नु पर्ने ।
- विद्यालयहरुमा आकस्मिक विपद् जोखीम न्यूनीकरण (Disaster Risk Reducation) कार्यक्रमहरु संचालन गर्नु पर्ने ।

## ४.७ क्षेत्र (Cluster): संरक्षण

**नेतृत्व प्रदान गर्ने निकाय**(Cluster Leads): **जिल्ला प्रशासन कार्यालय, सिरहा**

**क्षेत्रगत सदस्यहरू**(Cluster members)**को सूची :**

| क्र सं | जिल्लाका क्षेत्रगत साझेदारहरू (Cluster Partners)नाम | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर र ई-मेल ठेगाना |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | सहायक प्रमुख जिल्ला अधिकारी | |
| २ | स्थानीय तह | प्रतिनिधि | |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ३ | नेपाल प्रहरी | प्रहरी उपरीक्षक | ०३३-५२०००५, ९८५२८६५५५५,१०० |
| ४ | सशस्त्र प्रहरी बल | प्रहरी उपरीक्षक | ०३३-५२०८९७, ९८५१२७२१०५ |
| ५ | युनिसेफ | प्रतिनिधि | ९८५५०११८३८ |
| ६ | UNFPA | प्रतिनिधि | |
| ७ | UNHCR | प्रतिनिधि | |
| ८ | सेभ द चिल्ड्रेन | प्रतिनिधि | ९८४१८३२७८६ |
| ९ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ०३३५२००९५, ५२०७१९, ९८५२८३००२३ |
| १० | ओरेक नेपाल | प्रतिनिधि | ९८४२८४४६५८ |
| ११ | महिला मानव अधिकार संजाल | प्रतिनिधि | |
| १२ | दलित जनकल्याण यूवा कल्व | प्रतिनिधि | ९८४२८५११६० |
| १३ | समग्र जन उत्थान केन्द्र | प्रतिनिधि | ९८५२८३२७७५ |
| १४ | समग्र विकास सेवा केन्द्र | प्रतिनिधि | |
| १५ | मुक्ति नेपाल | प्रतिनिधि | ९८५२८३२६९७ |
| १६ | इन्सेक | प्रतिनिधि | |

**विपद् सम्बन्धी परिस्थिति : प्रकोपको सम्भावित मानवीय असर (संरक्षण/बाल संरक्षण) :**

- जनको क्षति, अनाथहरूको सङ्ख्यामा वृद्धि
- मानिस तथा पाल्तू जनावरहरूको आन्तरिक विस्थापन
- घाइते बाल-बालिका
- विद्यालय बन्द, शैक्षिक अवसरहरूमा अवरोध
- बढ्दो दुरुपयोग र शोषण
- विछोडिएका तथा एकल बाल-बालिका
- सम्भावित मानसिक आघात (Trauma)तथा मनोवैज्ञानिक विपत्ति
- लिङ्गमा आधारित हिंसा (Gender–Based Violence - GBV)को बढ्दो जोखिम
- सामना गर्ने संयन्त्र (Coping mechanism)मा अवरोध
- भेदभाव
- शान्ति सुरक्षाको अभाव तथा सामान्य असुरक्षाको वातावरण
- केही समुदाय अथवा समूहहरूका लागि मानवीय सहयोगमा पहुँच नहुनु अथवा पहुँच अपर्याप्त हुनु

प्रमुख जिल्ला अधिकारी

**समष्टिगत उद्देश्य :**
बाल-बालिकालगायत जोखिममा रहेका समूहहरूले आपत्कालीन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाबाट संरक्षण प्राप्त गर्दछन् ।
**विशिष्ट उद्देश्य :**
१. नेपालका प्राकृतिक विपद् तथा अन्य आपत्कालीन परिस्थितिहरूमा उपलब्ध गराइने सहयोग कार्यक्रमहरूमा जोखिममा रहेका समूहहरूका लागि मानव अधिकारसम्बन्धी कानुन, अन्तर्राष्ट्रिय मानवीय कानुन तथा राष्ट्रिय कानुनले प्रत्याभूत गरेका (Guaranteed)मौलिक अधिकारहरूको संरक्षण गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने
२. जोखिममा रहेका समूहहरूको संरक्षण सुनिश्चित गरी आपत्कालीन सहयोगको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने
३. आपत्कालीन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाका जोखिमहरूलाई सम्बोधन गरी प्रकोपबाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुर्व्यवहारवाट प्रभावित भई जीवित व्यक्तिहरूका लागि सेवासम्बन्धी प्रावधानहरूमा सहयोग उपलब्ध गराउने
४. बाल-मैत्री ठाउँ तथा मनो-सामाजिक परामर्शसम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणमा बाल-बालिका तथा महिला रमाउँदछन् भन्ने कुरा सुनिश्चित गर्ने
५. विछोड भएका बाल-बालिका, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका केटाकेटी तथा किशोरीहरूले पहिचान, दर्ता तथा स्वास्थ्यसम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोगपछि उपयुक्त सेवा तथा संरक्षणका सुविधासहित परिवारको खोजी गर्ने कार्यमा सहयोग प्राप्त गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने
६. यौन दुर्व्यवहार तथा हिंसाका विरुद्ध तिनको अनुगमन, प्रतिवेदन तथा पैरवी (Advocacy)गर्ने प्रणालीको स्थापना गरी बाल-बालिका तथा महिलाहरूको यौन दुर्व्यवहार तथा शोषणको रोकथाम गर्ने ।

[१] *जोखिममा रहेका समूह भनेका त्यस्ता मानिसहरू हुन् जुन विविध प्रकारका आपत्कालीन परिस्थितिहरूमा विभिन्न समस्याको बढ्दो जोखिममा रहेका देखिन्छन् । यस्ता समूहअन्तर्गत महिला, बाल-बालिका, वृद्ध-वृद्धा, तीव्र सामाजिक तिरस्कारको अनुभव गर्ने व्यक्ति (दलित), थुनामा राखिएका व्यक्ति, थुना, अपहरण अथवा हिंसाको निसाना बनाइने जोखिममा रहेका युवा-युवती, एकदमै गरिब मानिस, शरणार्थी, आन्तरिक रूपमा विस्थापित व्यक्ति, असाधारण परिस्थितिका आप्रवासी, पहिलेदेखि नै कडा शारीरिक, स्नायुविक (Neurological) अथवा मानसिक अपाङ्गता अथवा असन्तुलन भएका मानिसका साथै दीर्घकालीन रोगबाट पीडित व्यक्ति पर्दछन् (IASC Guidelines on Mental Health and Psychosocial Support in Emergency Settings)*

**संरक्षणमा मानवीय सहयोगको न्यूनतम मापदण्ड :**

- प्रभावित जनसमुदायको अधिकारको कुनै पनि उल्लङ्घन, दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेस गर्ने संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने ।
- बिभिन्न समुदायका सदस्यहरुबाट, विशेषतः अति गरिब तथा पछाडी पारिएका समुहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुविधामा समान पहुँच सहयोग पाए नपाएको अनुगमन गर्ने ।

४७

प्रमुख जिल्ला अधिकारी

- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने ।
- बाल-मैत्री ठाउँलगायत बाल-बालिका तथा महिलाहरूका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने ।
- शिक्षा तथा संरक्षणसम्बन्धी सहयोग कार्यक्रममा मनो-सामाजिक सहयोगलाई एकीकरण गर्ने ।
- हेरचाह गर्ने व्यक्तिहरूबाट बाल-बालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।
- बिछोडिएका तथा परिवार साथ नभएका बाल-बालिकाहरू, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका बाल-बालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने ।
- परिवारबाट बिछोडिएका तथा साथ नभएका बाल-बालिकाहरू र अन्य जोखिममा परेका समूह जस्तैः परिवार नभएका, वृद्ध, अपाङ्ग तथा दीर्घ रोगबाट पिडित समूहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने (बास तथा अन्य सेवाको व्यवस्था) ।
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित मानिसहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने ।
- शिविर तथा पुनर्वासका क्षेत्रहरूमा पर्याप्त सुरक्षाका लागि पैरवी (Advocacy)गर्ने ।

### ४.८ क्षेत्र (Cluster): खाद्य सुरक्षा

**नेतृत्व प्रदान गर्ने निकाय**(Cluster Leads): **कृषि ज्ञान केन्द्र/पशु सेवा विज्ञान केन्द्र**

**क्षेत्रगत सदस्यहरू**(Cluster members)**को सूची** :

| क्र सं | जिल्लाका क्षेत्रगत साझेदारहरू (Cluster Partners)नाम | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर र ई-मेल ठेगाना |
|---|---|---|---|
| १ | कृषि ज्ञान केन्द्र | प्रमुख | ९८५२८२०७६५ |
| २ | पशु सेवा विज्ञान केन्द्र | प्रमुख | ९८५२८३४८०१ |
| ३ | भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन | प्रतिनिधि | ९८५४०३०८७४ |
| ४ | नेपाल पाराभेट एण्ड लाइभ स्टक एसोसिएशन | प्रतिनिधि | |
| ५ | WFP | प्रतिनिधि | ९८४२०२३७९९ |
| ६ | FAO | प्रतिनिधि | |
| ७ | केयर नेपाल | प्रतिनिधि | . |



प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ८ | कृषक महासंघ | प्रतिनिधि | |

**विपद् सम्बन्धी परिस्थिति : प्रकोपको सम्भावित असर**

- खेतीयोग्य जमीन नष्ट तथा डुवान एवं कटान
- घर भित्रयाउने वालीनालीहरुको क्षति
- खाधान्न एवं फलफूलको अभावमा भोकमरीको आवस्था
- पशु पंक्षीहरुमा विभिन्न किसिमको रोग देखा पर्नु तथा पशु हरु मर्नु, पानीमा वग्नु ।

**समष्टिगत उद्देश्य :**

- कृषि तथा पशु पंक्षीमा आधारित परिवारहरुको जीवनलाई समान्य वनाउनु ।
- पीडित परिवारहरुलाई आत्मनिर्भरता वनाउन पहल र सहयोग गर्ने ।

## ५. आपत्कालीन प्रतिकार्य योजना :

### ५.१ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना :

नेपालको सात प्रदेशहरु मध्ये मधेश प्रदेश अन्तर्गत रहेका आठ जिल्लाहरु मध्ये सिरहा जिल्ला पूर्ववाट दोश्रो जिल्लाको रुपमा पूर्व दक्षिण भुभागमा अवस्थित तराईको एक जिल्ला हो । यसको पूर्वमा सप्तरी, पश्चिममा धनुषा, उत्तरमा उदयपुर र दक्षिणमा भारतको विहार राज्यको मधुवनी जिल्ला पर्दछ । यो जिल्ला ८६°६' पूर्वी देशान्तर देखि ८६°२६' पूर्वी देशान्तर र २६°३३' उत्तरी अकांश देखि २६°५५' उत्तरी अक्षांश भित्र अवस्थित रहेको छ । यसको उचाई समुन्द्र सतह देखि ७६ मिटर (२४९.२८ फिट) देखि ८८५ मिटर (२९०३ फिट) सम्म रहेको छ । यहाँ वर्षा औसत १४६७ देखि १५५९ मिलिलिटरसम्म (८० प्रतिशत मनसुनी वर्ष गृष्म ऋतुमा) हुने गर्दछ । यस जिल्लामा कमला, घुर्मी, वलान, मैनावती, खुट्टी, गागन, सहजा, वतहा, जिवा, भेडवा, डिम्मा प्रमुख नदीहरु रहेको छ । विगतको तथ्यांकहरु र यस वर्ष मनसुनबाट हुन सक्ने प्रभाव सम्वन्धी विभिन्न निकायहरु एवं नेपाल जल तथा मौसम विज्ञान विभाग समेतको प्रक्षेपण/पूर्वानुमानलाई आधार मान्दै सिरहा जिल्लामा रहेका कूल १२३५३६ घरधुरीहरु मध्ये २०००० घरधुरीका लगभग १००००० जना प्रभावित हुन सक्ने अनुमान गरिएको छ ।

बर्षायाममा सम्भावित बाढी, पहिरो, डुवान, हावाहुरी, चटयाङ्ग, सर्पदंश जस्ता प्रकोपहरुका कारण यस जिल्लामा प्रत्येक वर्ष ठुलो जनधनको क्षति हुने गरेको हुँदा क्षतिलाई न्युनिकरण गर्न विपद् व्यवस्थापनका क्षेत्रमा कार्य गर्ने जिल्ला भित्रका सवै सरकारी निकाय तथा गैह्र सरकारी संघसंस्थाहरुले मनसुन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना वनाई तयारी अवस्थामा रहने आवश्यकता देखिएकोमा यस अघि हुँदै आएका कामलाई समेत समेटी मिति २०७९ जेष्ठ १६ गतेका दिन जिल्ला विपद् व्यवस्थापन समितिको बैठक वसी मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ लाई स्वीकृति गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो । विपद् जोखिम न्यूनिकरण, पूर्व तयारी, खोज तथा उद्धार र राहत लगायतको कार्यहरु यसै कार्ययोजना अनुसार सम्बन्धित निकायहरुले गर्ने समेत निर्णय गरियो ।

प्रमुख जिल्ला अधिकारी

कार्य योजना

## १) बाढीबाट विगतमा भएको क्षतिको विवरण : (वि.सं.०५९ देखि २०७६ सम्मको वाढीको तुलनात्मक अध्ययन) :

सिरहा जिल्लामा वाढीवाट वढी प्रभावित हुने भएकोले वाढीलाई प्रमुख प्राथमिकता दिई विगतमा ठुलो रुपमा आएको वाढीपहिरोको तथ्याङ्कलाई आधार मानी योजना तर्जुमाको पूर्वानुमानको लागि तपसील अनुसारको तथ्याङ्क प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | २०५९ | २०६१ | २०६४ | २०७१ | २०७४ | २०७६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रकोप भएको समय | २०५९ श्रावण ५ देखी ७ सम्मको अविरल वर्षाको पानी र वाढीवाट | २०६१ आषाढ २२ देखी २८ सम्मको अविरल वर्षाको पानी र वाढीवाट | २०६४ श्रावण १ देखी १६ सम्मको अविरल वर्षाको पानी र वाढीवाट | २०७१ श्रावण २८ र २९ गतेको अविरल वर्षा र वाढीवाट | २०७४ श्रावण २७ देखि ३० गते सम्मको अविरल वर्षा र वाढीवाट | २०७६ आषाढ २५ देखि २९ गते सम्मको अविरल वर्षा र वाढीवाट |
| २ | प्रभावित गा.पा./न.पा. | ३४ गा.वि.स.र २ न.पा. | ७० गा.वि.स.र २ न.पा. | ८१ गा.वि.स.र २ न.पा. | १ न.पा. र ८ गा.वि.स. | ९ गा.पा. र ८ न.पा. | ७ गा.पा. र ७ न.पा. |
| ३ | मृत्यु | १ जना | ११ जना | ४ जना | २ जना | | ६ जना |
| ४ | घाइते | ५ जना | ३३ जना | १५ जना | ७ जना | | ३२ जना |
| ५ | पूर्ण रुपमा प्रभावित घर परिवार | १,०९५ परिवार | २,७११ परिवार | ४,२८६ परिवार | ६७ परिवार | १६२९ परिवार | ४५२८ परिवार |
| ६ | आंशिक रुपमा प्रभावित घर परिवार | २,२२० परिवार | ७,२८२ परिवार | ५,७१८ परिवार | १३२ परिवार | ३८५३ परिवार | ७९९७ परिवार |
| ७ | कूल प्रभावित घर परिवार | ३,३१५ परिवार | ९,९९३ परिवार | १०,००४ परिवार | १९९ परिवार | ५४८२ परिवार | १२५२५ परिवार |
| ८ | प्रभावित जनसंख्या | १८,७२९ जना | ५७,२८९ जना | ५७,०३७ जना | ११९५ जना | ५८००० जना | ६२२४९ जना |
| ९ | जग्गाको अन्दाजी क्षति | ३० हजार विगहा | ५० हजार विगहा | ५० हजार विगहा | २० हजार विगहा | ५० हजार विगहा | ५० हजार विगहा |
| १० | क्षतिको कूल अनुमानित रकम | रु. ७ करोड | रु. १० करोड | रु. १० करोड | १ करोड ४७ लाख | ५० करोड | ५० करोड |

४५

प्रमुख जिल्ला अधिकारी

उल्लेखित विवरण वाहेक सडक, विद्यालय, सामाजिक संरचनाहरु, स्वास्थ्य संस्थाहरु, कुलोकुलेसो, पुलपुलेसो, तटवन्ध, व्यक्तिगत घरहरु, खानेपानीका साधनहरु, सरकारी तथा गैर सरकारी संस्थाका घरहरुको क्षति हुनुको साथै विभिन्न किसिमका पानी जन्य तथा सरुवा रोगहरु समेत देखा परेको थियो ।

## २) कार्य योजना

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय | कै. |
|---|---|---|---|---|---|
| १ | • जल तथा मौसम विज्ञान विभागबाट मौसम पूर्व सूचना लिई जिल्ला भित्रका सरोकारवाला एवं पालिकाहरुमा जानकारी दिने ।<br>• बाढी/पहिरो तथा डुवानको जोखिममा रहेका वस्तीहरुको पहिचान गरी पूर्वसूचना दिने र सुरक्षित रहन संचार माध्यममा प्रचार प्रसार गरी सुरक्षित तुल्याउने । | • जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति | • गृह मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• जल तथा मौसम विज्ञान विभाग<br>• जिल्ला सुरक्षा समिति<br>• नेपाल रेडक्रस सोसाइटी<br>• गैह्र सरकारी संघसंस्थाहरु<br>• संचार सेवा प्रदायक संस्थाहरु<br>• आम संचार | मनसुन अवधी भरी र निरन्तर | |
| २ | • बाढी/पहिरो तथा डुवानको जोखिममा रहेका वस्तीहरुको पहिचान गरी पूर्वसूचना दिने र सुरक्षित रहन संचार माध्यममा प्रचार प्रसार गरी सुरक्षित तुल्याउने ।<br>• सुरक्षित स्थानहरुको पहिचान गरि राख्ने र परेको वेलामा पीडितहरुलाई सुरक्षित साथ राख्ने व्यवस्था मिलाउने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>प्रमुख जिल्ला अधिकारी | • गृह मन्त्रालय<br>• रक्षा मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• UNDP/WFP/IFRC<br>• स्थानीय सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• गैह्र सरकारी संघसंस्थाहरु | मनसुन अवधी भरी र निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | • प्रकोप पीडितहरुको खोज तथा उद्धार र तथ्यांक संकलन गरि राहत, आपत्कालिन आश्रय स्थल, पुनर्स्थापन/पुर्ननिर्माण, खाद्य सुरक्षा र पुनर्लाभका गतिविधिहरु आवश्यकता अनुसार संचालन गर्ने । सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।<br>• आवश्यक थप सहयोगको लागि समन्वय गरि सहयोग उपलब्ध गराउने ।<br>• बाढी आएको समयमा नदीनालामा माछा मार्ने, पौडी खेल्ने, काठ/दाउरा संकलन गर्ने जस्ता कार्यलाई निषेध गर्ने । | | • संचार सेवा प्रदायक संस्थाहरु<br>• आम संचार | | |
| ३ | • इक्वीपमेण्टसहितको आवश्यक न्यूनतम सामाग्री सहित खोज तथा उद्धार कार्यमा खटिन तयारी अवस्थामा रहने र आवश्यकता अनुसार परिचालन हुने ।<br>• मनसुनबाट उत्पन्न हुन सक्ने बाढी, पहिरो जस्ता विपद्लाई मध्यनजर गरि आफ्नो कार्यक्षेत्र भित्र पर्ने सम्भावित जोखिममुक्त स्थानहरुको अध्ययन एवं पहिचान गरि सोही अनुसार जनशक्ति | • नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल<br>• सडक डिभिजन कार्यालय<br>• तटवन्धसँग सम्वन्धित निकाय<br>• स्थानीय तह | • गृह मन्त्रालय<br>• रक्षा मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• आन्तरिक मामिला तथा योजना मन्त्रालय<br>• प्रदेश सरकार, भौतिक पूर्वाधार विकास | मनसुन अवधी भरी निरन्तर | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | तथा आवश्यक उद्धार उपकरणहरु तयारी हालतमा राख्ने ।<br>• खोज तथा उद्धारको लागि थप सहयोगको आवश्यक परेको खण्डमा आफ्नो माथिल्लो निकायहरुमा समन्वय गरि थप सहयोग जुटाउन पहल गर्ने ।<br>• आ-आफ्ना आवश्यक Heavy Equipment आवश्यक पर्नासाथ प्रयोगमा ल्याउन मिल्ने र सकिने गरी रणनीतिक स्थानमा राख्ने । | | मन्त्रालय<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• नेपाल रेडक्रस सोसाइटी<br>• निर्माण/यातायात/ढुवानी/संघ/उद्योग वाणिज्य संघ | | |
| ४ | • District Emergency Operation Center (DEOC) र Local Emergency Operation Center लाई Alert Phase मा राख्ने । | • जिल्ला प्रशासन कार्यालय<br>• स्थानीय तह | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• जिल्ला सुरक्षा समिति<br>• आम संचार | मनसुन अवधी भरी निरन्तर | |
| ५ | • खोज, उद्धार तथा राहत सामाग्रीहरुको पूर्व भण्डारण गर्ने ।<br>• खोज, उद्धार तथा राहत सामाग्रीहरु उचित भण्डारणको अनुगमन गर्ने र जिल्ला एवं स्थानीयस्तरमा भण्डारणको व्यवस्था मिलाउने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>प्रमुख जिल्ला अधिकारी | • गृह मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• खाद्य व्यवस्थापन तथा व्यापार कम्पनि लि.<br>• साल्ट ट्रेडिङ्ग कर्पोरेशन<br>• नेशनल ट्रेडिङ्ग कर्पोरेशन<br>• घरेलु तथा साना उद्योग कार्यालय | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • नेपाल रेडक्रस सोसाइटी<br>• उद्योग बाणिज्य संघ<br>• Cluster Co-leads | | |
| ६. | • Disaster Preparedness & Response Plan (DPRP) तयारी तथा अद्यावधिक गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• अगुवा सहयोगी संस्था (DLSA) | • गृह मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सबै सरोकारवालाहरु | निरन्तर | |
| ७ | • विपद् व्यवस्थापन कोषहरुमा न्यूनतम रकम राख्ने । | • जिल्ला प्रशासन कार्यालय<br>• स्थानीय तह | • गृह मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | निरन्तर | |
| ८ | • मनसुन अगावै आवश्यक तटवन्ध निर्माण गरी बाढीको जोखिम न्यूनिकरण गर्ने ।<br>• वर्षातको समयमा तटवन्ध टुटेमा तत्काल निर्माण गर्ने गरी तयारी अवस्थामा रहने ।<br>• मनसुन अगावै बाटोघाटोहरुको मर्मत सम्भार गरी आवतजावत सुचारु गर्ने र वर्षातको समयमा सडक भत्के/टुटेमा तत्काल आवागमन सहज गर्न तयारी अवस्थामा वस्ने ।<br>• सडक बाटो निर्माण कार्य गर्दा सडक बाटो छेऊमा खनिएको | • स्थानीय तह<br>• सडक डिभिजन कार्यालय<br>• तटवन्धसँग सम्वन्धित निकाय<br>• कमला नदी नियन्त्रण आयोजना<br>• जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय<br>• जलश्रोत तथा सिंचाई विकाश डिभिजन<br>• भू तथा जलाधार व्यवस्थापन कार्यालय<br>• कमला नदी नियन्त्रण आयोजना | • जलश्रोत तथा सिंचाई विभाग<br>• भौतिक पूर्वाधार मन्त्रालय<br>• प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• प्रदेश सरकार, भू तथा जलाधार व्यवस्थान कार्यालय | निरन्तर | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | खाल्डो अनिवार्य रुपमा पुर्ण लगाउने ।<br>• विद्यालय, सार्वजनिक तथा नीजि पोखरीहरुबाट हुन सक्ने सम्भावित जोखिम हुन नदिने गरि व्यवस्था मिलाउने । | • कमला सिचाई डिभिजन<br>• हुलाकी राजमार्ग निर्देशनालय | | | |
| ९ | • स्थानीय स्वयम् सेवक समूह गठन र परिचालन गर्ने ।<br>• स्थानीयस्तरमा विपद् व्यवस्थापन, प्राथमिक उपचार सम्बन्धि कम्तिमा २५/२५ जनाको दरले दक्ष जनशक्तिहरु तयारी गर्ने र आवश्यकता अनुसार परिचालन गर्ने । | • स्थानीय तह | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• नेपाल रेडक्रस सोसाइटी<br>• NGOs, Federation<br>• राजनैतिक दल<br>• गैह्र सरकारी संघसंस्थाहरु | निरन्तर | |
| १० | • महामारी फैलन नदिन र स्वास्थ्य सेवा प्रवाह गर्न सतर्कता अपनाउदै जनशक्ति, औषधी/औजारको पूर्व भण्डारण लगायत आवश्यक तयारी अवस्थामा रहने ।<br>• एम्बुलेन्सहरु तयारी अवस्थामा राख्ने र परिचालनको व्यवस्थापन गर्ने ।<br>• शर्पदंश उपचारको लागि आवश्यक औषधीको भण्डारण लगायत आवश्यक तयारी अवस्थामा रहने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• जिल्ला सुरक्षा समिति<br>• स्थानीय तह<br>• जिल्ला स्थित स्वास्थ्य कार्यालय<br>• सरकारी/नीजि/समुदायिक/सहकारी अस्पताल तथा स्वास्थ्य संस्था<br>• शर्पदंश उपचार केन्द्रहरु | • गृह मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संवद्ध निकायहरु<br>• प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय<br>• राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला<br>• WHO<br>• नेपाल रेडक्रस सोसाइटी<br>• औषधी व्यवसायी संघ<br>• उद्योग वाणिज्य संघ<br>• अन्य संवद्ध संघसंस्था | निरन्तर | |
| ११ | • विस्थापित समुदायका लागि, | • स्थानीय तह | • खानेपानी तथा सरसफाइ मन्त्रालय | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | खास गरी शिविरमा बस्ने मानिसहरुका लागि सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा सरसफाइ एवं नुहाउने सुविधाहरुमा पहुँचको सुनिश्चितता गर्ने ।<br>• प्रभावित समुदायहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि सेवाहरु(सुरक्षित खानेपानी, शौचालय, सानेटेरी प्याड, साबुन, आदी) उपलब्ध गराउन सुनिश्चितता गर्ने । | • खानेपानी सरसफाइ डिभिजन कार्यालय | • प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय<br>• UNICEF<br>• नेपाल रेडक्रस सोसाइटी<br>• अन्य संवद्ध संघसंस्था | | |
| १२ | • नेपाल रेडक्रस सोसाइटीले राहत सामाग्रीहरुको भण्डारण, जनशक्ति परिचालन सहित तयार गरेको कार्ययोजना समन्वयात्मक रुपले कार्यान्वयन गर्ने । | • नेपाल रेडक्रस सोसाइटी | • गृह मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी केन्द्र/IFRC<br>• UN-HABITAT/UNICEF/LWR<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• जिल्ला सुरक्षा समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• अन्य संवद्ध संघसंस्था | निरन्तर | |
| १३ | • कृषि तथा पशुपालनमा पर्न सक्ने प्रभावहरुको पूर्वानुमान गरि तत्सम्वन्धि सतर्कता अपनाउदै जनशक्ति, औषधी/औजार, दाना, | • स्थानीय तह<br>• कृषि ज्ञान केन्द्र<br>• जिल्ला पशु सेवा विज्ञान केन्द्र | • कृषि तथा पशुपंक्षी मन्त्रालय<br>• प्रदेश सरकार, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>• जिल्ला विपद् व्यवस्थापन समिति | मनसुन अवधी भरी निरन्तर | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | विउविजन, भ्याक्सिन तथा अन्य आवश्यक सामाग्रीहरुको पूर्व भण्डारण लगायत आवश्यकता अनुसार तयारी अवस्थामा रहि परिचालनको व्यवस्था मिलाउने । | | • प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना<br>• वाली संरक्षण प्रयोगशाला<br>• मतस्य विकास केन्द्र<br>• WFP<br>• उद्योग बाणिज्य संघ<br>• औषधी व्यवसाय | | |
| १४ | • विपद्बाट विस्थापितका लागि खाद्यान्न, सरसफाइ र अस्थाई आवास तथा औषधोपचारको प्रवन्ध मिलाउने । | • स्थानीय तह | • गृह मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानुन मन्त्रालय<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• शिक्षा विकास तथा समन्वय इकाई<br>• नेपाल रेडक्रस सोसाइटी<br>• WFP/UNICEF/FAO/IFRC<br>• विकास साझेदार संघसंस्थाहरु | मनसुन अवधी भरी निरन्तर | |
| १५ | • विपद्को समयमा आवश्यक हुने Camp Management को लागि प्राविधिक सहयोग प्रदान गर्ने ।<br>• Design, Camp Layout आदि Emergency Shelter बनाउन प्राविधिक सहयोग गर्ने ।<br>• Shelter Kits को व्यवस्था गर्ने ।<br>• मानवीय आवश्यकताहरु Camp मा व्यवस्था गर्ने । जस्तै : Hospital, School, Security, | • शहरी विकास तथा भवन निर्माण कार्यालय/आयोजना<br>• नेपाल रेडक्रस सोसाइटी<br>प्रमुख जिल्ला अधिकारी | • गृह मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• शहरी विकास मन्त्रालय<br>• प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• International Organization for Migration (IOM)<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• Shelter Cluster | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | Utilities आदि । | | | | |
| १६ | • कामका लागि नगद/खाद्यान्न कार्यक्रम संचालन गर्ने | • स्थानीय तह | • गृह मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानुन मन्त्रालय<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• WFP/FAO<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संघसंस्थाहरु<br>• बैंकिङ्ग क्षेत्र | निरन्तर | |
| १७ | • अत्यावश्यक वस्तुका रुपमा रहेका पेट्रोलियम पदार्थहरु, एल.पि.ग्याँस, नून तथा खाद्य पदार्थको अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने ।<br>• आपत्कालिन व्यवस्थाका सम्वन्धमा नियमित सूचना प्राप्ति श्रोतसाधन र जनशक्ति व्यवस्थापन र भइरहेका कार्यहरुका सम्बन्धमा अन्य सरोकारवाला निकायहरुसँग नियमितरुपमा समन्वय र सहकार्य गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति | • गृह मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• खाद्य व्यवस्थापन तथा व्यापार कम्पनि लि.<br>• साल्ट ट्रेडिङ्ग कर्पोरेशन<br>• नेशनल ट्रेडिङ्ग कर्पोरेशन<br>• घरेलु तथा साना उद्योग कार्यालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• उद्योग वाणिज्य संघ<br>• Cluster Co-leads | निरन्तर | |
| १८ | • बाढीको समयमा र बाढी गए | • स्थानीय तह | • शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | निरन्तर | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | पश्चात् विद्यालयहरु सुचारु गर्न शैक्षिक सामाग्री, वैकल्पिक कक्षा संचालन, विद्यालयहरुको मर्मत सम्भार, विद्यालय सम्मको पहुँच लगायत शिक्षामा पर्न सक्ने प्रभावहरु कम गर्न स्थानीय स्तरमा योजना वनाई कार्यान्वयनमा ल्याउने । | • शिक्षा विकास तथा समन्वय इकाई | • प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय<br>• UNICEF / Save the children<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• Education Cluster सदस्यहरु | | |
| १९ | • विपद्मा पर्दा जहिले महिलाको मर्यादा पहिले भन्ने अभियान अनुसार विपद्को समयमा विशेष हेरचाहको आवश्यकता पर्ने सुत्केरी, गर्भवती, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, महिला तथा किशोरीको लागि आवश्यक सामाग्री तयारी अवस्थामा राख्ने । (Dignity Kit, किशोरी किट, Hygiene Kit & Baby pack, Blanket, IEC Materials)<br>• लैङ्गिक हिंसा रोकथाम, बेचविखन विरुद्ध र मनोसमाजिक सेवा, सूचना तथा सञ्चार सम्वन्धी सामाग्री व्यवस्थापन र तत्सम्वन्धि सेवा प्रवाहको सुनिश्चितता गर्ने । | • स्थानीय तह<br>• जिल्ला स्तरीय संरक्षण विशेयगत क्षेत्र समन्वय समिति | • राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय / विभाग<br>• प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• UNFPA, UNICEF, WNHCR रेडक्रस<br>• जिल्लामा कार्यरत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरु | निरन्तर | |
| २० | • चुरे संरक्षणको लागि गर्नु पर्ने | • डिभिजन वन कार्यालय | • वन तथा वातावरण मन्त्रालय | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यहरु तत्काल गर्ने र बाढीको समयमा चुरे संरक्षणको लागि गर्नु पर्ने कार्यहरु गर्न तयारी अवस्थामा रहने । | • भू तथा जलाधार संरक्षण कार्यालय | • प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति | | |
| २१ | • प्रभावित क्षेत्रहरुमा विद्युत सेवा सुचारु राख्न मर्मत सम्भार तथा सेवामा निरन्तरता दिने कार्यहरु गर्न तयारी अवस्थामा रहने । | • नेपाल विद्युत प्राधिकरण | • उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय<br>• प्रदेश स्तरीय संवद्ध मन्त्रालय<br>• स्थानीय तह | | |
| २२ | • प्रभावित क्षेत्रहरुमा संचार सेवा सुचारु राख्न मर्मत सम्भार तथा सेवामा निरन्तरता दिने कार्यहरु गर्न तयारी अवस्थामा रहने । | • नेपाल टेलिकम | • संचार तथा सूचना प्रविधि मन्त्रालय<br>• प्रदेश स्तरीय संवद्ध मन्त्रालय<br>• स्थानीय तह | | |

*पुनश्च : जिल्ला भित्रका सुरक्षा निकायहरु र विपद्सँग सरोकार भएका सरकारी कार्यालय तथा संघसंस्थाहरुले आफ्नो सेवासँग सम्बन्धित विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको साथसाथै मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयनमा ल्याउने ।*

## ३) साझेदारहरुको क्षमता र सहयोगको आंकलन

| क्र.सं. | आवश्यक सामाग्री | आवश्यक संख्या | सहयोगी संस्था संग रहेको | नपुग | अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ . | राफट, मोटोरवोट, रवरवोर्ट | १०(राफट-२, मोटर वोट-२, रवर वोट -६) | रवरबोट ६ थान<br>मोटरबोट ३ थान | १ | | नेपाली सेनामा रवरबोट-३ र मोटरबोट-२<br>सशस्त्र प्रहरी बलमा रवरबोट-२ र मोटरबोट-१<br>नेपाल रेडक्रससमा रवरबोट-१ (सम्पूर्ण सेट सहित) |
| २ | लाइफ ज्याकेट | ५०० | नेपाली सेना-१२५<br>स.प्र.वल-१००<br>नेपाल प्रहरी-७७ | १७८ | | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | रेडक्रस-२० | | | |
| ३ | एम्वुलेन्स | १७ | ६० | | | रेडक्रस ७ तथा अन्य संस्था |
| ४ | डोरी/ क्याराविना | २००० मिटर/५० मिटर | १४ वण्डल | | | सुरक्षा निकाय |
| ५ | स्ट्रेचर | ३० | १४ (रेडक्रस -७, नेपाली सेना-२, नेपाल प्रहरी-६ र सशस्त्र प्रहरी-२) | १३ | | |
| ६ | हुक | १०० | | १०० | | |
| ७ | हेलमेट | २०० | १११ | ८९ | | नेपाली सेना ५६, सशस्त्र प्रहरी २५ र रेडक्रस ३० |
| ८ | ट्रक/जिप/ वनटन | | | | | सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी संस्थाहरु |
| ९ | कोदालो | २५० | ४३ | २०७ | | नेपाल प्रहरी १८, सशस्त्र प्रहरी १५ र रेडक्रस १० |
| १० | रवर टयूव | १०० | २४ | ७६ | | नेपाल प्रहरी १५ र सशस्त्र प्रहरी ९ |
| ११ | गैती | १५० | ११ | १३९ | | नेपाल प्रहरी ११ |
| १२ | सावेल/वेल्चा | ९० | ४८ | ४२ | | नेपाली सेना ३, नेपाल प्रहरी २५ र सशस्त्र प्रहरी २० |
| १३. | तालिम प्राप्त कर्मी | १५०० | ६८९ | ८११ | | १३७ सुरक्षा निकाय ५५२ रेडक्रस |
| १४ | प्राथमिक उपचारक | ५०० | रेडक्रसमा ३५६ जना | १४४ | | रेडक्रसले पुनर ताजगीको तालिमको लागि श्रोत जुटाई पुनर ताजगी तालिम दिने/प्रत्येक स्थानीय तहले कम्तीमा २५ जना प्राथमिक उपचारक तयार गर्नु पर्ने । |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | आकस्मिक वित्तिय कोष | | | | | आवश्यक परेको वेला जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहहरुले आवश्यकता अनुसार परिचालन गर्ने । |
| १६ | हेलिकप्टर | २ | | २ | | आवश्यकता अनुसार सरकारसंग माँग गर्ने । |
| १७ | दमकल (वारुण यन्त्र) | १७ | ४ | १३ | | सिरहा न.पा.-१, मिर्चैया न.पा. -१, लहान न.पा.मा -१ र गोलवजार न.पा.-१ |
| १८ | थ्रो व्याग | २० | १९ | १ | | नेपाली सेना १२, सशस्त्र प्रहरी ७ |
| १९ | तारजाली/ नाइलन जाली | ५००/१०० | | ५००/ १०० | | |
| २० | स्यान्ड व्याग (खाली वोरा) | ५००० थान | | ५००० थान | | |
| २१ | पिकेट/पुल्ली | १००/५० | | १००/५० | | |
| २२ | डोजर/स्काईभेटर | २० | | | | स्थानीय तह,सडक डिभिजन कार्यालय र निर्माण व्यवसायीहरुवाट |
| २३ | टर्च लाइट | ५० | ३ | ४७ | | नेपाली सेना ३ |
| २४ | टेन्ट | ५० | | ५० | | अस्थायी टेन्टको लागि नेपाल रेडक्रसले प्लास्टिक त्रिपाल उपलब्ध गराउने । |
| २५ | मेघाफोन | ५० | ९ | ४१ | | नेपाली सेनामा १, शसस्त्र प्रहरी बलमा ८ |
| २६ | बन्चरो | २० | | २० | | |
| २७ | वाल्टीन | ५० | ३१ | २९ | | नेपाली सेना ४ र नेपाल प्रहरी २७ |
| २८ | पिग | १०० | २४ | ७६ | | नेपाली सेना ३, नेपाल प्रहरी ७ र शस्त्र प्रहरी १४ |
| २९ | Fire Extinguisher | ५० | ९ | ४१ | | नेपाली सेना ३, रेडक्रस ६ |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | OBM Set Complete Set | | २ | | | नेपाली सेना |
| ३१ | रेनकोट/गमबुट/ सेफ्टी ग्लोवस/ सर्च लाइट | ५०० सेट | | ५०० सेट | | नेपाली सेना ३ वटा सर्च लाइट |
| ३२ | गैर खाध सामाग्रीहरुको पूर्ण सेट | १०,००० | ३०० | ९,७०० | | रेडक्रस, नपुग सामाग्री ने.रे.सो.केन्द्रीय कार्यालय र अन्य निकायवाट उपलब्ध हुने |
| ३३ | तयारी खाना तथा शिविरमा वसेकाहरुको लागि खाने वस्ने व्यवस्था | १०,००० | | १०,००० | | नगरपालिका/गाउँपालिका |
| ३४ | आपतकालीन टेन्ट (पलास्टिक त्रिपाल) | ५,००० | ३०० | ४,७०० | | रेडक्रस, नपुग सामाग्री ने.रे.सो.केन्द्रीय कार्यालय र अन्य निकायवाट उपलब्ध हुने |
| ३५ | पुनर स्थापनका लागि सामाग्रीहरु | २,००० परिवार | | २,००० परिवार | | |
| ३६ | खाद्यय सामाग्रीहरु | ५,००० परिवार | | ५,००० परिवार | | |
| ३७. | Hygiene Kit | १५,००० | | १५,००० | | आसमान नेपाल ५०० थान, UNICEF |
| ३८ | Dignity Kit | ५,००० | | ५,००० | | UNFPA/UNICEF |
| ३९ | किशोरी किट | ५,००० | | ५,००० | | UNFPA/UNICEF |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४० | साबुन | ५०,००० | | ५०,००० | | |
| ४१ | पानी सुधिकरण गर्ने औषधी | १५,००० परिवार | | १५,००० परिवार | | |
| ४२ | झुल | ३०,००० | | ३०,००० | | |
| ४३ | टेम्पोररी शौचालय | १००० | | १००० | | |
| ४४ | चापाकल | ७५० | | ७५० | | |

नोट : १) सामुदायिक विपद् व्यवस्थापन समितिहरु, स्थानीय सुरक्षा निकायहरु र पालिकाहरुसँग भएका खोज तथा उद्धारका सामाग्रीहरु उल्लेख गरिएको छैन ।

२) नपुग तथा आवश्यक सामाग्रीहरु उपलब्धताको सुनिश्चितता प्रदेश सरकार, संघीय सरकार र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सहयोगी निकायहरुवाट गर्ने गरी जिल्ला विपद् व्यवस्थापन समिति र Cluster हरुवाट समन्वय गरिनेछ ।

**४) विपद्को सूचना प्राप्त भएपछि उक्त विपद्को प्रभावकारी प्रतिकार्य गर्न तपशिलमा उल्लेखित समयावधि र निकायहरुको नेतृत्वमा देहाय बमोजिमका कार्यहरु गर्नुपर्ने छ ।**

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकाय |
|---|---|---|
| ० देखि २ घण्टाभित्र | • विपद्को जानकारी दिने । | • जल तथा मौसम विज्ञान विभाग<br>• जिल्ला आपत्कालीन सूचना केन्द्र<br>• स्थानीय तह |
| | • विपद् सम्बन्धी प्रतिकार्यको निर्देशन दिने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |
| | • खोज तथा उद्धारका लागि तत्काल निर्देशन दिने र सुरक्षा निकाय परिचालन हुने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• सुरक्षा निकायहरु |
| | • विपद्को यथार्थ सूचना तथा उद्धार प्रयासको जानकारी सार्वजनिक रुपमा प्रवाह गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• आपत्कालीन कार्यसञ्चालन केन्द्रहरु |
| | • विद्युतीय सञ्चारका सबै माध्यममा एकैपटक स्वत: आपत्कालीन सन्देश आउने प्रणाली स्थापना गरी सञ्चालनमा ल्याउने । | • सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण |
| ० देखि १० घण्टाभित्र | • विपद् घटना र प्रभावित क्षेत्रको प्रारम्भिक विवरण तयार गरी सूचना प्रवाह गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |
| १.१ | विपद्‌बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना वाहेक) | न्यूनीकरण भएको हुनेछ। |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | न्यूनीकरण भएको हुनेछ। |
| २ | जिल्ला/गा.पा./न.पा.स्तरमा विपद्‌बाट प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य मात्रामा कम गर्ने। | |
| २.१ | विपद्‌बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरुको वार्षिक औसत संख्या | न्यूनीकरण भएको हुनेछ। |
| २.२ | विपद्‌बाट घाईते हुने व्यक्तिहरुको वार्षिक औसत संख्या | न्यूनीकरण भएको हुनेछ। |
| २.३ | सडक दुर्घटनाबाट घाईते हुने व्यक्तिहरुको वार्षिक औसत संख्या | न्यूनीकरण भएको हुनेछ। |
| २.४ | विपद्‌बाट क्षति हुने घरहरुको बार्षिक औसत संख्या | न्यूनीकरण भएको हुनेछ। |
| ३ | जिल्ला/गा.पा./न.पा.स्तरमा कूल गार्हस्थ्य उत्पादनमा विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति | न्यूनीकरण भएको हुनेछ। |

प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| ४ | स्थानीय तहहरु र सरोकारवालाहरु बीचत अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्न संयन्त्र विकास गर्ने (प्रतिशत) | बृद्धि भएको हुनेछ । |
| ५ | बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि गर्ने । | |
| ५.१ | कूल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र संचालन भएको क्षेत्रफलको प्रतिशत | बृद्धि भएको हुनेछ । |
| ५.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | बृद्धि भएको हुनेछ । |
| ५.३ | विपद् जोखिमयुक्त क्षेत्रहरु पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि लागु भएका स्थानीय तहहरुको प्रतिशत | बृद्धि भएको हुनेछ । |
| ५.४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिमसम्बन्धी सूचना तथा जानकारी एवं आंकलन जनसमुदायलाई उपलब्ध गराउन सक्ने स्थानीय तहहरुको प्रतिशत | बृद्धि भएको हुनेछ । |
| ५.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | बृद्धि भएको हुनेछ । |

## ११. समन्वय तथा व्यवस्थापन :

१ विपद्को समयमा जिल्ला विपद् व्यवस्थापन समितिको वैठक वस्ने अवस्था तत्काल नरहेमा विपद् व्यवस्थापनलाई आगाडी वढाउन प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा कल्स्टर प्रमुखहरुको वैठक वसि जिल्ला विपद् व्यवस्थापन समितिले गर्नु पर्ने कार्यहरु गरिने छ ।

२ स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी र सुरक्षा निकायहरुवाट प्राप्त सूचनाहरुको आधारमा तयार गरिएको प्रतिवेदनहरुलाई प्ररम्भिक प्रतिवेदनको रुपमा लिइने छ ।

३ स्थानीय तहको नेतृत्वमा प्रहरी, रेडक्रस, शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि सहितको टोली खटाइ क्षतिहरुको विस्तृत विवरण संकलन गरिने छ ।

४ उद्धार तथा राहत सामग्रीहरु प्रमुख जिल्ला अधिकारीको समन्वयमा नेपाल रेडक्रस सोसाइटी मार्फत एकद्वार प्रणाली (One Door System)वाट वितरण गरिने छ ।

५ विपद्को समयमा जुनसुकै सरकारी तथा गैर सरकारी (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय) संस्थाहरु जिल्ला विपद् व्यवस्थापन समिति मार्फत एकद्वार प्रणाली (One Door System)बाट परिचालन गरिने छ ।

६ नेपाल सरकारले तोकेको गुण्स्तरियता तथा मापदण्ड अनुसार सेवाहरु उपलब्धताको सुनिश्चितता गरिने छ ।

७ विपद्को समयमा परिचालन हुने जनशक्तिहरु विपद् सम्वन्धी वनाईएका आचार संहितालाई पालना गरे नगरेको एकिन गर्ने जिम्मेवारी सम्वन्धी निकायको हुने छ ।

प्रमुख जिल्ला अधिकारी

८ जिल्ला विपद् व्यवस्थापन समितिवाट प्रत्येक स्थानीय तहलाई विपद् सम्वन्धी छुटै कोष खडा गर्न परिपत्र तथा पहल गरिने छ ।

९ प्रत्येक सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले आ आफनो कार्यालय संग सम्वन्धित विपद्को लागि पूर्व तयारी तथा प्रतिकार्य योजना वनाई पूर्वतयारीका गतिविधिहरु आ आफनो वार्षिक वजेटमा अनिवार्य रुपमा राखी संचालन गरिने छ ।

## १२. अनुगमन, मूल्याङ्कन तथा सिकाई :

खोज, उद्धार, राहत र पूनर्लाभ जस्ता गतिविधिहरुको प्रभावकारी, चुनौती र सिकाईहरु तथा समस्या समाधानका लागि वडा स्तरीय, पालिका स्तरीय र जिल्ला स्तरीय विपद् व्यवस्थापन समितिबाट अनुगमन र मूल्याङ्कन गरि सम्वन्धित निकायहरुमा तल उल्लेख गरिएका नमूना फाराम अनुसार प्रतिवेदन पेश गर्ने गरि अनुगमन, मुल्याङ्कन तथा सिकाईमा प्रभावकारिता ल्याइने छ ।

| सि.नं. | प्राथमिकता प्राप्त पूर्वतयारी तथा प्रतिकार्य कार्य | मुख्य जिम्मेवार निकाय | कार्यान्वयनको अवस्था | असल अभ्यास तथा कमीकमजोरी | सुझाव |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोट : अनुगमन, मुल्याङ्कन तथा सिकाइलाई अन्य स्थापित प्रचलनका ढाँचामा पनि अभिलेखन गर्न सकिन्छ ।

प्रमुख जिल्ला अधिकारी,

# अनुसूचीहरु

## अनुसूची–१

**जिल्ला विपद् व्यवस्थापन समितिको कार्य शर्त(DDMC Terms of Reference)**

जिल्ला विपद् व्यवस्थापन समिति भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को परिच्छेद ७ को दफा १६ (१) बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित विपद् पीडितहरुलाई तत्काल राहत प्रदान गर्नुका साथै विपद् रोकथाम तथा न्यूनीकरण गर्नका लागि गठन गरिएको जिल्ला स्तरीय प्रमुख अंङ्ग हो । यसको प्रमुख काम समन्वय, साझेदारी र सहकार्यमा जिल्लाको विपद् व्यवस्थापन कार्यको नेतृत्वदायी भुमिका निर्वाह गरि जिल्लाको साधन श्रोत र क्षमताको प्रभावकारी परिचालन गरि जनधनको संरक्षण गर्ने हो । विपद् व्यवस्थापनका लागि जिल्ला तहमा एकद्वार नीति (One Door Policy) को लागि जिम्मेवार संस्था यही समिति रहनेछ ।

**जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

१) परिषद् कार्यकारी समिति तथा प्रदेश समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने ।

२) जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागू गर्ने, गराउने ।

३) जिल्लास्तरमा रहेका आपत्‌कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन गर्ने ।

४) उपलब्ध स्रोतको उच्चतम प्रयोग तथा प्रवाह गरी विपद् प्रभावित क्षेत्रमा खोजी तथा उद्धार गर्ने ।

५) नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार राहत वितरण गर्ने, गराउने तथा जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयलाई सोही अनुसार राहत वितरण गर्न लगाउने ।

६) विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार यातायात तथा मानिसको आवत जावतमा नियन्त्रण गर्ने ।

७) विपद्का कारण सिर्जित फोहोर तथा अन्य अनावश्यक वस्तु हटाउने वा हटाउन लगाउने ।

८) विपद्को समयमा मृत्यु भएका मानिसको शव तथा जनावरको व्यवस्थापन गर्ने, गराउने ।

९) आपत्‌कालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरुको लागि आश्रय गृहको व्यवस्था गर्ने ।

१०) विपद्को समयमा तत्काल परिचालन हुन सक्ने गरी सुरक्षा निकायलाई दुरुस्त राख्न लगाउने ।

११) विपद् प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने ।

१२) विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरुको निर्माण गर्न लगाउने ।

१३) विपद्को अवस्थामा स्थानीयस्तरमा उपलब्ध सरकारी, गैरसरकारी एवं निजी यातायातका साधन, यन्त्र, सरसामान, खाद्य सामान आदि कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने ।

प्र.जि. जिल्ला अधिकारी

१४) विपद्को जोखिममा रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित भवनहरु भत्काउन लगाउने ।

१५) असुरक्षित भवन तथा स्थानमा रहेका विपद् प्रभावित व्यक्तिहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।

१६) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक, विशेषज्ञ तथा परामर्शदातालाई परिचालन गर्ने र सोको सुपरिवेक्षण गर्ने ।

१७) राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट गरिने उद्धार तथा राहत एवं सहयोग आदि क्रियाकलापको समन्वय गर्ने ।

१८) विपद्को समयमा खोज, उद्धार तथा राहत र पुनर्लाभ सम्बन्धी कार्यको लागि स्थानीय तह लगायत सम्बन्धित निकायहरुसँग समन्वय गर्ने ।

१९) विपद्को पश्चात् आउन सक्ने सहायक प्रकोपहरुको न्यूनीकरणका लागि आवश्यक कार्यहरु गर्ने,

२०) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र धोषणा गर्नु पर्ने अवस्था रहेमा नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

२१) विपद् सम्बन्धी सूचना प्रवाह गर्ने ।

२२) उद्धार तथा राहत कार्यक्रमको प्रगति विवरण प्राधिकरणमा पठाउने ।

२३) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

## अनुसूची-२

## जिल्लाको क्षेत्रगत अगुवा संस्थाहरुका कार्य शर्त

**(Terms of Reference of the District Lead Support Agency-DLSA)**

१) **अगुवा संस्था** :

कुनै क्षेत्रमा परेको समस्या समाधानमा समन्वय गर्न प्राविधिक दक्षता र अधिकारप्राप्त व्यक्ति, कार्यालय, निकाय वा संस्था नै जिल्ला क्षेत्रगत वा विषयगत समूहका नेतृत्वदायी संस्था हुन् । उदाहरणका लागि स्वास्थ्य, पानी तथा सरसफाई, शिक्षा, खाद्य सामाग्री व्यवस्था गर्ने निकाय वा त्यसका जिम्मेवारी पदाधिकारी आदि ।

२) **मुख्य साझेदार समावेश** :

क्षेत्र वा विषय अनुरुप मुख्य साझेदारहरुको सहभागिता सुनिश्चित गर्ने र उनीहरुका लागि तोकिएको जिम्मेवारी र कार्यक्रमलाई प्राथमिकता दिने

३) **उचित समन्वय प्रक्रिया स्थापना तथा व्यवस्थापन गर्ने** :

क) सबै साझेदारहरु (सरकारी र गैर सरकारी संस्थाहरु, अन्तर्राष्ट्रिय रेडक्रस सोसाईटी, संयुक्त राष्ट्र संघका निकायहरु) सँग उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्ने र जिल्ला सदरमुकाम भित्रका एवं आवश्यकतानुरुप स्थानीय तह सम्म काम गर्ने विभिन्न समूहलाई समेत समावेश गर्ने ।

ख) विषयगत समूहका साझेदारहरुबाट आवश्यकता र पुरा हुन नसकेका माँगहरुलाई सम्बोधन गर्ने प्रतिवद्धता सुनिश्चित गर्ने । विषयगत समूहभित्र उपयुक्त तवरले

प्रमुख जिल्ला अधिकारी

जिम्मेवारीहरुको स्पष्ट बाँडफाँड गर्ने र सम्पर्क व्यक्ति तोकि तिनको संचार सम्पर्क नियमित रुपमा अद्यावधिक राख्ने ।

ग) प्रकोप रोकथाम वा जोखिम न्यूनीकरण प्रति प्रयाप्त ध्यान दिँदै आकस्मिक प्रतिकार्य प्रभावकारी बनाई यथासक्य चाँडो पुनलार्भ योजना कार्यान्वयन गर्न सकियोस् भनी प्राथमिकता दिने ।

घ) अन्य क्षेत्रगत वा विषयगत समूहहरुसँग प्रभावकारी सम्पर्क र समन्वय व्यवस्था सुनिश्चित गर्ने

ङ) प्राथमिकतापूर्ण क्रियाकलपा, स्रोत-साधन परिचालन र परामर्श जस्ता सबै विषयहरुमा प्रमुख जिल्ला अधिकारी र जिल्ला विपद् व्यवस्थापन समिति एवं अन्य सरोकारवालाहरुसँग नियमित सम्पर्क गरी विषयगत समूहहरुको जिम्मेवारपूर्ण प्रतिनिधित्व गर्ने ।

४) **सहयोग तथा समन्वय :**

सरकारी राष्ट्रिय/स्थानीय प्रशासन, अन्य सरकारी निकायहरु, स्थानीय तह, नागरिक समाज र अन्य सम्बन्धित व्यक्तिहरुसँग स्थानीय स्रोत-साधनको उपलब्धताको आधारमा मानवीय सहयोग सुनिश्चित गर्न आवश्यक समन्वय गर्ने ।

५) **सहभागितामूलक र समुदायमा आधारित पहुँच कायम गर्ने :**

विषयगत आवश्यकता मूल्याँकन, विश्लेषण, योजना, अनुगमन र उत्तरदायित्व लगायतका व्यवस्था सहभागितामूलक र समूदायको पहुँचमा आधारित हुनु पर्ने

६) **आवश्यकता पहिचान र विश्लेषण :**

सम्वन्धित सबै क्षेत्रगत निकायका साझेदारहरु सहभागी भई प्रभावकारी तथा समान विषयगत आवश्यकता मूल्यांकन र विषलेषण सुनिश्चित गर्ने ।

७) **आकस्मिक पूर्वतयारी :**

सम्भावित नयाँ आकस्मिक घटनाहरुबारे प्रयाप्त भैपरी योजना र पूर्वतयारी सुनिश्चित गर्ने ।

८) **योजना तथा रणनीति विकास :**

क) निम्न बुँदाहरुमा विषयगत समूहमा सम्भाव्य कार्यको खाका निर्धारण गरी प्रतिकार्य सुनिश्चि गर्ने :

अ) माँग (Gap) पहिचान गर्ने:

आ) विषयगत प्रतिकार्य योजना विकास/अद्यावधिक गर्ने र यी योजना वा कार्यक्रमहरु समग्र राष्ट्रिय रणनीतिमा पनि प्रतिविम्वित बनाउने कुराको सुनिश्चित गर्ने, जस्तै- साझा मानवीय कार्य योजना (Common Humanitarian Action Plan)

इ) पहिलेका कार्यहरुबाट सिकिएका पाठ अनुरुप अहिलेका योजना तथा कामहरुलाई परिमार्जित गर्दै लैजाने ।

९) **मापदण्डहरुको उपयोग :**

क) विषयगत समूहका सबै सहभागीहरु नीति निर्देशिका, मापदण्ड र प्राविधिक गुणस्तरीयता सम्वन्धमा सुसूचित छन् भन्ने कुराको सुनिश्चित गर्ने तथा उनीहरुले प्रतिकार्यका कामकारवाही सोही अनुसार संचालित हुनेछन् भन्ने पनि सुनिश्चित गर्ने ।

प्रमुख जिल्ला अधिकारी

१०) **अनुगमन र प्रतिवेदन :**

क) विषयगत कार्यसमूहहरुले सञ्चालन गरिरहेका गतिविधि र कार्यान्वयन गरेको योजनाको प्रभाव सम्वन्धमा उपयुक्त र पर्याप्त अनुगमन प्रणाली स्थापित रहेको सुनिश्चित गर्ने ।

ख) प्रभावकारी रुपमा सूचना आदान-प्रदान र प्रतिवेदन संप्रेषण प्रणाली पनि सुनिश्चित गर्ने ।

११) **परामर्श र स्रोत-साधन परिचालन :**

क) स्रोत-साधन आवश्यकता लगायत परामर्श चाहिने मुख्य विषयहरु पहिचान गर्ने र ती पहिचान भएका विषयलाई प्रमुख जिल्ला अधिकारी र जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीलाई जानकारी उपलब्ध गराउने ।

ख) मानवीय सहयोगकर्ताहरुका लागि आवश्यक सहयोग उपलब्ध गराउन दाताहरुसँग अनुरोध गर्ने र विषयगत कार्यमा संलग्नहरुलाई नियमित प्रक्रिया अनुसार स्रोत-साधन उपलब्ध गराउन प्रोत्साहन गर्ने ।

१२) **प्रशिक्षण तथा क्षमता अभिबृद्धि :**

आफ्ना जनशक्तिलाई प्रशिक्षण र सहयोगकर्ताहरुको क्षमता अभिबृद्धिमा प्रोत्साहन/सहयोग गर्ने ।

१३) **सहयोग र सेवा उपलब्ध गराउने अन्तिम साझेदार :**

पूर्व सहमति अनुसार प्रमुख आवश्यकता (तर पहुँच, सुरक्षा र कोष उपलब्धतामा भर पर्ने) पुरा गर्न अन्तिम सहायता उपलब्ध गराउने जिम्मेवारी विषयगत अगुवा संस्थाहरुको हुनेछ । यसमा उनीहरुलाई प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रकोप व्यवस्थापन समितिले सहयोग गर्नेछन् ।

## अनुसूची-३

**स्थानीय विपद् व्यवस्थापन समितिको कार्य शर्त** (LDMC Terms of Reference) :

स्थानीय विपद् व्यवस्थापन समिति भन्नाले विपद् जोखम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को परिच्छेद-७ को १७ बमोजि गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखको अध्यक्षतामा प्रत्येक गाउँपालिका तथा नगरपालिकामा गठन हुने स्थानीय तह स्तरको समिति हो ।

**स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

१) परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

प्रमुख जिल्ला अधिकारी

२) स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने ।

३) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने ।

४) स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने ।

५) भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने ।

६) स्थानीय समुदायलाई विपद् प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदाय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने ।

७) विपद् प्रतिकार्यका लागि आपत्कालिन नमूना अभ्यास गर्ने, गराउने ।

८) विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको व्यवस्था गर्ने ।

९) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने ।

१०) स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने ।

११) स्थानीय स्तरमा आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने ।

१२) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने ।

१३) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने ।

१४) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने ।

१५) कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

१६) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

प्रमुख जिल्ला अधिकारी

# अनुसूची–४

## संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल

## विपद् प्रारम्भिक द्रुत लेखाजोखा फाराम

प्रारम्भिक द्रुत लेखाजोखा (IRA) को मुख्य उद्धेश्य प्रभावित समुदायको जीवन रक्षा र तत्कालीन क्षति तथा आवश्यकताको पहिचान गरि प्रतिकार्यका लागि आवश्यक तथ्याङ्क संकलन एवं विश्लेषण गर्नु हो । यस फाराम अनुसार संकलित सूचनाले विपद्को प्रारम्भिक चरणमा उपयुक्त निर्णय लिने कार्यका लागि आधार तय गर्नुका साथै विस्तृत रुपमा अतिरिक्त लेखाजोखा गर्नुपर्ने आवश्यकतालाई पहिल्याउने छ ।

यस लेखाजोखा फारमको प्रयोग नेपाल प्रहरी, गाउँ तथा नगरपालीका प्रतिनिधि तथा स्थानीय रेडक्रस प्रतिनिधिको संलग्नतामा गरिने छ ।आवश्यकता तथा उपलब्धताको आधारमा सर्वेक्षणका लागि मोवाईल एप्लीकेसनको प्रयोग गर्न सकिने छ ।

यस फाराममा उल्लेख गरिएका केही सूचनाहरु प्रभावित क्षेत्रकोविपद् पूर्वका घटनासँग सम्वन्धित् छन् ।आपत्कालिन अवस्थामाआवश्यक पर्ने महत्वपूर्ण जानकारी प्राप्त गर्न सकिनेछ ।सहजै प्राप्त गर्न सकिने सूचनाहरुका लागि विपद् प्रभावित क्षेत्रका उच्च पदस्थ पदाधिकारीहरुलाई प्रश्न सोध्ने क्रममा धैरै समय न लिनु नै उपयूक्त हुन्छ ।

१. एउटा वडाको लागि एउटा फारम भरिने छ ।

२. लेखाजोखा टोलीबाट विभिन्न सुचनादाताहरुसंगको अन्तरवार्ता तथा प्रभावित क्षेत्रको अवलोकन गरी फाराम भरिने छ ।

३. यदि विवादास्पद सुचनाहरु प्राप्त भएको खण्डमा लेखाजोखा टोलीले उपयुक्त विचारका आधारमा फाराम भर्ने छ ।

४. प्रभावित मानिसहरुको संख्याको अनुमान गर्नुहोस् । यी संख्याहरु उक्त क्षेत्रमा आवश्यकताको मात्रा पहिचान गर्न पहिलो सुचक हुनुका साथै निर्णय गर्न महत्वपुर्ण हुने छन् तर यी संख्यापूर्णरुपले वास्तविक नहुन सक्छन् ।

५. तल दिइएका विकल्पहरु नभएमा अन्य भन्ने कलमको अगाडी

प्रमुख जिल्ला अधिकारी

| १ स्थान र पहुँच सम्वन्धि सूचनाको जानकारी | | | |
|---|---|---|---|
| १.१ प्रदेशको नाम : | १.२ जिल्लाको नाम: | १.३पालिका: | |
| १.४ उपयुक्तमा चिन्ह लगाउने | १.५ वार्ड नम्वर: | १.६ मिति:/ / दिन / महिना / साल | |
| ☐ महानगरपालिका<br>☐ उपमहानगरपालिका<br>☐ नगरपालिका<br>☐ गाउँ पालिका | | | |
| १.७ सूचना संकलन गर्ने व्यक्तिको विवरण : | | | टोलि नेताको नाम: |
| नाम :<br>१<br>२<br>३<br>४<br>५ | पद /संस्था : | सम्पर्क नम्वर : | |
| १.८ प्रभावित क्षेत्रको प्रकार | ☐ शहरी<br>☐ अर्द्ध शहरी<br>☐ ग्रामीण<br>☐ दुर्गम | १.९ विपद् प्रभावित भौगोलिक क्षेत्रको वर्णन: | ☐ हिमाल ☐ पहाड<br>☐ उपत्यका ☐ तराई |
| १.१० प्रभावित वडा सम्मको पहुँचमा प्रभाव | ☐ पहिलाको जस्तै सामान्य<br>☐ कठिन (मुस्किल छ)<br>☐ धेरै कठिन | १.११ प्रभावित वडा सम्म पुग्नेसाधन | ☐ पैदल<br>☐ सामान्य कार<br>☐ गाडी (फोर व्हिल)<br>☐ ट्रक<br>☐ हेलिकप्टर<br>☐ अन्य(उल्लेख गर्ने) |
| १.१२ समान्यतया जिल्ला सदरमुकामवाट प्रभावित क्षेत्र सम्म लाग्ने समय | ☐ १ घण्टा भन्दा कम<br>☐ १ देखि २ घण्टा<br>☐ २ देखि ४ घण्टा<br>☐ ४ देखि ८ घण्टा | १.१३ अहिले जिल्ला सदरमुकामवाट प्रभावित क्षेत्र सम्म लाग्ने समय | ☐ १ घण्टा भन्दा कम<br>☐ १ देखि २ घण्टा<br>☐ २ देखि ४ घण्टा<br>☐ ४ देखि ८ घण्टा |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| | ☐ १ दिन भन्दा बढि<br>☐ अन्य (उल्लेख गर्ने) | | ☐ १ दिन भन्दा बढि<br>☐ अन्य (उल्लेख गर्ने) |
| १.१४ प्रभावितवार्ड भित्रका टोलहरुको पहुंच छ ? | ☐ छ<br>☐ छैन<br>☐ थाहा छैन | १.१५ वार्ड भित्र पहुँच कम भएका मानिसहरुको सहयोगका लागि कुन साधन उपयोगी हुन्छ ? | ☐ कार<br>☐ गाडी (फोर व्हिल)<br>☐ ट्रक<br>☐ हेलिकप्टर<br>☐ अन्य(उल्लेख गर्ने) |

## २. विपद सम्बन्धि विवरण

| | | | |
|---|---|---|---|
| २.१ घटना घटेको मिति | | २.२ घटना घटेको समय | |

| | | | |
|---|---|---|---|
| २.३ विपद्को प्रकार | ☐ बाढी<br>☐ पहिरो<br>☐ आगलागी | ☐ भूकम्प<br>☐ महामारी<br>☐ शित लहर | ☐ अन्य (उल्लेख गर्ने) |

२.४ विपदको परिणामका आधारमा वडा भित्रका मानिसहरुको भनाई

| २.४.१ मृतक | २.४.२ हराएका | २.४.३ घाइते | २.४.४ विस्थापित |
|---|---|---|---|
| ☐ छ<br>☐ छैन<br>☐ थाहा छैन<br>अथवा, | ☐ छ<br>☐ छैन<br>☐ थाहा छैन<br>अथवा, | ☐ छ<br>☐ छैन<br>☐ थाहा छैन<br>अथवा, | ☐ छ<br>☐ छैन<br>☐ थाहा छैन अथवा, |
| करिब कति जनाको मृत्यू भएको होला? | करिब कति जना हराएका होलान ? | करिब कति जना घाईते भएका होलान ? | करिब कति जना विस्थापित भएका होलान ? |

| | |
|---|---|
| २.५ प्रभावित क्षेत्रमा संचारको अवस्था कस्तो छ?(मोबाइल, टेलिफोन) | ☐ ठिक छ ☐ आँसिक ठिक<br>☐ अवरुद्ध |
| २.६ प्रभावित क्षेत्रमा विपद्को कारणले अन्य कुन कुन सेवाहरु अवरुद्ध भएका छन ? चिन्ह लगाउनुहोस । | ☐ विद्युत<br>☐ मुख्य सडक<br>☐ पुलहरु<br>☐ खानेपानीको आपूर्ती<br>☐ बजार पसल |

प्रमुख जिल्ला अधिकारी,

| | |
|---|---|
| | ☐ विमानस्थल<br>☐ स्वास्थ्य सेवा<br>☐ अन्य (उल्लेख गर्ने) |

## ३ प्रभावित व्यक्ति तथा सेवाहरु

| ३.१ प्रभावित क्षेत्रका मुख्य सेवा तथा कार्यालयहरु संचालनको अवस्था कस्तो छ ? | जम्मा | संचालनमा छ | आंसिक क्षति तथा संचालन | पूर्ण क्षति | थाहा छैन |
|---|---|---|---|---|---|
| ३.१.१ विद्यालय | | | | | |
| ३.१.२ क्याम्पस | | | | | |
| ३.१.३ सामुदायिक केन्द्रहरु | | | | | |
| ३.१.४ गा.पा. | | | | | |
| ३.१.५ न.पा. | | | | | |
| ३.१.६ वडा कार्यालय | | | | | |
| ३.१.७ स्वास्थ्य केन्द्र | | | | | |
| ३.१.८ प्रहरी कार्यालय | | | | | |
| ३.१.९ रेडक्रसको कार्यालय | | | | | |
| ३.१.१० पुस्तकालय | | | | | |
| ३.१.११ लैंगिक हिंसा व्यवस्थापनका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र | | | | | |
| ३.१.१२ अन्य (उल्लेख गर्ने) | | | | | |
| ३.२ विपद्का कारणले कुन समुहका मानिसहरु बढि जोखिममा रहेका छन ? | ☐ गर्भवति तथा स्तनपान गराइरहेका महिलाहरु<br>☐ अपाङ्गता भएका व्यक्तिहरु<br>☐ ६० वर्ष भन्दा मथिका पुरुषहरु<br>☐ ६० वर्ष भन्दा मथिका महिलाहरु | | ☐ १२–१७ वर्ष सम्मका केटीहरु<br>☐ ६–११ वर्ष सम्मका केटाहरु<br>☐ ६–११ वर्ष सम्मका केटीहरु<br>☐ २–५ वर्ष सम्मका केटाहरु | | |

प्रमुख जिल्ला अधिकारी

<table>
<tr><td></td><td>१८-६० वर्ष सम्मका पुरुषहरु<br>१८-६० वर्ष सम्मका महिलाहरु<br>१२-१७ वर्ष सम्मका केटाहरु</td><td>२-५ वर्ष सम्मका केटीहरु<br>२ वर्ष मुनिका केटाहरु<br>२ वर्ष मुनिका केटीहरु</td><td></td></tr>
<tr><td>३.३ प्रभावित क्षेत्रमा माथि उल्लेख नभएका समुह जस्तै: घरवार विहिन</td><td colspan="2">जोखिममा रहेका समुहको वारेमा जानकारि भएमा उल्लेख गर्नु होस</td><td></td></tr>
</table>

| ४. खानेपानी, सरसफाई र स्वच्छता | |
|---|---|
| ४.१ पिउने पानीको मुख्य श्रोतको अवस्था कस्तो छ ?यदि क्षति भएको छैन भने ४.३ मा जाने । | पुर्ण क्षतिग्रस्त आंसिक क्षति क्षति भएको छैन |
| ४.२ वैकल्पिक पिउने पानिको श्रोतको व्यवस्था कस्तो छ ? | छ, सुरक्षित श्रोतको रुपमा प्रयोग भएको छ<br>छ, सुरक्षित /असुरक्षित थाहा छैन तर प्रयोग भएको छ<br>वैकल्पिक श्रोतको प्रयोग भएको छैन |
| ४.३ फोहोर मैला व्यवस्थापनको व्यवस्था छ ? | छ<br>छैन |

| ५. अस्थाई आवास र अन्य अनिवार्य गैर-खाद्य सामग्रीहरू | |
|---|---|
| ५.१ के विपद्का कारण आवास सम्वन्धी कुनैसमस्या भएको छ? (यदि छैन वा थाहा छैन भने ६.१ मा जानुहा वासस्थानकोस् ) | छ छैन |
| ५.२ तत्कालको लागि कति घरपरिवारलाई अस्थाई आवासको आवश्यकता छ ? | संख्या उल्लेख गर्ने |
| ५.३ अहिले विस्थापितहरु कहाँ वसेका छन् ? | विद्यालय<br>अन्य सार्वजनिक भवन<br>सडक छेउमा शिविर वनाएर<br>जंगल छेउमा शिविर वनाएर<br>अन्य (उल्लेख गर्ने) |
| ५.४ विस्थापितहरु वस्न सक्ने त्यस्ता ठाउँहरु कहाँ कहाँ छन ? | विद्यालय<br>अन्य सार्वजनिक भवन<br>सडक छेउमा शिविर वनाएर |

प्रमुख जिल्ला अधिकारी

| | |
|---|---|
| | ☐ जंगल छेउमा शिविर वनाएर<br>☐ अन्य (उल्लेख गर्ने) |
| ५.५ कति समयका लागि अस्थायि आवास आवश्यक छ ? | ☐ १ हप्ता<br>☐ २ हप्ता<br>☐ १ महिना<br>☐ ३ महिना भन्दा बढी |
| **६. खाद्यान्न तथा बजार** | |
| | |
| ६.१ के विपद्का कारण प्रभावित क्षेत्रका मानिसहरुले सञ्चित गरेर राखेको खाद्यान्न नष्ट भएको छ ? | ☐ छ ☐ छैन ☐ आंशिक<br>☐ थाहा छैन |
| ६.२ के प्रभावित वडा भित्रको वजार सामान्य रुपमा चलिरहेको छ ? | ☐ पूर्ण संचालन ☐ आंशिक संचालन<br>☐ संचालन छैन ☐ थाहा छैन |
| ६.३ के वजारमा पर्याप्त खाद्यान्न सञ्चित छ ? | ☐ छ ☐ छैन ☐ थाहा छैन |
| ६.४ के वजार सम्म स्थानीय समुदायको सहज पहुँच छ ? | ☐ छ ☐ आंशिक ☐ छैन<br>☐ थाहा छैन |
| **७. स्वास्थ्य तथा पोषण** | |
| ७.१ प्रभावित क्षेत्रमा विपद् पश्चात स्वास्थ्य सम्वन्धी कुनै समस्याहरु उत्पन्न भएका छन् ?<br>(यदि छैन भने ७.३ मा जानुहोस् ।) | ☐ छ ☐ छैन ☐ थाहा छैन |
| ७.२ यदि छ भने कस्ता खालका समस्याहरु देखा परेका छन् ? | ☐ घाइते<br>☐ सरुवा रोग<br>☐ आवश्यक प्रजनन स्वास्थ्य सेवामा समस्या<br>☐ अपर्याप्त औषधि आपुर्ति<br>☐ अपर्याप्त जनशक्ति<br>☐ स्वास्थ्य निगरानि प्रणलिले काम नगरेको<br>☐ अन्य (उल्लेख गर्ने) |

प्रमुख जिल्ला अधिकारी

| | |
|---|---|
| ७.३ प्रभावित क्षेत्रका मानिसहरुको स्वास्थ्य सुविधामा पहुँच कस्तो छ ? | ☐विपद् पूर्व जस्तै दुरुस्त (कुनै परिवर्तन छैन)<br>☐लामो समय लाग्छ /धेरै कठिन<br>☐केहीलाई मात्र स्वास्थ्य सेवाको पहुँच नभएको हो ☐वा सवैलाई<br>☐थाहा छैन |
| **८. संरक्षण** | |
| ८.१ के त्यहाँ वच्चाहरु हराइरहेको वा परिवार संग छुटेको वारेमा जानकारि छ ? | ☐छ ☐छैन |
| ८.२ के त्यहाँ कुनै लैंगिक हिंसा भएकोवारेमा जानकारि छ ? | ☐छ ☐छैन |
| ८.३ ति क्षेत्रका मानिसहरुमा डर तथा चासोका विषयहरु के के छन् ? | ☐वत्तिको अभाव<br>☐गोपनियताको अभाव<br>☐तस्करिको डर<br>☐लैङ्गिकतामा आधारित हिंसा वढ्नु<br>☐अन्य (उल्लेख गर्ने) |
| **९. विपद् पश्चात् विकसितघटनाक्रम** | |
| ९.१ मौसमको वर्तमान अवस्था कस्तो छ ? | ☐मौसम समान्य छ<br>☐भारी वर्षा<br>☐अत्याधिक चिसो<br>☐हावाहुरी<br>☐अत्याधिक गर्मि<br>☐हिमपात<br>☐अन्य (उल्लेख गर्ने) |

**१०. उपलब्ध श्रोत साधन, समस्याको सामना गर्ने रणनीतिहरु र आवश्यक सहयोग**

मुख्य सुचनादाताको सुचना र लेखाजोखा टोलिको अवलोकनका आधारमा उक्त क्षेत्रमा देखिएको थप आवश्यक सहयोग

| क्षेत्र | अतिरिक्त सहयोगको आवश्यकता | उक्त क्षेत्रमा आवश्यक भएको तथा उपलब्ध सहयोग |
|---|---|---|

प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| १०.१ खोज तथा उद्धार | ☐छ ☐छैन | |
| १०.२ आकस्मिक प्राथमिक उपचार | ☐छ ☐छैन | |
| १०.३ खानेपानि, सरसफाई तथा स्वच्छता प्रवर्द्धन | ☐छ ☐छैन | |
| १०.४ आवास तथा गैर खाद्य सामग्रीहरु | ☐छ ☐छैन | |
| १०.५ संरक्षण | ☐छ ☐छैन | |
| १०.६ खाद्यान्न | ☐छ ☐छैन | |
| १०.७ शिक्षा | ☐छ ☐छैन | |
| १०.८ स्वास्थ्य | ☐छ ☐छैन | |
| १०.९ लेखाजोखा टोलीको लेखाजोखा पश्चात उक्त वार्डमा तत्काल आवश्यक राहत समाग्रीको कसरि वर्णन गर्नु हुन्छ ? | | ☐सहयोगको अति आवश्यकता<br>☐केहि मात्रामा सहयोगको आवश्यकता<br>☐स्थानिय क्षेत्रमा उपलब्ध श्रोतबाट आवश्कता पुर्ति गर्न सकिने |
| १०.१० तत्काल सहयोगका लागि सबैभन्दा उच्च प्राथमिकतामा के परेको छ ? प्राथमिकता निर्धारण गर्दा नम्वरमा उल्लेख गर्नुहोस ।<br>(प्राथमिकताको आधारमा १ देखि ३ सम्म क्रमवद्ध मिलाएर राख्नुहोस्) | | ☐खानेपानी ☐सरसफाई<br>☐आवास ☐ओढ्ने र ओछ्याउने<br>☐स्वास्थ्य ☐खाद्यान्न<br>☐संरक्षण ☐अन्य(उल्लेख गर्ने)<br>☐खोज तथा उद्धार ☐आवश्यकता पुर्ति गर्न सकिने |
| केहि थप टिप्पणि भएमा उल्लेख गर्ने: | | |

**११ सूचनाका स्रोतहरु ( यो प्रतिवेदन तयार गर्न प्रयोग गरिएका तथ्याङ्का स्रोतहरु उल्लेख गर्नुहोस् )**

| म | पु | | म | पु | |
|---|---|---|---|---|---|
| ☐ | ☐ | पालिकाका कर्मचारिहरु | ☐ | ☐ | प्रहरी |
| ☐ | ☐ | वडा प्रमुख | ☐ | ☐ | स्वास्थ्य कार्यकर्ता |
| ☐ | ☐ | वडा सदस्य | ☐ | ☐ | अ/गैसस (कृपया संस्थाको नाम उल्लेख गर्नुहोस् ) |
| ☐ | ☐ | विद्यालयका शिक्षक/प्रधानाध्यापक | ☐ | ☐ | ईन्जिनियर |
| ☐ | ☐ | कृषि तथा पशु विकास अधिकृत | ☐ | ☐ | संयुक्त राष्ट्र संघ (नाम उल्लेख गर्ने) |
| ☐ | ☐ | महिला टोलि नेता | ☐ | ☐ | समुदायका प्रभावित सदस्यहरु (पुरुष) |
| ☐ | ☐ | स्थानिय विपद व्यवस्थापन समिति | ☐ | ☐ | समुदायका प्रभावित सदस्यहरु (महिला) |
| ☐ | ☐ | नेपालरेडक्रस सोसाइटी | ☐ | ☐ | स्थानिय तहका क्षेत्रगत कार्यालयहरु |

प्रमुख जिल्ला अधिकारी

# अनुसूची–५

## विस्तृत सर्वेक्षण (घरधुरी सर्वेक्षण) फाराम

जिल्ला :

गा.पा. /न.पा.: वार्ड न.: टोल :

१) विपद्को प्रकार :.........................२) विपद् परेको मिति :.........................३) समय :.....

४) घरमूलीको नाम :................. पेशा : ......................

५) परिवार सङ्ख्या :........................महिला :...........पुरुष : ...........जम्म :............

**पारिवारिक विवरण :**

| क. सं. | नाम | उमेर | लिङ्ग | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोट : क.कैफियतमा फरक क्षमता भएका, सुत्केरी, बिमारी, दिर्घरोगी छन भने उल्लेखगर्ने ।

ख) हराइरहेकाहरु र परिवारसँग सम्पर्क हुन नसकेकाहरुको विवरण कैफियतमा उल्लेख गर्ने ।

**६) उमेर समूह**

| ५ बर्षसम्म | | ६-१८ बर्षसम्म | | १९-५९ बर्षसम्म | | ६० र ६० बर्षभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| | | | | | | | |

**७) परिवारको प्रकार :**

क) एकल महिला परीवार ☐ ख) बिधुवा ☐

ग) बालक घरमुलि भएको परीवार ☐ ग) अन्य :--------------------

**८) सङ्कटासन्न व्यक्ति :**

| भर्खर जन्मेका बच्चाहरु | | बृद्धहरु | | फरक क्षमता भएकाहरु | | सुत्केरी आमाहरु | दुध खुवाउने आमाहरु | बिमारी वा दीर्घरोगीहरु |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | | |
| | | | | | | | | |



प्रमुख जिल्ला अधिकारी

९) क्षतिको विवरण :

| मानवीय क्षतिको बिवराण | संख्या | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| मृत्यु | | | |
| घाइते | | | |
| हराएका | | | |
| परिवारसँग आफैं सम्पर्क नभएकाहरु | | | |
| जम्मा | | | |

| घर | | | | |
|---|---|---|---|---|
| क्षतिको विवरण | | | क्षतिको विवरण (मूल्यमा) | कैफियत |
| पूर्ण क्षति/प्रयोग गर्न नसकिने | मर्मत पश्चात प्रयोग गर्न सकिने | घरायसी सामग्री मात्र नस्ट भएको | | |
| | | | | |

| जीविकोपार्जनको क्षेत्रहरु | जीविकोपार्जनका स्रोतहरु | | क्षतिको विवरण | क्षतिको विवरण (मुल्यमा) |
|---|---|---|---|---|
| | स्रोतहरु | मात्रा/एकाइ | | |
| कृषि | जमिन/जग्गा | | | |
| | बिउ/बिजन | | | |
| | औजारहरु | | | |
| | | | | |
| पशुधन | गाइ/भैसी | | | |
| | कुखुरा | | | |
| | | | | |
| अन्न | धान | | | |
| | मकै | | | |
| | कोदो | | | |
| | चामल | | | |
| ब्यापार ब्यवसाय | पसल | | | |
| | | | | |
| अन्य | | | | |
| | | | | |

प्रमुख जिल्ला अधिकारी

| खानेपानी तथा सरसफाई | क्षतिको विवरण | क्षतिको विवरण (मूल्यमा) | कैफियत |
|---|---|---|---|
| धारा | | | |
| कुवां | | | |
| हाते पम्प | | | |
| चर्पि | | | |
| अन्य | | | |

१०. यस अघि कुनै निकायबाट सहयोग प्राप्त भएको भए:

| क. सं. | सहयोगको प्रकार | परीमाण | संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | **खाद्यान्न** | | | |
| | • तयारी खान | | | |
| | चमल | | | |
| | दाल | | | |
| | तेल | | | |
| | नुन | | | |
| २ | **गैर-खाद्य सामग्री - आवास) सेटा** | | | |
| | | | | |
| | | | | |
| ३ | **स्वास्थ्य तथा सरसफाई** | | | |
| | | | | |
| | | | | |
| ४ | स्वास्थ्य सेवा | | | |
| | प्राथमिक उपचार | | | |
| | मनोसामाजिक परामर्श | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | संरक्षण | | | |
| | हराएकाको खोजी | | | |
| | पारिवारिक सम्पर्क | | | |
| | संकटासन्न समूहको लागि सहयोग | | | |
| | | | | |
| ६ | नगद सहायता | | | |
| | | | | |
| ७ | अन्य | | | |
| | | | | |

११. आवश्यकता पहिचान :

| क. सं. | आवश्यकताहरु | परीमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१२) तत्कालीन र दीर्घकालिन पूर्नलाभका गतिबिधिहरुका लागि सिफारिस :

| क. सं. | पुर्नलाभका गतिबिधिहरु | गतिबिधिहरुको विवरण | |
|---|---|---|---|
| | | तत्कालिन | दिर्घ |
| १ | जीविकोपार्जनका | | |
| २ | आवास तथा बसोबास | | |
| ३ | खाद्यन तथा आहार व्यवस्था | | |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ५ | संरक्षण | | | |
| | हराएकाको खोजी | | | |
| | पारिवारिक सम्पर्क | | | |
| | संकटासन्न समूहको लागि सहयोग | | | |
| | | | | |
| ६ | नगद सहायता | | | |
| | | | | |
| ७ | अन्य | | | |
| | | | | |

११. आवश्यकता पहिचान :

| क्र. सं. | आवश्यकताहरु | परीमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१२) तत्कालीन र दीर्घकालिन पूर्नलाभका गतिबिधिहरुका लागि सिफारिस :

| क्र. सं. | पुर्नलाभका गतिबिधिहरु | गतिबिधिहरुको विवरण | |
|---|---|---|---|
| | | तत्कालिन | दिर्घ |
| १ | जीविकोपार्जनका | | |
| २ | आवास तथा बसोबास | | |
| ३ | खाद्यन तथा आहार व्यवस्था | | |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ४ | खानेपानि तथा सरसफाई | | |
| ५ | शिक्षा | | |
| ६ | स्वास्थ्य | | |

तयार गर्नेको हस्ताक्षर :

नाम :

पद :

कार्यालयको छाप :

प्रमाणित गर्नेको हस्ताक्षर :

नाम :

पद :

कार्यालयको छाप :

# अनुसूची–६

**सम्भावित प्रकोप र प्रकोप व्यवस्थापन सम्वन्धी अपनाउनु पर्ने विवरण/जानकारी पात्रो**

| महिना | सम्भावित प्रकोपहरु | प्रकोपका पूर्वसंकेतहरु | ध्यान दिनुपर्ने केही कुराहरु | पूर्व तयारीको लागि गर्नुपर्ने कार्यक्रमहरु |
|---|---|---|---|---|
| वैशाख | ➢ आगलागी<br>➢ हुरी वतास<br>➢ असिना<br>➢ खडेरी<br>➢ चटयाङ्ग | ➢ अत्याधिक गर्मी हुनु (३० देखि ४०डिग्रीसम्म),<br>➢ लु (तातो हावा)चल्नु,<br>➢ सुख्खा वातावरण हुनु<br>➢ हुरी वतास चल्नु<br>➢ पानी नपर्नु तथा पानीको स्रोतमा पानीको मात्रा कमी हुनु | ➢ जथाभावी आगो नवाल्ने<br>➢ इन्धनलाई सुरक्षित राख्ने<br>➢ सलाई, लाइटर जस्ता वस्तुको जतन गर्ने र केटाकेटीको पहुचवाट टाढा राख्ने<br>➢ चुरोट, विडीका ठुटा ननिभाई जथाभावी न फाल्ने<br>➢ खर तथा फुसले छाएका घरहरुमा टुकी र आगो वाल्दा सचेत हुनु<br>➢ आगोको काम सकेपछि राम्ररी निभाउने<br>➢ आगो फैल्न सहयोग पुग्ने सुख्खा वस्तु सुरक्षित राख्ने<br>➢ माहामारीवाट वच्न व्यक्तिगत सरसफाई तथा वातावरणीय सरसफाइमा ध्यान दिने | ➢ जनचेतना वृद्धी गर्नु पर्ने<br>➢ पूर्व सूचना प्रणालीको विकास<br>➢ संचारका माध्यमवाट सूचना प्रवाह गर्ने<br>➢ कृत्रिम अभ्यास गर्ने<br>➢ घर वरिपरि पानीको प्रवन्ध मिलाउने<br>➢ राहत तथा उद्धार सामाग्री र कोपहरु पूर्ववत रुपमा तयार गरि राख्ने<br>➢ उचित स्थान र ठाँउमा पानीको भण्डारण गर्ने |
| जेष्ठ | ➢ हावा हुरीको प्रकोप/असिना<br>➢ लु चल्नु<br>➢ आगलागी<br>➢ खडेरी<br>➢ चटयाङ्ग<br>➢ महामारी | ➢ आकाशमा वदली हुनु<br>➢ जमीनको सतहमा हेर्दा जलेको जस्तो तिरमिर देखिनु | | |
| आसार | ➢ अतिवृष्टि<br>➢ वाढी/पहिरो<br>➢ महामारी | ➢ थोरै समयमा अति पानी पर्नु<br>➢ लामो समयसम्म पानी पर्नु<br>➢ जमिनको चिरा र धाजा फाटनु<br>➢ खोला खोल्सामा अधिक पानी वग्नु<br>➢ खोलाले कटान गर्नु | ➢ खोला खोल्साको प्रवाह सहज वनाउनु<br>➢ पहिरो जान सक्ने क्षेत्रको पहिचान गरि त्यस्ता क्षेत्रवाट घर वस्ती सार्ने<br>➢ राहत तथा उद्धार सामाग्रीको व्यवस्था गरि राख्ने (जस्तै : डोरी, कोदालो, ड्रम आदी) | ➢ वृक्षारोपन गर्ने<br>➢ संकटाभिमुख क्षेत्रको पहिचान गर्ने<br>➢ सुरक्षित पानीको प्रयोग गर्ने<br>➢ खोलाले कटान गर्न सक्ने क्षेत्रमा तटवन्ध निर्माण गर्ने<br>➢ राहत तथा उद्धार सामाग्री र कोपहरु पूर्ववत रुपमा तयार गरेर राख्ने |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | ➢ अचानक कालो बादल लागि अंध्यारो हुनु | | |
| श्रावण | ➢ अतिवृष्टि<br>➢ बाढी/पहिरो<br>➢ महामारी | ➢ मुसलधारे वर्षा हुनु<br>➢ मेघ गर्जनु/विजुली चम्कनु<br>➢ जमिनमा धाँजा फाटनु<br>➢ सानो पहिरो तल तल झर्दा ठुलो हुने<br>➢ झाडा पखालाको लक्षण देखिनु | | |
| भदौं | ➢ अतिवृष्टि<br>➢ बाढी/पहिरो<br>➢ महामारी | ➢ मेघ गर्जनु/विजुली चम्कनु सहित पानी पर्नु<br>➢ जमीनमा धाँजा फाटनु<br>➢ लगातार पानी परिरहनु<br>➢ झाडापखाला लाग्नु<br>➢ जमीन अचानक फुटेर मुल फुटनु<br>➢ नदीको प्रवाह रोकिनु<br>➢ शुरुमा १/२ झाडापखाला ज्वरो तथा टाइफाइडको लक्षण देखिनु | ➢ सरसफाई सम्बन्धी क्रियाकलाप संचालन गर्ने<br>➢ जनचेतना अभिवृद्धि गर्ने<br>➢ वृक्षा रोपन गर्ने<br>➢ सुर्क्षित र स्वस्थकर खाना खुवाउने र खाने<br>➢ घर वरिपरि सरसफाई गर्ने<br>➢ फोहर पानी जमेको खाडल पुर्ने<br>➢ समय समयमा स्वास्थ्य चौकीमा गई सरसल्लाह गर्ने | |
| असोज | ➢ बाढी/पहिरो<br>➢ महामारी | ➢ शुरुमा १/२ झाडापखाला ज्वरो तथा टाइफाइडको लक्षण देखिनु<br>➢ अत्यधिक पानी पर्नु | | ➢ वृक्षारोपन गर्ने<br>➢ संकटाभिमुख क्षेत्रको पहिचान गर्ने<br>➢ सुरक्षित पानीको प्रयोग गर्ने<br>➢ खोलाले कटान गर्न सक्ने क्षेत्रमा तटबन्ध निर्माण गर्ने<br>➢ राहत तथा उद्धार सामाग्री र कोषहरु |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | | | पूर्ववत् रुपमा तयार गरेर राख्ने |
| कार्तिक | ➢ असिनावृष्टि<br>➢ महामारी | ➢ मेघ गर्जनु पानी संगै असिना पर्नु<br>➢ ठुलो सानो असिना पर्न शुरु गर्नु | ➢ जनचेतना अभिवृद्धि गर्ने<br>➢ पूर्व सूचना प्रणालीको विकास तथा अभ्यास गर्ने<br>➢ रोकथाम तथा उद्धार प्रशिक्षण संचालन गर्ने | ➢ संकटाभिमुख क्षेत्रको पहिचान गर्ने<br>➢ सुरक्षित पानीको प्रयोग गर्ने<br>➢ राहत तथा उद्धार सामाग्री र कोषहरु पूर्ववत् रुपमा तयार गरेर राख्ने<br>➢ विधुत लाइन व्यवस्थित गर्ने |
| मंसिर | ➢ शीतलहर<br>➢ आगलागी | ➢ बाक्लो कुहिरो, हुस्सु लाग्नु<br>➢ घामको प्रकाश छेकिनु<br>➢ जाडोको लागि आगो जथाभावी नवाल्नु<br>➢ वातावरण अधिक चिसो हुनु<br>➢ न्यूनतम तापक्रम हुनु | | |
| पौष | ➢ शीतलहर<br>➢ हिमपात हुनु<br>➢ तुषारो पर्नु | ➢ कुहिरोसंग हिउ वर्षनु<br>➢ अग्लो अग्लो डाँडामा हिउं पड्नु<br>➢ घामको प्रकाश पृथ्वीसम्म आउन नसक्नु<br>➢ पानी ज्यादै चिसो हुनु | ➢ चिसो तथा ठण्डीबाट बाक्लो तथा न्यानो कपडा लगाउने<br>➢ काम नपरिकन सकभर चिसोमा ननिस्कने<br>➢ हिमपात हुन थालेपछि घर बाहिर ननिस्कने | ➢ न्यानो कपडा र तातो खानाको प्रवन्ध गर्ने<br>➢ राहत तथा उद्धार सामाग्री र कोषहरु पूर्ववत् रुपमा तयार गरेर राख्न |
| माघ | ➢ शीतलहर<br>➢ हिमपात हुनु<br>➢ तुषारो पर्नु | ➢ कुहिरोसंग हिउ वर्षनु<br>➢ अग्लो अग्लो डाँडामा हिउं पड्नु<br>➢ घामको प्रकाश पृथ्वीसम्म आउन नसक्नु<br>➢ पानी ज्यादै चिसो हुनु | | |
| फाल्गुन | ➢ आगलागी<br>➢ हुरी वतास | ➢ गर्मी मौसम<br>➢ तापक्रम वृद्धी हुनु<br>➢ जमीन जलेको क्रमश | ➢ उचित स्थानमा पानीको भण्डारण गरि राख्ने<br>➢ हुरी वतास चलेको समयमा घरबाट | ➢ जनचेतना वृद्धी गर्नु पर्ने<br>➢ पूर्व सूचना प्रणालीको विकास गर्ने<br>➢ संचारका माध्यमबाट सूचना प्रवाह गर्ने |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | अनुभव गर्नु<br>➢ तातो हावा लु चल्नु<br>➢ हुरी चल्नु | बाहिर ननिस्कने<br>➢ हुरी बतास बन्द नहुँदा सम्म आगो नबाल्ने<br>➢ जन चेतना अभिवृद्धि गर्ने | ➢ चर्को घाममा घर बाहिर नजाने<br>➢ जानै पर्ने भएमा आफनो सुरक्षा गर्ने<br>➢ कृत्रिम अभ्यास गर्ने<br>➢ घरमा किला कांटी ठोकने र फुसको घर भएमा यो मौसम अगाडी नै राम्ररी बाँध्ने<br>➢ राहत तथा उद्धार सामग्रीका कोषहरु पूर्ववत् रुपमा तयार गरेर राख्ने |
| चैत्र | ➢ आगलागी<br>➢ हुरी बतास<br>➢ असिनावृष्टि | ➢ गर्मी मौसम<br>➢ तापक्रम वृद्धी हुनु<br>➢ जमीन जलेको क्रमश अनुभव गर्नु<br>➢ तातो हावा लु चल्नु<br>➢ हुरी चल्नु | | |

**भुकम्प जुन सुकै समयमा जान सक्छ। भुकम्प जानु भन्दा अगाडी :**

- ➢ जमिन भित्र रहेका जीवजन्तु बाहिर निस्कनु
- ➢ जनावर तथा चराहरुबाट अस्वभाविक लक्षण देखाउनु

**भुकम्पको असर कम गर्न के गर्ने :**

- ➢ भुकम्पको जोखिम कम गर्न समयमै जनचेतना जगाउने
- ➢ तालिम तथा प्रशिक्षण संचालन गर्ने
- ➢ समय समयमा कृत्रिम अभ्यास गर्ने
- ➢ घर तथा कोठा भित्र सामाग्रीहरु न हल्लिने गरि (कब्जाले कसेर राख्नु पर्दछ)
- ➢ अत्यावश्यक वस्तु जस्तै : औषधी, प्राथमिक उपचार सामग्री, टर्च लाइट, रेडियो आदी घर परिवारका सबै सदस्यहरुले तुरुन्त भेटने ठाउंमा राख्नु पर्दछ
- ➢ भवन निर्माण संहिता पालन गरेर राम्रोसंग भवनहरु बनाउनु पर्दछ ।
- ➢ भुकम्प गई रहेको बेला के गर्ने भन्ने सम्बन्धमा परिवारका सबै सदस्यहरुलाई समयमै जानकारी र अभ्यास गराउनु पर्दछ ।

प्रमुख जिल्ला अधिकारी

## अनुसूची - ७
## कमलानदीको जलसतह र वर्षा थ्रेसहोल्ड

| | कमला नदीजल सतह (मिटर) तित्रिया जल मापन केन्द्र | समग्र वर्षा (मिलिमिटर) कमला जलाधारमा रहेका वर्षा मापन केन्द्रहरु | | | | |
|---|---|---|---|---|---|---|
| समय | | १ घण्टा | ३घण्टा | ६ घण्टा | १२ घण्टा | २४ घण्टा |
| | | | | | | |
| सतर्कता सतह | | ६० | ८० | १०० | १२० | १४० |
| खतरा सतह | | ६० भन्दा बढी | ८० भन्दा बढी | १०० भन्दा बढी | १२० भन्दा बढी | १४० भन्दा बढी |

## अनुसूची - ८
## आपत्कालीन प्रतिकार्य र उद्धार कार्यविधि

| समयावधि | सञ्चालन गतिविधि | जिम्मेवार नेतृत्वदायी निकाय |
|---|---|---|
| ० देखि २ घण्टाभित्र | • विपद्को जानकारी दिने । | • जल तथा मौसम विज्ञान विभाग<br>• जिल्ला आपत्कालीन सूचना केन्द्र<br>• स्थानीय तह |
| | • विपद् सम्बन्धी प्रतिकार्यको निर्देशन दिने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |
| | • खोज तथा उद्धारका लागि तत्काल निर्देशन दिने र सुरक्षा निकाय परिचालन हुने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• सुरक्षा निकायहरु |
| | • विपद्को यथार्थ सूचना तथा उद्धार प्रयासको जानकारी सार्वजनिक रुपमा प्रवाह गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• आपत्कालीन कार्यसञ्चालन केन्द्रहरु |
| | • विद्युतीय सञ्चारका सबै माध्यममा एकैपटक स्वतः आपत्कालीन सन्देश आउने प्रणाली स्थापना गरी सञ्चालनमा ल्याउने । | • सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>• राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण |
| ० देखि १० घण्टाभित्र | • विपद् घटना र प्रभावित क्षेत्रको प्रारम्भिक विवरण तयार गरी सूचना प्रवाह गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |



प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| | • विपद् व्यवस्थापन समितिको बैठक वस्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |
| | • जनतालाई सचेत गराउन रेडियो, टेलिभिजन, छोटकरी सूचना सेवा का माध्यमबाट तथ्यगत पूर्वचेतावनी, आपत्कालीन चेतावनी, भए गरेका उद्धारका प्रयासहरु तथा सार्वजनिक आव्हान विषयक सूचनाहरु प्रवाह गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• जिल्ला र स्थानीयतहका आपत्कालीन कार्यसञ्चालन केन्द्रहरु |
| ० देखि २४ घण्टाभित्र | • पीडितलाई तत्काल सुरक्षित आश्रयस्थलमा पुऱ्याउन खोज तथा उद्धार समूहलाई परिचालन गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• स्थानीय स्वास्थ्य निकाय/जिल्ला अस्पताल |
| | • पीडित घाइतेहरुका सम्बन्धमा तत्काल घटनास्थलमै उपचारको व्यवस्था मिलाउने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• नेपाली सेना<br>• नेपाल रेडक्रस सोसाइटी<br>• स्थानीय स्वास्थ्य निकाय/जिल्ला अस्पताल |
| | • एम्बुलेन्स सेवा, आपत्कालीन प्राथमिक उपचार र घाइतेका लागि यातायातको व्यवस्था तत्काल मिलाउने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• स्वास्थ्य कार्यालय<br>• सुरक्षा निकाय<br>• नेपाल रेडक्रस सोसाइटी |
| | • सिकिस्त घाइतेलाई तत्काल उपचारका लागि अस्पताल पठाउने र उपचार सुरु गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• खोज तथा उद्धार समूह<br>• अस्पतालहरु |
| | • विपद् प्रभावितको क्षतिको प्रारम्भिक स्वरुपको द्रुत लेखाजोखा गर्ने । | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• नेपाल रेडक्रस सोसाइटी |



प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| | • जिल्ला तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सञ्चार व्यवस्थापन केन्द्रको रुपमा सञ्चालन गर्ने । | • जिल्ला तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| | • सडक आवागमन सम्पर्कको न्यूनतम पुन:स्थापन गर्ने । | • सडक डिभिजन कार्यालय<br>• हुलाकी राजमार्ग निर्देशनालय<br>• सिंचाइ संवद्ध कार्यालय |
| | • पीडितहरुलाई नजिकको आश्रयस्थल तथा क्याम्पहरुमा पठाई भीड व्यवस्थापन गर्ने । | • स्थानी तह<br>• खोज तथा उद्धार समूह<br>• सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी |
| २४ देखि ४८ घण्टाभित्र | • खोज, उद्धार तथा राहत कार्यको प्रभावकारिता कायम राख्न, खोज, उद्धार तथा राहत सामग्रीको संकलन, भण्डारण र वितरण कार्य सञ्चालनका लागि तत्काल क्रियाशील तुल्याउने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी |
| | • खोज, उद्धार तथा राहत सामाग्रीहरुको सम्बन्धमा यातायात तथा ढुवानी सुविधाको प्रबन्ध गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |
| | • विपद् पीडित र प्रभावितका लागि आधारभूत स्वास्थ्य सेवा तथा खाद्य सामाग्री उपलब्ध गराउने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |
| | • राहत सामाग्रीको ढुवानी र विपद् प्रभावितहरुलाई वितरणको कामलाई कार्यान्वयन गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |
| | • अस्पताल, स्वास्थ्य केन्द्र, विपद् प्रभावितको आश्रयस्थल तथा शिविर, विद्यालयजस्ता आधारभूत क्षेत्रमा विद्युत सेवा उपलब्ध गराउने । | • नेपाल विद्युत प्राधिकरण<br>• स्थानीय तह |
| | • प्रभावित क्षेत्रमा अस्थायी अस्पतालको स्थापना गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति/स्थानीय तह<br>• जिल्ला स्थित स्वास्थ्य कार्यालय |

प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| | • अस्पताल, विपद् प्रभावितहरुको आश्रयस्थल तथा शिविर, औषधि वितरण केन्द्र वा औषधालय, विद्यालय र अन्य बसोबास क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन सेवा उपलब्ध गराउने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय |
| | • जैविक, ठोस तथा प्रकोपजन्य फोहोरको उचित प्रबन्ध मिलाउने वा नष्ट गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |
| | • भण्डारण गृहहरु, विपद् प्रभावितको आश्रयस्थल तथा शिविर, व्यक्तिगत आवास, मानवीय सेवा प्रदायक र सम्पत्तिको सुरक्षा तथा कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउने | • जिल्ला प्रशासन कार्यालय<br>• स्थानीय तह<br>• सुरक्षा निकायहरु |
| | • प्रभावित परिवारको दर्ता गर्ने, पीडितको लागि परिचयपत्र उपलब्ध गराउने र तथ्याङ्कको उचित प्रबन्ध र व्यवस्था गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी |
| ४८ देखि ७२ घण्टाभित्र | • क्षतिको प्रारम्भिक लेखाजोखा गरी शीघ्र प्रतिकार्य योजना तयार गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |
| | • मौजुदा अवस्थामा अस्पताल, विद्यालय, स्वास्थ्य सेवा प्रदायकका साथै सडक, पुल र अन्य संरचनाको क्षतिको लेखाजोखा प्रारम्भ गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |
| | • घुऱ्यान तथा थुप्रिएको फोहोरहरु व्यवस्थापन गर्ने । | • स्थानीय विपद् व्यवस्थापन समिति |
| | • मृत पशुहरु संकलन तथा व्यवस्थापन गर्ने । | • स्थानीय विपद् व्यवस्थापन समिति |
| | • विपद् प्रभावितहरुको तत्काल खोज तथा उद्धार गरी आवश्यक खाद्यान्न, आश्रयस्थल, लत्ताकपडा र न्यूनतम मानवोचित सामाग्री र स्वीकृत मापदण्ड बमोजिम राहत रकम उपलब्ध गराउने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |
| ७२ घण्टा देखि ७ दिन | • शव व्यवस्थापन निर्देशिका बमोजिम शवको व्यवस्थापन, आर्थिक सहयोग र मृत्यु प्रमाण-पत्र जारी गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |



प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| भित्र | • प्रभावित स्थानमा आश्रयस्थल तथा शिविर सञ्चालन भएका स्थानहरु, राहत सामाग्री वितरण हुँदा तथा खोज तथा उद्धारका समयमा हुन सक्ने महिला हिंसाका गतिविधिका सम्बन्धमा विशेष निगरानी राख्ने तथा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग र असहाय वर्गका विषयमा विशेष संरक्षणको प्रवन्ध गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति/स्थानीय तह<br>• सुरक्षा निकायहरु |
| | • बहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखा प्रारम्भ गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• नेपाल रेडक्रस सोसाइटी |
| | • विपद् प्रभावितहरुलाई तत्काल आश्रयस्थल तथा शिविरमा वस्नका लागि आवश्यक लत्ताकपडा, खाद्यान्न र गैर-खाद्य सामाग्री वितरण गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• नेपाल रेडक्रस सोसाइटी<br>• उद्योग बाणिज्य संघ |
| ७ दिन देखि २ साता भित्र | • खुल्ला क्षेत्रका रुपमा घोषित वा पहिचान गरिएको स्थानमा आश्रयस्थल तथा शिविरको सञ्चालन गर्ने । | • सहरी विकास तथा भवन विभाग<br>• स्थानीय तह |
| | • आश्रयस्थल तथा शिविरका बालबालिकामा हुन सक्ने कुपोषणको अवस्थालाई मध्यनजर गरी आवश्यक प्रवन्ध मिलाउने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय तह<br>• स्वास्थ्य कार्यालय |
| | • आश्रयस्थल तथा शिविर र खुला क्षेत्रमा खुला दिशापिसाब वा अन्य माध्यमबाट सर्ने सरुवा रोगको नियन्त्रण गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• नेपाल रेडक्रस सोसाइटी |
| | • मानवीय कार्यका लागि भएका प्रतिकार्य तथा उद्धार कार्यको अनुगमन र प्रतिवेदन तयार गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |
| | • विपद् प्रभावित सङ्कटासन्न समूहका लागि स्वच्छ र सुरक्षित वातावरणको व्यवस्था गर्ने । लैङ्गिक हिंसा नियन्त्रण गर्न विशेष ध्यान दिने । | • स्थानीय तह<br>• स्थानीय प्रशासन<br>• सुरक्षा निकायहरु |
| | • मानसिक तनावमा परेका व्यक्तिलाई मनोसामाजिक परामर्श सेवा | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय तह |



प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| | उपलब्ध गराउने र आवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने । | • स्वास्थ्य कार्यालय |
| | • परिवारसँग विछोडिएका बालबालिकालाई परिवारसँग मिलन गराउने र परिवार गुमाएका वा एकल बालबच्चाको उचित स्याहार र लालनपालनको व्यवस्था मिलाउने वा आफन्तलाई बुझाउने । | • जिल्ला प्रशासन कार्यालय<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी |
| २ साता देखि २ महिना भित्र | • विपद् प्रभावितलाई स्वीकृत मापदण्ड बमोजिम लत्ताकपडा, खाद्यान्न र नगद सहयोग उपलब्ध गराउने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• जिल्ला विपद् व्यवस्थापन समितिको एकद्धार प्रणालीमा रहि अन्य निकाय/संघसंस्था |
| | • विद्यालय खुलाउने र विद्यार्थीलाई विद्यालयमा आउने वातावरण तयार गरी पठन पाठनलाई सामान्य अवस्थामा फर्काउने । | • जिल्ला प्रशासन कार्यालय<br>• शिक्षा विकास तथा समन्वय इकाई<br>• स्थानीय तह |
| | • आश्रयस्थल तथा शिविरमा उपचार सेवा सञ्चालन, विद्यालय सञ्चालन, सुरक्षाको प्रवन्ध, अत्यावश्यक उपभोगका वस्तु र सार्वजनिक सेवाहरुको प्रवन्ध गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय तह<br>• शिक्षा विकास तथा समन्वय इकाई<br>• नेपाल रेडक्रस सोसाइटी |
| | • तत्कालीन पुनर्स्थापनाको लागि आवश्यक लेखाजोखा तथा विश्लेषण गरी बसोबास र तत्कालको जीविकोपार्जन जस्ता प्रमुख क्षेत्रको विकासका कार्यलाई अघि वढाउन सिफारिस गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• विषयगत क्षेत्र तथा निकाय |
| | • विपद् प्रभावितको खोज, उद्धार तथा राहत, आश्रयस्थल तथा शिविर सञ्चालन र तत्कालीन पुनर्लाभका क्रियाकलापहरुको विश्लेषण सहितको प्रतिवेदन तयार गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |

*नोट : यस वाहेक विपद्को समयमा गर्नु पर्ने कार्यहरु : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ अनुसार सम्बन्धित निकायहरुले आवश्यकता अनुसार गर्ने छ ।*

प्रमुख जिल्ला अधिकारी

**सन्दर्भ सामग्रीहरु :**


१. नेपालको संविधान

२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४

३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७, पहिलो संशोधन २०७६

४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६७, २०७१, २०७५ र २०७६

५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६

६. नेपाल सरकार गृह मन्त्रालयको परिपत्रहरु/निर्देशनहरु

७. प्रदेश विपद् व्यवस्थापन समितिको परिपत्रहरु/निर्देशनहरु

८. जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय तथा परिपत्रहरु


प्रमुख जिल्ला अधिकारी